CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारम्भिक

पुरातत्त्व विज्ञान

लेखक :
डिल्लीराज शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारम्भिक

पुरातत्त्व विज्ञान

लेखक :

डिल्लीराज शर्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक :

डिल्लीराज प्रदीपनाथ

(सर्वाधिकार लेखकमा सुरक्षित)

२०४६

प्रथम संस्करण

मूल्य :- रु. ३०।-

मुद्रक :

लक्ष्मी प्रिन्टिङ्ग वर्क्स

चक्रपथ, बालाजू, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF-Delhi

श्री नवराज कट्टेल ज्यूलाई सप्रेम

उपहार

२०३६।२।१

समर्पण:

पिता एवं माताज्यू प्रति

— लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुई शब्द

पुरातत्व सम्बन्धी ज्ञानका कुराहरू विज्ञानको उन्नतिसंगै अगाडि बढेको हो। एउटा साधारण भन्दा साधारण वस्तुबाट विगतका मानवको बहु-पक्षीय जानकारी लिन सकिन्छ भन्ने भावनाको विकास भएपछि योजनाबद्ध उत्खनन तथा त्यसको तिथिमिति निकाल्ने वैज्ञानिक पद्धतिको पनि समयानु-रूप विकास हुन थाल्यो। आज आएर पुरातत्व विज्ञान इतिहासको नमेटिने स्रोत बनेको छ। अतः मानवको प्रारम्भिक अवस्था देखि वर्तमान समयसम्म-को जानकारी लिएर मानवको बहुआयामिक इतिहास बनाउन पुरातात्विक ज्ञानको ठूलो महत्त्व रहेको छ।

नेपालमा पुरातत्व सम्बन्धी जानकारी हुन थालेको धेरै भएको छैन। सुरू सुरूतिर इतिहास खालि विभिन्न वंशावलीको कथालाई आधार बनाएर लेखिन्थ्यो। तर पछि यसमा निश्चित प्रमाण हुनुपर्ने आवश्यकता महसुस हुँदै आयो। यस अनुसार ठाउँ ठाउँमा शिलालेखहरू खोजिने कार्य सुरू भयो। उत्खननबाट प्राप्त भग्नावशेष मूर्ति, भाँडाकुँडा आदिको सहयोगले पनि इति-हास लेखन थालियो। यस पछि यी सबै वस्तुहरूबाट तथ्यपूर्ण इतिहास निर्माण गर्ने क्रमको विकास हुन गयो। खास गरेर लुम्बिनी र तिलौराकोटको पुरा-तात्विक उत्खननबाट यस क्षेत्रको ऐतिहासिकताको बारेमा जानकारी दिलाउन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरातात्विक उत्खननलाई पनि पाठ्यक्रममा समावेस गरिन थालिएको हो ।

वास्तवमा पुरातत्व सम्बन्धी विषयगत कुराको ज्ञान हामीकहाँ कमी नै छ । पुरातत्व सम्बन्धमा लेखिएका पुस्तकहरू पनि नगण्य छन् । पुरातत्वको सम्बन्धमा सामान्य जानकारी नभए सम्म हामी त्यसको महत्त्व पनि थाहा पाउन सक्तैनौ । त्यसैले पनि पुरातत्व विषयसँग सम्बन्धित कुराहरू र समष्टिगत कुराहरूलाई समावेस गरेर यो पुस्तक लेखिएको छ । यसमा मानवको उद्भव देखि प्रागैतिहासको अतिरिक्ति त्यसपछिका सभ्यता जस्तो सिन्धु सभ्यताको बारेमा सरलरूपबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो पुस्तक आइ. ए. र बि. ए. मा अध्ययनरत संस्कृति विषयका विद्यार्थी तथा अन्य जिज्ञासुका लागि उपयोगी हुनेछ भन्ने आशा गरेको छु ।

यो पुस्तक तयार गर्ने काममा सहयोग गर्ने सबै सहयोगी प्रति म कृतज्ञ छु । मलाई वेला वेलामा प्रेरणा दिने डा. विष्णु भण्डारी र डा. गणेश गुरुङ ज्यूलाई म धन्यवाद दिन चाहन्छु ।

यस्तै पुस्तक तयार गर्ने काममा आवश्यक सहयोग गर्ने सुनीता शर्मालाई धन्यवाद दिन्छु । पुस्तकको लागि आवश्यक पर्ने थप सहयोग दिएर गुन लगाउने प्रमोद आचार्यलाई पनि धन्यवाद छ । यसै प्रकार पुस्तक प्रकाशन सम्बन्धी आवश्यक सरसल्लाह दिने मित्र प्रदीपनाथ उप्रेतीलाई पनि म धन्यवाद दिन चाहन्छु । पुस्तकमा शुद्धाशुद्धि हेरिदिनु भई सहयोग गर्ने राजेन्द्र मैनालीज्यूलाई पनि धन्यवाद छ । अन्त्यमा आवश्यकीय सरसल्लाह र सुझावको म सदा स्वागत गर्ने छु ।

लेखक

महाशिवरात्री, २०४६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय - सूची

		पृष्ठ
अध्याय १.	पुरातत्वको परिचय र महत्त्व	१
अध्याय २.	पुरातत्वको विकासक्रमको इतिहास	७
अध्याय ३.	पुरातत्वको अन्य शास्त्रहरूसँग सम्बन्ध	१५
	१) पुरातत्व र इतिहासको सम्बन्ध	१५
	२) पुरातत्व र मानवशास्त्रको सम्बन्ध	१७
	३) पुरातत्व र भूगर्भशास्त्रको सम्बन्ध	१९
अध्याय ४.	मानव उद्‌भवको इतिहास	२१
अध्याय ५.	प्रागैतिहास	३५
	(क) प्रस्तर युग	३५
	१) पूर्वपाषाणकाल	३७
	२) मध्यपाषाणकाल	४६
	३) नवपाषाणकाल	५०
	(ख) सभ्यताको प्रादुर्भाव र धातु युगको सुरुवात	५५
अध्याय ६.	आद्य इतिहास – सिन्धुघाटीको सभ्यता	५९
अध्याय ७.	पुरातात्विक उत्खननको महत्त्व	७७
	(क) पुरातत्वमा मुद्राको महत्त्व र पञ्चमार्क सिक्का	७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) पुरातत्वमा माटाका भाँडाको महत्त्व ८१

अध्याय ८. नेपालमा पुरातात्विक अध्ययन र अनुसन्धान ८५

(क) प्रागैतिहासिक प्रस्तर औजारको खोजी ८५

(ख) उत्खनन सम्बन्धी क्रियाकलाप ८८

१) लुम्बिनी र कपिलवस्तु ८८

२) बान्जरही र पैंसिया १०५

३) हाँडीगाउँ र लाजिम्पाट १०६

अध्याय ९. हिन्दू समाजमा लेखनकलाको प्राचीनता १०९

अध्याय १०. हिन्दू समाजमा मूर्ति पूजाको प्राचीनता ११७

अध्याय ११. मुद्राको प्राचीनता १२३

अध्याय १२. हिन्दू वास्तुकलाको उत्पत्ति र विकास १२७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय १

पुरातत्वको परिचय र महत्त्व
(Introduction and Importance of Archaeology)

'पुरातत्व' शब्द 'पुरा' र 'तत्व' दुई शब्द मिली बनेकोछ। 'पुरा' को अर्थ प्राचीन र 'तत्व' को 'वस्तु' वा 'चिज' हुन आउँछ। अंग्रेजीको Archaeology शब्द चाहीं ग्रिकको Archaios र logos मिलेर बनेको हो। Archios को अर्थ 'प्राचीनवस्तु' र logos को 'अध्ययन' वा 'ज्ञान' हुन आउँछ। यसैले पुरातत्व प्राचीन वस्तुहरूको अध्ययन गर्ने शास्त्रको रूपमा परिचित हुन्छ।

पृथ्वीको सतहमा वा गर्भमा रहेका वस्तुहरू पुरातत्वको दृष्टिले महत्त्वपूर्ण छन्। तर यस्ता वस्तुहरू मानव निर्मित हुनुपर्दछ। यसैले पुरातत्वले मानवद्वारा निर्माण गरिएका अथवा प्रयोगमा ल्याएका असंख्य वस्तुहरूको अध्ययन गर्ने काम गर्छ। यस्ता वस्तुहरूमा प्रस्तर औजारदेखि मूर्तिसम्म, स-साना झोपडिदेखि विशाल दरबारसम्म तथा स्मारकदेखि मन्दिरसम्मका मानव निर्मित वस्तुहरू नै पर्दछन्। यस प्रकारका मानव निर्मित वस्तुहरूको अध्ययन गरेर यसको महत्त्वलाई स्थितिबोध गर्ने काम पुरातत्वको हुन्छ। वास्तवमा यी असंख्य वस्तुहरूको अध्ययन गरेर पुरातत्वले तत्कालीन मानवको जीवन शैलीकोबारेमा प्रकाश पार्ने काम गरेको हुन्छ। एउटा सानो घरको खण्डहर मात्रले पनि तत्कालीन वस्तुशैलीको अतिरिक्त मानवको सांस्कृतिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवनको विकासलाई उद्घाटित गराउँछ। यस्तै मानवद्वारा निर्मित असंख्य प्रस्तर औजार, मूर्ति आदिको अवशेषबाट पनि तत्कालीन मानवको सांस्कृतिक क्रियाकलापको बारेमा धेरै कुरा थाहा हुन आउँछ। यसबाट स्पष्ट छ– पुरातात्विक अध्ययनको सामग्रीबाट तात्कालीन मानवको जीवनशैलीको अतिरिक्त उनीहरूको सामाजिक, आर्थिक, धार्मिक आदि महत्त्वपूर्ण पक्षको बारेमा हामीलाई अवगत हुन आउँछ। यसैले मानवको हरपक्षको बारेमा जानकारी पाउन पुरातत्वको महत्त्व रहेको हुन्छ।

पुरातत्वलाई समुच्चरूपबाट हेर्दा २ भागमा विभाजित गर्न सकिन्छ। एउटा इतिहासको थालनी हुनु अगाडिको र अर्को इतिहास सुरू भइसकेपछिको। इतिहासको सुरुवात मानवको लेखन कलाको खोज पछि मात्र हुन्छ। जब मानवले आफ्नो भाषालाई कुनै लिपिको माध्यमबाट अर्काका सामु अभिव्यक्त गर्न सुरू गरे तबदेखि ऐतिहासिक युगको थालनी हुन्छ। तर यस भन्दा अगाडिको अवस्थाको बारेमा थाहा पाउनको लागि तत्कालीन मानवले छाडेर गएका वस्तुहरू नै सहायक सिद्ध हुन्छन्। पुरातत्वले तत्कालीन अवस्थाका मानवद्वारा निर्मित प्रस्तरका उपकरण, गुफाभित्रका चित्र आदिको अध्ययन गरेर तत्कालीन मानवको अवस्थाको बारेमा जानकारी संग्रह गर्ने काम गरेको हुन्छ। यो जानकारी मानव विकासको क्रममा निकै महत्त्वपूर्ण सिद्ध हुन आउँछ। यस्तै प्रकारसंग इतिहासको सुरुवात भइसके पछिको युगको लागि पनि महत्त्वपूर्ण थप सामग्रीहरूबाट तत्कालीन सामाजिक, सांस्कृतिक अवस्थाको बारेमा प्रकाश पार्ने काम पनि पुरातत्वले नै गर्दछ।

पुरातत्वले मानवद्वारा या मानवको लागि निर्मित वस्तुहरूको आधारबाट त्यस व्यक्तिको मानसिक तथा त्यसप्रकारको संस्कृतिलाई अवलम्बन गर्ने मानवको जीवन चरित्रलाई समेत अध्ययन गर्ने काम गर्दछ। यसप्रकारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्ययन पुरातत्वले अप्रत्यक्षबाट गरेको हुन्छ । वास्तवमा पुरातत्वले अध्ययन गर्ने मानवको साहित्य हुँदैन तथा भाषाको ज्ञान उसलाई थाहा हुँदैन । प्राप्त भौतिक वस्तुको आधारबाट मात्र त्यो मानवको साँस्कृतिक क्रियाकलापको अतिरिक्त तत्कालीन वातावरणको लेखाजोखा गर्ने काम पुरातत्वको नै हुन्छ ।

पुरातत्वको संबन्धमा विभिन्न सिद्धान्तहरूले अ-आफ्नो धारणालाई बेग्लाबेग्लै प्रकारले प्रस्तुत गरेको पाइन्छ । पुरातत्वको परिचय दिने क्रममा Grahm clark भन्छन्– 'पुरातत्व भूतकालको पुनः निर्माणको लागि प्राचीन वस्तुहरूको सिलसिलाबद्ध अध्ययन गर्ने शास्त्रको नाम हो ।' यहाँ क्लार्कले विगतका अवस्थाको बारेमा जानकारी लिन पुरातत्वको महत्त्व देखेर नै त्यसको जानकारी लिन सिलसिलाबद्ध अध्ययन गराउने शास्त्रको रूपमा पुरातत्वको परिचय दिए । अर्का विद्वान V. Gordon Childe को अनुसार 'पुरातत्वले मौलिक जगतमा घटित ती सबै परिवर्तनको अध्ययन गर्दछ, जसको कर्ता मनुष्य हुन्छ ।' यसरी चाइल्डले यहाँ मानव पक्षलाई जोड दिँदै मानवको परिवर्तनको अध्ययनको रूपमा पुरातत्वलाई व्याख्या गरेको देखिन्छ । मानव परिवर्तनको रूपमा चाइल्डले मुख्य आर्थिक परिवर्तन र उत्पादनमा परिवर्तनको पक्षलाई मुख्य रूपमा जोड दिएको देखिन्छ । यस्तै पुरातत्वको सम्बन्धमा Daniel भन्छन्– 'पुरातत्व मनुष्यको इतिहासको अध्ययनको त्यो शाखा हो, जो मानवको अतीतको भौतिक अवशेषसँग सम्बन्धित छ ।' यसरी यिनले यहाँ पुरातत्वलाई अतीतको अध्ययन गर्ने शास्त्रको रूपमा उल्लेख गरेको देखिन्छ ।' यस्तै कुरा Encyclopaedia Britinnica मा पनि उल्लेख गरेको पाइन्छ । त्यसमा पुरातत्वलाई 'मानवका विगतका अवशेषको अध्ययन गर्ने शाखा' को रूपमा उल्लेख गरिएकोछ । यसप्रकार पुरातत्वको सम्बन्धमा विभिन्न विद्वानहरूको विभिन्न मत देखिएता पनि पुरातत्व मानव विकासक्रममा अध्ययन गर्ने त्यस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रको नाम हो, जसले मानवले छाडेर गएका भौतिक अवशेषको आधा बाट तिनीहरूको साँस्कृतिक, धार्मिक, आर्थिक अवस्थाको झाँकी प्र गर्दछ ।

मानव सभ्यताको सुरुवातमा मानवले धेरै समयसम्म पाशविक जीवन ब्यतीत गर्नु परेको थियो । गुफाहरू उनीहरूका वासस्थान थिए र जङ्गल जनावरको सिकार तथा कन्दमूल उनीहरूका भरणपोषणका आधार थिए यसैबेला तत्कालीन मानवले सिकारको लागि आफूलाई आवश्यक पर्ने ढुङ्गा का हतियारहरू बनाउन सुरू गरे । सुरूतिर यस्ता प्रकारका हतियार बनाउ ढुङ्गाबाट फुटाउँदा देखापर्ने तिखा तथा धारिला भाग नै थिए । पछि सम को आवश्यकता अनुसार यस्ता औजारहरू पनि मानव विकासको गति परिस्कृत हुन थाले । यसप्रकारको प्रस्तर औजारको उत्कृष्टताबाटै तत्काली मानव विकासको स्वरूपको बारेमा थाहा हुन आउँछ । पुरातत्वले यी संग्र मानव निर्मित औजारहरूको अध्ययन गरेर तत्कालीन अवस्थाको साँस्कृति गतिविधिको जानकारी संग्रह गर्ने गर्दछ । यसै प्रसंगमा गोर्डन चाइल्डको भन सान्दर्भिक देखिन्छ । उनको अनुसार पुरातत्वविद्‌ले हाम्रा तुर्खाहरूका औजा तथा हतियारहरूको संग्रह गरी विश्लेषण गर्नुको साथै तिनीहरूद्वार निर्मि घर, खेती गर्ने भूमि तथा खाने खाद्यान्नको परीक्षण गर्दछन् । वास्तवमा य वस्तुहरू नै त्यसबेलाका आर्थिक अवस्थाका विशेषता थिए ।

यस्तै प्रकारसंग मानवले विभिन्न सभ्यताको आविष्कार गरिसकेपछि ती सभ्यताहरूको बारेमा यथेष्ट जानकारी लिन पुरातत्वले उत्खनन विधिला प्रमुखरूपमा अगाडि सार्ने काम गरेको हुन्छ । उत्खननद्वारा नै विलुप्त मानव सभ्यता र संस्कृतिको प्रकाशमा ल्याउने काम पुरातत्वले नै गर्दछ । उत्खनन बाट प्राप्त वस्तुहरूको संग्रह मात्र हैन, त्यसको समुचित विश्लेषण गरी त्यसको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिहासिकताको क्रम जोड्न पनि पुरातत्वकै दायित्व अन्तरगत पर्दछ। ले मानव सभ्यताको हरेक पक्षको बारेमा थाहा पाउन पुरातत्वको महत्त्व को देखिन्छ। अझ वर्तमान समयमा आएर यसको महत्त्व व्यापक भएकोछ। तिहासलाई तथ्यपूर्ण बनाउन पुरातत्वको सहयोग नितान्त आवश्यक छ। ले कुनै पनि राष्ट्र एवं समाजको सिङ्गो इतिहास कोर्न सर्वप्रथम त्यहाँ तत्वको सहयोग आवश्यक हुन आउँछ।

यस प्रकार पुरातत्वले एकातिर लिखित प्रमाणले भेट्टाउन नसकेको मानव- प्रारम्भिक अवस्थाको बारेमा पथ प्रदर्शन गर्ने काम गर्दछ भने अर्कोतिर नवको बिकासक्रमको अध्ययन गरेर मानवको र मानव रहने समाजको तिहासिकता माथि प्रकाश पार्ने काम गर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय २

पुरातत्वको विकासक्रमको इतिहास
(History of the Development of Archaeology)

'पुरातत्व' शब्दको व्युत्पत्ति हुनु भन्दा अगाडि पुरातात्विक वस्तुहरू प्रति मानवमा रुचि जागिसकेको थियो। विभिन्न आश्चर्यलाग्दा मानव निर्मित वस्तुहरूलाई संग्रह गरेर सौखको रूपमा राख्ने परम्पराको थालनी निकै अगाडि भएको थियो। यी आश्चर्यलाग्दा वस्तुहरूबाट मानवलाई आफ्नो पुर्खाको बारेमा थाहा पाउन जिज्ञासा जाग्नु पनि स्वाभाविकै थियो। जस्तो प्रकारले एउटा बालकले आफ्ना वृद्ध बुबा तथा हजुरबुबाबाट रोचक घटनाको बारेमा सुन्न जिज्ञासा लिएको हुन्छ। यही जिज्ञासा कालान्तरमा आएर पुरातत्व विषयको रूपमा विकास गर्न पुग्यो। यसबाट पुरातात्विक सामग्री-हरूले मानव मष्तिस्कमा उब्जेका अनेकौं जिज्ञासाहरूलाई मूर्तरूप दिने काम गरेको हुन्छ।

पुरातात्विक वस्तुहरूबाट ऐतिहासिक महत्त्व केलाउने र तिनीहरूको अध्ययनबाट तत्कालीन गतिविधिको बारेमा जानकारी लिने परम्पराको प्रारम्भ भएको दुई शताब्दी मात्र भएको छ। यसो भएता पनि पुरातात्विक वस्तुहरूप्रतिको रुचि र चाख राखी त्यसलाई संग्रह गर्ने परम्पराको थालनी देखि नै पुरातत्वको इतिहास कोट्याउनु यहाँ सान्दर्भिक देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईसाको छैठौं शताब्दीमा राज्य गर्ने बेबिलोनका राजा बेल्साजारकी बहिनी बेल्साल्टीले पुराना पुराना सामग्री हरूलाई सङ्कलन गर्ने चाख देखाएकी थिइन् । यसबाट प्राचीन वस्तुहरूप्रतिको रुचि छैटौं शताब्दी ई. पू. अगाडि नै मानवहरूमा आइसकेको देखिन्छ । यस्तै प्रकार ग्रिक इतिहासकार हेरोडोटसले प्राचीन सिथियनहरूको संस्कृति र उनीहरूको जीवनीका बारेमा निकै प्रामाणिक विवरणहरू प्रस्तुत गरेका छन् । हेरोडोटस एक ग्रिक यात्री थिए । यिनले इजिप्टको यात्रा ४५० ई. पू. मा गरेका थिए । यसै युगलाई नै Antiquarian Age (प्राचीन वस्तु सङ्कलन गर्ने युग) भनिन्छ । हेरोडोटस पछि इतिहासको पिताको रूपमा प्रसिद्ध भए ।

यसपछि १५ औं शताब्दीसम्म पुरातत्वले पनि क्रमशः विकास गर्दै गयो । यसै शताब्दीमा युरोपमा नवजागरण आयो । यो नवजागरणले अरू क्षेत्रको साथसाथै कला र साहित्यतिर महत्त्वपूर्ण उपलब्धि हासिल गर्न प्रेरणा दियो । यसबाट पुरातत्वको विकासमा पनि ठूलो योगदान हुन आयो । प्राचीन मानवद्वारा निर्मित वस्तु तथा कलाबाट तत्कालीन मानवपक्षको बारेमा जानकारी हासिल गर्न सकिन्छ भन्ने नवधारणालाई जन्म दिने काम पनि यसपछि देखिन आयो । संभवतः यसैबेला Dilettante (कलाप्रेमी) शब्दको पनि उत्पत्ति भयो ।

१६ औं शताब्दीतिर पुरातत्वको विकासको बारेमा प्रकाश पारिएका कुराहरू पाइन थाल्छन् । ब्रिटेनको प्रागैतिहासको बारेमा Willian Cambin ले सन् १५८६ मा 'Britinnica' नामक ग्रन्थ प्रकाशित गरे । यस ग्रन्थमा पुरातत्वलाई पनि महत्त्व दिइएको थियो । यस्तै प्रागैतिहासिक अध्ययनको क्रममा Tomas Brown (१६०५–१६८२) ले कांस्ययुगीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानवका खोपडीहरू एकत्रित गरेर अध्ययन गर्न थाले। यस प्रकारको अध्ययनले तत्कालीन मानवहरूको शरीर विज्ञानको अध्ययनमा ठूलो महत्त्व राख्यो। करिब करिब यसै समयतिर John Aubrey (१६२६-१६९७) ले प्रस्तरयुगको बारेमा वर्णन गर्न पुगेका देखिन्छन्। यिनी प्रागैतिहासिक वस्तुहरूको रेकर्ड गर्ने प्रथम अंग्रेज हुन्। यिनले पछि 'Monumenta Britinnica' नामक ग्रन्थ पनि प्रकाशित गरे।

सन् १६५५ मा आएर आईज्याक पेय्रेरले प्राचीन मानवद्वारा बनाइएका ढुङ्गालाई प्राचीन मानवका उपकरण भनी घोषणा गरे। तत्कालीन धर्मान्धहरूको लागि यो कुरा ठूलो विरोधीरूपमा रह्यो। तर पनि पुरातत्वको ज्ञान सम्बन्धमा विद्वानहरूको धारणा अझ ससक्त भएर देखापर्न थाल्यो। यसै क्रममा Willian Stukly (१६८७-१७६५) ले तात्कालीन भौगोलिक स्थलको आधारबाट Stone Henge को बारेमा पनि जानकारी दिए।

उत्खनन्को आधारबाट हेर्ने हो भने सन् १७८४ मा T. Jefferson ले भर्जिनियामा गरेको उत्खनन नै प्रथम वैज्ञानिक उत्खनन थियो। जेफर्सन अमेरिकाका राष्ट्रपति पनि भए। यिनले उत्खननमा विद्यनान ढिस्कोको वनावटमा स्तर विन्यासको संकेत दिएका छन्। साथै त्यहाँ प्राप्त अवशेषहरूलाई विभिन्न प्रमाणद्वारा यिनले पुष्टी गर्न खोजेका छन्।

अठारौं तथा उन्नाईसौं शताब्दीका ब्रिटेन तथा यसका उपनिवेशहरूमा 'प्राचीन वस्तु संग्रह गर्ने समाज' (Antiquarian Society) को स्थापना भयो। यस कालका अन्तिम वर्षहरूमा स्कटल्याण्डमा पनि यस प्रकारको संस्था सरकारको अन्तर्गत पर्न गयो। साथै यसै अवधिभित्र ब्रीटीस म्युजियममा प्राचीन र मध्यकालीन वस्तुहरू संग्रह गर्ने छुट्टाछुट्टै विभागको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थापना भयो । यसै सन्दर्भमा तत्कालीन निरीक्षकले यसो भनेका छन्– 'प्राचीन वस्तुहरू संग्रह गर्दै जाँदा एउटा तुलनात्मक अध्ययनको स्वरूप आइसकेको देखिन्छ ।'

इजिप्टमा पुरातत्वको सुरुबात नेपोलियनको इजिप्टको खोजपछि भएको थियो । यिनले आफूसँग त्यहाँ विद्वानहरू ल्याएर पुरातात्विक अवशेष-हरूको संरक्षण गर्ने कार्य गरेका थिए । यसै अनुरूप सन् १८०८ मा 'Description de l' Egypte' को प्रकाशन पनि भयो । यसपछि सन् १८२२ मा Jean Francis Champolian ले प्राचीन इजिप्सियन अक्षरको अध्ययन गरी त्यसको अर्थ निकाल्न समर्थ भए । यसपछि इजिप्टमा पनि पुरातत्वको सम्बन्धमा अध्ययन गर्ने क्रियाकलाप व्यापक हुँदै गयो । मेसोपोटामियामा पनि सन् १८४० मा आएर फ्रेन्च Paul Emile Botta र Korsabad विद्वानहरूले योजनाबद्ध उत्खनन अपनाएको देखिन्छ ।

प्रागैतिहासिक अध्ययनतिर दृष्टि दिने हो भने सन् १८३३ मा Turnel ले सर्वप्रथम प्रागैतिहास (Pre-history) को प्रयोग गरेको देखिन्छ । यसको केही समय पश्चात सन् १८५९ मा चार्ल्स डार्विनको 'On the Origin of Species' नामक ग्रन्थ प्रकाशित भयो । यसबाट मानवको उत्पत्ति स-साना जीवबाट भएको भन्ने कुरा सर्वमान्य हुन गयो । यस्तै १८६५ मा आउँदा प्राचीन मानवका ढुंगे औजारको बनावटको आधार-बाट John Lubbuck ले पूर्वपाषाणकाल र नवपाषाणकाल गरी पाषाण युगलाई दुई श्रेणीमा विभक्त गरिदिए । यसबाट मानवको पूर्खाको संस्कृतिको सम्बन्धमा धेरै कुरा थाहा हुन आयो ।

पुरातात्विक विकास प्रक्रियाको स्वरूपमा क्याप्टन Meadows

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Taylor ले १८५१ मा उत्खनन गरेपछि उत्खननको क्षेत्रमा अर्को नौलो अध्याय थपिन आयो । यिनले आफ्नो उत्खननमा थप कुराहरू लिएर नवीनतम स्वरूप अंगालेको देखिन्छ । अमेरिकन समाचारपत्रले टेलरलाई वैज्ञानिक उत्खनन गरी त्यसको रेकर्ड राख्ने प्रक्रियाको बारेमा प्रकाश पार्ने प्रथम व्यक्तिको रूपमा स्वीकार गरेका छन् । यिनले 'Confession of Thug' नामक पुस्तक पनि प्रकाशित गरेका थिए । यिनले भारतको हैदराबाद क्षेत्रको प्रशासक भई आउँदा विभिन्न क्षेत्रहरूको उत्खनन कार्य पनि गरेका थिए । टेलरले मध्यभारत र दक्षिणी भारतका मेगालिथिक चिहानहरूको उत्खनन गरेका थिए । यिनले आफूले गरेको उत्खननमा विविध स्तर र त्यसको रेकर्ड राख्ने कुरालाई राम्रोसँग उल्लेख गरेका छन् ।

पुरातात्विक उत्खननको क्रममा सन् १८८० मा General Lane Fox ले वेल्सायर र पूर्वी डार्सेट नदीको समीपवर्ती क्षेत्रहरूमा उत्खनन गरे । यसैबाट उनको नाम पछि Ptt Rivers रह्यो । यिनले मानव शास्त्रको नाताले Royal Society मा प्रवेश पाएका थिए । यिनले आफ्नो उत्खननमा नदीको परिस्थितिको जाँच गरी उत्खनन र प्राप्त वस्तुलाई रेकर्ड गर्ने कार्यमा नवीनतम प्रविधि अंगालेका थिए । रिवर्सको योगदानले पुरातत्वलाई आधुनिक मोडतिर उन्मुख गरायो । यिनले रेकर्ड गर्ने महत्त्वपूर्ण प्रविधि Three dimensional recording लाई सर्वप्रथम अपनाएका थिए । यसको साथै यिनले पुरातात्विक उत्खननमा आवश्यक पर्ने कर्मचारीको सङ्गठन र उनीहरूको कार्यको बारेमा पनि उल्लेख गरेका छन् । पुरातात्विक उत्खननको लागि आवश्यक पर्ने फोटोग्राफीको बारेमा त यिनीभन्दा अगावै Alexander Conze ले अपनाएका देखिन्छन् । यसप्रकार यतिबेला सम्म पुरातत्वले एउटा महत्त्वपूर्ण शास्त्रको रूपमा विकास गरेको देखापर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Pittrivers को मृत्युको केही समयपछि अर्थात सन् १९०४ मा Finders Petrie ले इजिप्टमा उत्खनन कार्य गरिरहेका देखिन्छन् । यिनले उत्खननजस्तो ज्ञानमा आफ्नै उद्देश्य र तरिकाहरूद्वारा आफ्नो अनुभवहरू व्यक्त गरेका छन् । यसको साथै यिनले पुरातात्विक उत्खननमा देखापर्ने अनेक समस्याहरूको बारेमा पनि उल्लेख गरेको पाइन्छ । यसप्रकार अरूबाट बाँकी रहेको अध्ययनलाई पेट्रिले पूरा गरेर पुरातात्विक उत्खननलाई व्यावहारिक बनाइदिए ।

यसपछि आएर पुरातात्विक उत्खनन सम्बन्धी धेरै रिपोर्टहरू प्रकाशित हुन थाले । विभिन्न विद्वानहरूले उत्खननलाई धेरै भन्दा धेरै सरल र तथ्यपूर्ण बनाउँन नयाँ नयाँ प्रविधिहरूको अनुसरण गर्न थाले । सन् १९५२ मा प्यालेस्टाइन क्षेत्रमा गरिएको उत्खननको आधारबाट 'टेल अफ अञ्जुल' नामक ग्रन्थ प्रकाशित भयो । यसले पुरातात्विक उत्खननको प्राविधिक ज्ञानको अवस्थालाई इङ्गित गर्दछ । प्यालेस्टाइन क्षेत्रमा एक अर्को स्थलको उत्खनन गर्दा अपनाइएका कुराहरूले पुरातात्विक उत्खननमा महत्त्वपूर्ण स्थान लिएका छन् । यसरी समयसापेक्ष अनुरूप पुरातत्वमा पनि वैज्ञानिक उन्नतिले उत्खनन गर्दा तिथि निर्धारण तथा वस्तु रेकर्डमा नयाँ प्रविधिको विकास हुन गयो ।

सन् १९४५–४८ तिर मोर्टिमर ह्विलरले मोहन जोदडो र हरप्पाको उत्खनन गरी यसमा अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर देखाइदिए । यिनको उत्खनन विधिलाई आजसम्म पनि विद्वानहरूले अनुसरण गर्दै आएका छन् ।

यसप्रकार सामान्य रूपमा प्राचीन वस्तुहरू संग्रह गर्ने आधारबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरू भएको पुरातत्व आज आएर एक महत्त्वपूर्ण विज्ञानको रूपमा विकसित हुन पुगेको छ। एकातिर डार्विनको विकासवादले पुरातत्वलाई प्राचीन मानवका औजार तथा अवशेष खोज्न प्रेरणा मिल्यो भने अर्कोतिर विलुप्त सभ्यताको खोजी गरी तत्कालीन अवस्थाको बारेमा जानकारी संग्रह गर्ने मौका दियो। साथै समयको क्रमसँगै पुरातत्वको सम्बन्ध भूगर्भ विज्ञान, भौतिक विज्ञान, मानवशास्त्रसँग रहन गई यसको क्षेत्र पनि अझ व्यापक हुँदै गयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ३

पुरातत्वको अन्य शास्त्रसंग संबन्ध

१ पुरातत्व र इतिहासको संबन्ध (Relation between Archaeology and History)

पुरातत्वले मानवद्वारा निर्मित भौतिक वस्तुको आधारबाट तत्कालीन मानवको इतिहास बनाउन सक्छ । यस्तै इतिहास मानव जातिको लिखित कहानी हो । मानवजातिको इतिहास लेखनको लागि मानवद्वारा रचना गरिएका वा निर्माण गरिएका वस्तुहरूको आधार लिनु पर्दछ । यस्ता वस्तुहरूमा शिलालेख, मूर्ति, भवन तथा अन्य भाँडाकुँडाहरू नै प्रमुख रूपले आउँछन् । यी वस्तुहरू पुरातत्वको महत्त्वपूर्ण सामग्रीको रूपमा रहेका छन् । यस आधारबाट इतिहासको लागि पुरातत्व महत्त्वपूर्ण स्रोतको रूपमा देखा पर्छ ।

इतिहास र पुरातत्त्वको संबन्ध घनिष्ठ रहेको उनीहरूको समान उद्देश्यबाट पनि थाहापाउन सकिन्छ । यी दुवै विषयले मानवको प्राचीन समयदेखि आधुनिक समयको मानव विकासको विभिन्न अवस्थाको बारेमा अध्ययन गर्ने गरेका हुन्छन् । यसैले यस अध्ययनको मूल वस्तुमा मानव नै केन्द्रित भएको हुन्छ । मानवको अध्ययन र मानव रहने समाजको अध्ययनको लागि पुरातत्वले इतिहासलाई विभिन्न सामग्री जुटाइदिने काम गर्दछ । इतिहासले पनि पुरातत्वलाई थप कुराको बारेमा जानकारी दिई पुरातात्विक वस्तुको महत्त्व माथि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाश पार्ने काम गर्दछ । यसबाट दुवै शास्त्रको बीच निकटतम संबन्ध रहेको देखिन्छ ।

विभिन्न ऐतिहासिक घटनाहरूलाई पुरातात्विक सामग्रीले पुष्टि गर्ने काम गरेका हुन्छन् । यसैले इतिहासको समग्रकालमा पुरातत्वको महत्त्व अनुपम देखिन्छ । पुरातात्विक प्रमाणले पुष्टि नगरेको इतिहास इतिहास नै हुँदैन, त्यो एउटा कपोल कल्पना मात्र हुन जान्छ । यसलाई प्रमाणित गर्ने काम पुरातात्विक वस्तुरूले नै गरेका हुन्छन् । यसैले इतिहासको लागि पुरातत्व महत्त्वपूर्ण वस्तुको रूपमा रहेकोछ ।

इतिहासले लिखित स्रोतको आधारबाट तत्कालीन केही ऐतिहासिक घटनाहरूको रूपरेखा त बनाउन सक्ला तर त्यसवेलाको वास्तविक सामाजिक तथा साँस्कृतिक स्वरूपको इतिहास बनाउन कठिन पर्दछ । यसको लागि इतिहासलाई पुरातत्वको सहयोगको आवश्यकता पर्दछ। पुरातत्वले पनि उत्खननबाट प्राप्त विभिन्न भौतिक अवशेषको आधार लिई त्यसवेलाको सामाजिक, साँस्कृतिक पक्षको बारेमा प्रकाश पारी इतिहासलाई सहयोग गरेर इतिहासको अध्ययनलाई पूर्ण गरिदिन्छ । यसबाट दुवैको संबन्ध घनिष्ठ मात्र नभई अन्योन्याश्रित रहेको देखिन्छ ।

इतिहासको क्षेत्रलाई पुरातत्वले गहन मात्र नवनाई विस्तार गर्ने काम पनि गरेको हुन्छ । इतिहास जबदेखि लिखित स्रोत पाइन थाल्छन्, त्यसपछिको मानवको अवस्थाको बारेमा अध्ययन गर्न समर्थ हुन्छ । तर त्यो भन्दा अगाडिको अवस्थाको बारेमा बताउन इतिहास सक्षम हुँदैन । यसको लागि इतिहासले पुरातत्वको सहयोग लिनु पर्ने हुन्छ । पुरातत्वले इतिहासको थालनी हुनु भन्दा धेरै अगाडिको मानव इतिहासको बारेमा बताउने काम गरेको हुन्छ ।

यस प्रकारको जानकारी मानव अस्थिपंजर, मानवद्वारा निर्मित उप-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रण र गुफाका चित्रहरूको अध्ययनबाट मात्र प्राप्त गर्न संभव हुन्छ । यसैले पुरातत्वले हामीलाई थाहै नभएको मानवको संस्कृतिको बारेमा बताई मानव इतिहासको क्षेत्र लाई अझ व्यापक बनाउने काम गरेको हुन्छ । यस प्रकारको अध्ययन गर्नेलाई 'प्रागैतिहासिक पुरातत्व' भनिन्छ । यसको अतिरिक्त संसारमा विभिन्न सभ्यताहरूको विस्तारको संबन्धमा प्राचीन शहरहरूको उत्खनन गरी मानव विकास क्रमलाई जोड्ने काम पनि पुरातत्वले गरेको हुन्छ । यस प्रकारको जानकारी हामीलाई लिखित स्रोतहरूले बताउन सकेका हुँदैनन् । यसैले इतिहासको लागि पुरातत्व नभई नहुने विषयको रूपमा रहेको देखिन्छ । आजको वैज्ञानिक उन्नतिले गर्दा त पुरातत्वको महत्व व्यापक हुन गएको छ । जुनसुकै ठाउँको इतिहास लेख्न त्यहाँ पुरातात्विक स्रोतहरूको आवश्यकता रहेको हुन्छ । यसबाट पनि स्पष्ट देखिन्छ कि पुरातत्व र इतिहास एउटै शरीरका दुवै अङ्गको रूपमा रहेका छन् ।

२. पुरातत्त्व र मानव शास्त्रको संवन्ध (Relation between Archaeology and Anthropology)

पुरातत्वले प्राप्त अवशेषहरूको समुचित अध्ययनद्वारा तत्कालीन मानवको संस्कृतिको महत्त्वपूर्ण कुरा प्रकाश पार्ने काम गरेको हुन्छ । यस्तै मानव शास्त्रले मानवहरूको शारीरिक सङ्गठनबाट उनीहरूको उत्पत्ति विकास तथा उनीहरूको जीवन चरित्रको बारेमा अध्ययन गर्ने काम गर्दछ । यसैले दुवै शास्त्रहरूको अध्ययन मानवमै आएर केन्द्रित हुन्छ । पुरातत्वले मानव संस्कृतिको अध्ययन गर्नको लागि मानव शास्त्रको सहयोग लीनु अनिवार्य हुन्छ, किनकि मानव शास्त्रले मानवहरूको विकासक्रममा देखापरेको शारीरिक सङ्गठनको परिवर्तन र त्यसको स्वरूपको बारेमा बताई पुरातत्त्वको अध्ययनमा सहयोग पुऱ्याउने काम गर्दछ । यस्तै पुरातत्वले पनि मानवको सांस्कृतिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रियाकलाप उनीहरूको भौतिक अवशेषको आधारबाट अध्ययन गरेर मानव शास्त्रलाई सहयोग प्रदान गरेको हुन्छ । यसबाट दुवै शास्त्रको संबन्ध घनिष्ठ रहेको देखिन्छ ।

विशेष गरेर प्रागैतिहासिक अध्ययनको लागि पुरातत्वलाई मानव शास्त्रको सहयोग अपेक्षित छ । प्रागैतिहासको अध्ययनमा तात्कालीन मानवका अस्थिवशेषका चिन्हहरूले ठूलो महत्त्व राखेको हुन्छ । यस सन्दर्भमा प्राचीन अस्थि अवशेषको अध्ययन गरेर मानवशास्त्रले तात्कालीन मानवको शारीरिक सङ्गठनर स्वरूप निर्धारण गरी त्यसबाट प्राप्त जानकारीले पुरातत्वलाई सहयोग गरेको हुन्छ । मानवशास्त्रीय अध्ययनबाट प्रारम्भिक मानवको शारीरिक सङ्गठन बानर समान रहेको थियो भन्न सकिएको छ । पछि विकास गर्दै जाँदा प्रारम्भिक मानवपूर्खाको घ्राण शक्तिको ठाउँमा उसका हातहरू सक्षम हुँदै गए तथा शरीरको अनुपातमा दुई खुट्टाको भरमा ऊ खडा हुन सक्ने भयो । यो कुरा उनीहरूको शारीरिक रचनाको तुलनात्मक अध्यनबाट मात्र थाहा हुन्छ । मानव शास्त्रले यस प्रकारको अध्ययन गरेर पुरातत्व विज्ञानको अध्ययनमा धेरै तथ्यहरू सङ्कलन गर्दछ । मानव शास्त्रले मानव विकास क्रममा देखिएका शारीरिक विशेषताबाट तत्कालीन मानवको स्वरूप निर्धारण गर्दछ । यो पुरातात्विक अध्ययनमा रहेका ढुङ्गाका औजार तथा गुफाका चित्रहरूको तुलनाबाट सजिलै सङ्ग पुष्टि हुन आउँछ ।

पुरातत्वले पनि आफ्नो उत्खनन प्रविधिद्वारा उत्खनन गरी प्राप्त मानव अस्थिपंजरलाई त्यसको वरिपरि प्राप्त वस्तु तथा कलाकृतिको आधारबाट समयको निरूपण गर्न सकेको हुन्छ । यो कुरो मानव शास्त्रको लागि महत्त्वपूर्ण हुन जान्छ । वर्तमान समयको सन्दर्भमा पनि मानवको साँस्कृतिक झलकले मानव शास्त्रीय विषयमा थप जानकारी दिन सक्दो योगदान गरेको हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस आधारबाट पनि मानवशास्त्र र पुरातत्वको घनिस्ठ संबन्ध रहेको देखिन्छ। वास्तवमा पुरातत्वबिद् हुनको लागि मानव शास्त्रको अध्ययन हुनु पनि नितान्त आवश्यक छ। सुप्रसिद्ध पुरातत्वविद् पिट रिवर्स सुरुमा मानव शास्त्री नै थिए। पछि उनले पुरातत्वलाई पनि आफ्नो विषयको अध्ययनमा समावेस गरेका थिए। यसबाट पनि पुरातत्व र मानव शास्त्रको सम्बन्ध अत्यन्तै निकट रहेको देखिन्छ।

३. पुरातत्व र भूगर्भशास्त्रको संबन्ध (Relation Between Archaeology and Geology)

भूगर्भ शास्त्रले पृथ्वीको बनावट तथा भू-स्तरको अध्ययन गर्दछ। यस पृथ्वीमा मानवको उत्पत्ति र विकासमा विभिन्न भौगर्भिक परिवर्तनहरूले पनि ठूलो महत्व राखेका छन्। पृथ्वीको उत्पत्ति भएको धेरै अवधिसम्म पृथ्वीलाई सेलाउन लाग्यो। क्रमश: पृथ्वीका भागहरू सेलाउदै गएपछि यहाँ जलको विकास भयो र त्यसपछि यहाँ जीवहरूको उत्पत्ति हुन गयो। मानवको उत्पत्ति पनि यस्तै प्रारम्भिक जीवबाटै भएको हो। पृथ्वीमा आएका अनेकौं परिवर्तनले मानव विकासमा ठूलो महत्त्व राखेको छ। मानव विकासको दृष्टिले भूगर्भ शास्त्रीय विभाजनबाट मानवको कुन समयताका कस्तो अवस्था थियो भन्ने कुरो निक्योल गर्न सकिन्छ। पछि पृथ्वीमा हिमपात भयो। यस्ता हिमयुगहरूले मानव विकासमा महत्त्व राखेका छन्। किनभने हिमपातको कारणले पृथ्वीमा रहने प्राणी जगतलाई बाँच्न नयाँ कुराको मौका प्रदान गऱ्यो। यसबाटै मानव प्राणी पनि आफ्नो वातावरण अनुसार रहन सक्षम भयो। यस प्रकार पुरातत्व-जसले प्राचीन मानव र उसको संस्कृतिको अध्ययन गर्दछ, त्यसको अध्ययन-लाई भूगर्भशास्त्रको सहयोगले पनि अरू पूर्ण गरिदिएको हुन्छ।

पुरातात्विक उत्खननमा भूगर्भ शास्त्रको जानकारी लिनु पनि आवश्यक हुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउँछ। पुरातत्वले भू-स्तरको अध्ययनबाट प्राप्त वस्तुलाई अर्कोसङ्ग तुलना गर्ने तथा त्यसको समय निरूपण गर्ने काम गरेको हुन्छ। स्तरीकरणको सिद्धान्त अनुसार तल्लो सतह माथिल्लो सतह भन्दा पुरानो हुन्छ। यसैले त्यहाँ प्राप्त वस्तु पनि त्यति नै पुरानो हुन आउँछ। यस प्रकारको अध्ययनमा पुरातत्वलाई भूगर्भ शास्त्रले पनि सक्दो सहयोग गरेको हुन्छ।

यसको साथै धेरै अगाडिका मानवहरूको पूर्ण शारीरिक स्वरूप हामीलाई प्राप्त हुँदैन, त्यो तत्कालीन स्वरूप अस्मिभूत अवशेष (Fossils form) को रूपमा विभिन्न चट्टानहरूमा रहेको हुन्छ। त्यस अस्मीभूत अवशेषको चिन्हबाट मानवको स्वरूप निरूपण गर्नु पर्दछ। यसको लागि त्यस्ता चट्टानका टुक्राहरूले त्यस अवशेषको शारीरिक स्वरूप तथा त्यसको अनुमानित समय निरूपण गर्न सकेका हुन्छन्। यो कुरा भौगर्भिक अध्ययनबाट मात्र संभव हुन आउँछ। यसैले पुरातत्वले पनि मानवका अवशेषहरूबाट त्यसको सांस्कृतिक रूपरेखा बनाउन सक्षम हुन्छ। यसबाट पुरातत्व र भूगर्भशास्त्र दुवैको संबन्ध निकै घनिष्ठ रहेको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ४

मानव उद्भवको इतिहास (Evolution of Man)

आज भोलि देखा पर्ने यो चराचर जगत अनि यसमा फैलिएर बसोबास गरेका मानव प्राणीको उत्पत्ति कसरी भयो होला ? भन्ने जिज्ञासा जो कुनैको मनमा पनि उठ्न सक्छ । यही प्रश्नको उत्तर खोज्ने क्रममा मानवलाई आफ्नो पुर्खाको बारेमा जानकारी हासील गर्ने अभिप्रेरणा पनि मिल्न गयो । यो आजको विकसित मानवलाई आफ्नो विकसित अवस्थामा आइपुग्न अवश्य पनि लामो समयको आवश्यकता परेको थियो । लामो समयसम्मको संघर्ष पश्चात नै. मानवले धेरै उपलब्धिहरू हासिल गर्दै आएको हो । धेरै समयको जंगली जीवनयापन पछि अर्धसभ्य र त्यसपछि आएर मात्र एउटा सभ्य मानवको स्तरमा आजको मानव प्राणी उभिएको छ । यसैले यस सन्दर्भमा मानवको उद्भवको इतिहास कोट्याउँदा अत्यन्तै रोचक र चाखलाग्दा कुराहरू पनि हाम्रा सामु देखा पर्छन् ।

पृथ्वीमा मानवको उत्पत्ति विकासवादको शिद्धान्तको आधारबाट भएको हो । यस सिद्धान्तका प्रमुख जन्मदाता चार्ल्स डार्बिन हुन् । यिनले सन् १८५९ मा 'On the origin of species' नामक पुस्तक प्रकासन गरेपछि संसारमा एक किसिमको हलचल नै ल्याइदिए । तत्कालीन धार्मिक विश्वासमा रहेका मानिसको लागि उनि विरोधी बने । त्यसवेलासम्म पृथ्वीमा मानवको उत्पत्ति ४००४ ई. पू. तिर भएको विश्वास गरिएको थियो । उक्त विश्वास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इसाई धार्मिक ग्रन्थ old testament को आधार लिएर गरिएको थियो। यसैले डार्बिनको उक्त पुस्तकले तत्कालीन धार्मिक परम्पराको समाजमा ठूलो विरोध खप्नु पर्‍यो । तर डार्बिन आफ्नो सिद्धान्तमा अडिग थिए । उनको सिद्धान्त अनुसार साना जीवहरूबाट क्रमशः विकास हुँदै वानरजस्ता प्राणी र त्यसबाट अलि विकसित नरवानर (Ape) र त्यसपछि मात्र-आधुनिक मानवको उत्पत्ति भएको हो । यसको लागि उनले भ्रुणशास्त्र (Embroylogy), शरीर रचना शास्त्र (Anatomy) र प्राकृतिक छनौट (Natural selection) को आधार लिएका छन् ।

डार्बिनको सिद्धान्तलाई पुष्टि गर्ने प्रमाणहरू दिन परदिन प्राप्त भइनै रहेका छन् । जमिनको सतहमुनि अथवा पहाडका कुनाकाप्चामा र चट्टानका टुक्राहरूमा रहेका ती प्रारम्भिक मानव प्राणीका अस्थिवशेषले तिनिहरू हाम्रा कुनै समय अगाडिका पुर्खा हुने विश्वास दिलाउँछन् । यसबाट विद्वानहरू यो निस्कर्षमा पुगेकाछन् कि मानवसंग धेरै मात्रामा मिल्दाजुल्दा यस्ता प्राणीहरू नै मानव र वानर वीचको विकासक्रमलाई जोड्ने महत्त्वपूर्ण सृंखलाहरू हुन् ।

पृथ्वीको आयुलाई विद्वानहरूले करिब ४ अरब वर्ष अगाडिको निश्चित गरेका छन् । सूर्यको एकटुक्राबाट पृथ्वीको उत्पत्ति भएको थियो । पृथ्वीको उत्पत्ति भएको धेरै समयसम्म त यसलाई सेलाउनै लाग्यो । पृथ्वीमा जीवको सुरुवात भने आज भन्दा करिब १ अरब वर्ष अगाडि मात्र भयो । भूगर्भशास्त्रीहरूले पृथ्वीमा भएका परिवर्तनहरूको आधारबाट यसको समयको क्रमिक विकासलाई विभिन्न भागमा बांडेका छन् । भूगर्भशास्त्रीहरूको विभाजन अनुसार cenozoinc कालमा आउँदा जीवहरूले विकास गर्न सकेका थिए । cenozoic काललाई २ भागमा विभाजित गरिएको छ – Tertiary (तृतीयक) र Quarternary (चतुर्थक) । Tertiary लाई जम्मा ५ भागमा विभाजित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न सकिन्छ । तिनको नाम र त्यसमा जीव तथा मानवको विकास संकेत यहाँ निम्न दिन सकिन्छ –

(१) Paleocene – त्यसवेला आरम्भिक स्तनपायी प्राणीहरूको विकास भएको थियो । यसको समय छ करोड ५० लाख वर्ष अगाडि मानिन्छ ।

(२) Eocene – यसवेला आरम्भिक स्तनपायी प्राणीहरू अझै विकास गर्न पुग्छन् । Primates वर्ग यसै वेला देखा पर्न आए । यसको समय ५ करोड ५० लाख वर्ष अगाडि मानिन्छ ।

(३) Oligocene – यसवेला देखिनै पहिलो बानर र पुच्छर विहीन वानरहरू देखा परे । यसलाई ३ करोड ५० लाख बर्ष अगाडिको मानिन्छ ।

(४) Miocene – यसैवेला मानवको पूर्वस्वरूप Hominid हरू देखापरे । यसको समय २ करोड ५० लाख वर्ष अगाडि मानिन्छ ।

(५) Pliocene – यसवेला मानवहरूको स्वरूप रामापिथेकस प्राणीहरू देखापरे । यसको समय १ करोड वर्ष अगाडि मानिन्छ ।

यस्तै यस पछिको Quarternary समयलाई २ भागमा बाँडिएको छ – तिनमा Palestocene र Holocene आउँछन् । Palestocene युगमा आउँदा आधुनिक मानवहरू देखापरे । यसैवेला पृथ्वीमा ठूलो हिमपात भएको थियो । विद्वानहरूले यस युगलाई ६० लाख वर्ष अगाडिको मानेका छन् । palestocene लाई पनि निम्न (Lower) मध्य (Middle) र उच्च (Upper) गरी ३ भागमा बाँडिएकोछ । यसै समयताका पृथ्वीमा चारपटक सम्म हिमपात भएको हुनाले त्यसलाई ४ हिमयुगका कालहरूमा विभाजन गरिएकोछ । ती हिमयुगलाई निम्न नाम दिइएकोछ

(१) प्रथम हिमयुगलाई (Gunz) भनिन्छ । यसै वेला eolithic

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात निम्न पाषाण औजारहरू देखापरे ।

(२) द्वितीय हिमयुगलाई मिन्डेल (Mindel) भनिन्छ । यसैवेला प्राक् लीयन प्रकारका ढुङ्गे औजारहरू देखापरे ।

(३) तृतीय हिमयुगलाई रिस (Riss) पनि भनिन्छ । यसवेला लेवाला सियन, मुस्तेर प्रकारका ढुङ्गे औजारहरू देखापरे ।

(४) चतुर्थ हिमयुगलाई उर्म (Urm) पनि भनिन्छ । यसवेला पनि पाषाणकालीन विविध संस्कृति विद्यमान थियो ।

प्रत्येक हिमयुगको बीचमा मानव संस्कृतिले विकास गरेको देखिए हुनाले यसलाई स्पष्ट पार्न अन्तरहिमानी युगबाट पनि परिचित गराइएको छ। अन्तर हिमानी युग पनि प्रथम, द्वितीय र तृतीय गरी ३ भागमा विभाजित छ। यस समयतिर पृथ्वीको सतहमा धेरै पटक हिमपात हुन गएको हुनाले पुरा प्राणीहरू मासिँदै गए र त्यसको ठाउँमा नयाँ नयाँ प्राणीहरू त्यहाँ आई बसो बास गर्न थाले । यी मानवहरूको क्रियाकलापमा पनि धेरै परिवर्तनहरू देख पर्न आए । यसैले मानव विकासको लागि हिमयुगको महत्त्वपूर्ण स्थान रहेको छ ।

Palestocene समय पछि Holocene युग आउँछ । यस युग-लाई Post Glacial युग भनेर पनि भनिन्छ । यसैवेला मध्यपाषाण र नव-पाषाण स्तरका औजारहरू देखापर्न आए । यस समयमा वर्तमान समयको जस्तै जलवायु भएको कारणले मानव प्राणीले सांस्कृतिक उन्नति गर्न सकेको थियो ।

पृथ्वीमा प्राणीहरू रहने अनुकूल वातावरण भई सकेपछि आरम्भमा यहाँ एक कोषीय जीव देखा पऱ्यो । यसैबाट क्रमशः जलचर प्राणी र त्यसपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उभयचर प्राणीहरू देखा पर्न आए । यसैबाट विकसित हुँदै कालान्तरमा रूख छुचुन्द्रो र त्यसैबाट मानवसम प्राणी र पछि पूर्ण मानवहरू देखापर्न आए । यस्ता धेरै जीवहरूको विकास हुँदै जाँदा यसैको कुनै शाखाले आजको मानव-सम्म विकसित हुन पुगेको थियो । यस्ता जीवहरूका अस्थिवशेषका भाग, उनीहरूको दाँत वा बंगाराहरू मुख्य गरेर प्राप्त भएकाछन् । यी प्रमाणहरूको आधारबाट हामीहरू तिनीहरूको शारीरिक परिवर्तनसीलताको बारेमा पनि भन्न सक्छौं ।

Primates (प्राइमेट):- मानव विकासको प्रारम्भिक चरणमा प्राइमेटहरू आउँछन् । यस्ता प्राइमेटहरूका अस्मीभूत अवशेषहरू संसारका विभिन्न भाग-मा प्राप्त भएकाछन् । यिनीहरूको शरीरको संगठनात्मक ढाँचाबाट यिनीहरू मानवका कुनै समयका पुर्वज रहेको विश्वास गर्न सकिन्छ । प्राइमेट वर्गहरूको विश्लेषण गरेर प्रकाशमा ल्याउने काम Schiosser (१८८७), Osborn (१९०२) र Wortman (१९०३-४) नामक विद्वानहरूले गरेका थिए । यी प्राइमेरहरूको समय Tertiary युग थियो । तथापि यिनीहरू Paleo-cene युगसम्म पनि रहेका देखिन्छन् । खास गरेर Paleocene युगको मध्यतिर यो प्रजातिको पनि धेरै समूह बन्न गयो । Tertiary कालीन डँडाल्नु युक्त (Vertebrate) जनावरको अवशेष उष्ण कटिबन्धीयक्षेत्रहरूमा प्राप्त भएकाछन् । यसैले यी स्थलहरूमा प्राइमेटहरूको उद्भव भएको विश्वास गर्न सकिन्छ । पछि यिनीहरू विभिन्न भागमा फैलन पुगे । प्राइमेट वर्ग भित्र खास गरेर Lemur, Tarsier र Simidae हरू आउँछन् ।

क. लेमूर (Lemur):- लेमूरहरू eocene युगको सुरुतिरै देखापरे । यिनीहरू युरोप र उत्तरी अमेरिकाको डडाल्नु युक्त जनावरको समूहभित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दछन् । साथै यो लेमूरहरू इजिप्टको Oligocene समयताका र पूर्वी अफ्रिकाको Miocene युगको संग्रहमा प्राप्त भएका छन् । यसप्रकारको जीवको लामो थुतुनो, लामो पुच्छर र अत्यधिक काम गर्ने क्षमता थियो । समाउँनको लागि यसका हात र औंलाहरू निकै मजबुत थिए । यिनीहरूको दुवै आँखा बीचको दुरी निकै बढी थिए । आजकल देखापर्ने फ्याउरोसंग यिनीहरू मिल्दाजुल्दा थिए ।

ख. टार्सियर (Tarsier):- लेमूरहरू पछि अर्का समूह टार्सियरहरू यहाँ देखापरे । टार्सियरहरूको खोपडी र दन्तुरको अध्ययनबाट कसैले त होमिनिड्ड-संग प्रत्यक्ष सम्बन्ध भएको स्वीकार गरेकाछन् । तर महत्त्वपूर्ण कुरा यो छ कि eocene युगतीरका सबै टार्सियारहरू बानर, वनमान्छे र मान्छेका एउटै हाँगा भने हुन सक्तैनन् । जे भएपनि यिनीहरू eocene युगतिरका प्राइमेटका निकै विकसित शाखा थिए । यिनीहरूको दुवै आँखा बीचको दुरी लेमूर भन्दा केही कम थियो । शत्रुहरूबाट बच्न यिनीहरू रूखमा चढ्न औधि सिपालु थिए । यिनीहरूको अवशेषहरू आजसम्म पनि बोर्नियो, सुमात्रा र फिलिपिन्समा पाइन्छन् । यस प्राणीको पुच्छर कुचोको जस्तो भएकोले यसलाई 'कुर्चमकट' पनि भनिन्छ । टार्सियरहरू पनि Anaptomorphidae र Omomyidae गरी दुई श्रेणीमा विभाजित भएकाछन् । यी टार्सियरहरूको प्रमुख विशेषता खोपडीको विशिष्टीकरण र अङ्गप्रत्यंग विकसित हुनु थियो ।

ग. सेमेडाई (Simidae):– यसलाई प्रथम Anthropoidae पनि भनिन्छ । यी प्राणीहरू युरोप, उत्तरी अमेरिका र एसियामा eocene को प्रारम्भिक समयतिर देखापर्न आए । कसैले यिनीहरू eocene को मध्यतिर विस्त्रित रूपमा फैलिएको कुरा स्वीकार गरेकाछन् । पछि आएर यसको पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४ शाखाहरू विभाजित हुनगए । यिनमा Gibbon, Champinjee, Gurella र Oranguton आउँछन् । यी ४ शाखाहरू मध्ये गीवनहरू सबैभन्दा पहिले देखापर्दछन् । आजभोलि यसको उत्तराधिकारी दक्षिण पूर्वी एशियामा रहेको पाइन्छ ; त्यसवेला यिनीहरू उत्तरमा आसामदेखि चीनसम्म बसोबास गरेका थिए । यिनीहरूको साँघुरो अनुहार, छोटो नाक तथा लामा लामा हात खुट्टा थिए । यस्तै चिम्पान्जीहरू काला रौं भएका र ज्यादै लामा हात भएका थिए । चिम्पान्जी भन्दा गुरिल्लाहरू ठूला थिए । यिनीहरू प्रायः गरी घना जङ्गलमै बस्ने गर्थे । यिनीहरूले धेरैजसो समय जमिनको सतहमा नै बिताउँथे । यस्तै Oranguton हरू बोर्निओ, सुमात्रामा फैलिएका थिए । यिनीहरूको शरीर खैरो रङ्गको रौंले ढाकिएको हुन्थ्यो ।

यी माथिका प्राइमेटहरूमा प्राचीन वानररूपी स्वरूप विद्यमान भएको देखिन्छ । यिनीहरूकै एउटा शाखा पछि आएर पुच्छर युक्त वानर र अर्को अपुच्छर मानव विशेषता रहेको वानरको रूपमा विकास हुनगयो । मानव विशेषता रहेको प्राणीको प्रारम्भतिर कपि मानव (Apetype) हरूनै देखापर्छन् । यसैले मानव विकासको चरणमा Anthropoidae शाखाबाट Hominidae मा आएको विकास नै महत्त्वपूर्ण रहेको छ । यसप्रकारको विकास क्रमलाई Apidium, Aegyptopithecus र Parapithecus नामक समूहहरूले देखाउँछन् ।·याले नामक विद्वानको अनुसन्धानबाट के देखिएकोछ भने Apidium र Parapithecus का माथिल्लो दाँतहरूको अध्ययनबाट पूर्वी गोलार्धमा फैलिएर रहेका उच्च प्राइमेट Prosimian को संबन्धमा धेरै तथ्य कुराहरू जान्नमा आएकोछ । यिनीहरूको दाँतले Hominiodae मा आएको विकास क्रमलाई जोड्ने कार्य गर्दछ । यस्तै इजिप्टको फायुममा उत्खनन गर्दा Oligocene समयताकाका सबै भन्दा प्राचीन para-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Pithecus का तल्ला बंगाराहरू प्राप्त भएका छन् । यसको साथै Api-dium जीवावशेषको चिह्न पनि यहीनै प्राप्त भएको हुनाले यिनीहरूको एउटै परिवार भएको कुरो थाहा हुन आउँछ । यी समूहहरू वास्तवमा Orieopithecus का पुर्खा थिए जो paleocene समयताकाको Gibbon सरह थियो । इजिप्टकै Oligocene समयतिरका प्रारम्भिक Ape का केही आस्थिवशेषमा Aeolopithecus र Aegyptopithecus (जो आधुनिक ठूलो एपको पुर्खा हुनुपर्छ) का चिह्नहरू प्राप्त भएका छन् । वास्तवमा यिनीहरूले एन्थ्रोपोईड र होमिनिइडको बीचको विकास सृंखलालाई जोड्ने प्रयास गरेका छन् । इजिप्टमै प्राप्त अर्को अवशेष जसलाई Propliopithecus भनिन्छ, यसको दन्तसंबन्धी आधारबाट यसलाई पनि Hominids को पुर्खाहुने विश्वास गर्न सकिन्छ । यसका अतिरिक्त वर्मामा प्राप्त Pondungia र AmphiPithecus लाई पनि होमिनिईडका शाखा अन्तरगत मान्न सकिन्छ ।

संभवतः Palestocene युग अगावै Hominidae बाट Pongoid हरू अलग भएका थिए । यिनीहरूको दन्त र च्यापुको विशेषताले केही हदमा होमिनिईडको पूर्वजको संकेत दिन्छन् । Miocene युगको अन्त्यतिर Dryopithecus हरू देखापरे, जसलाई Ape को प्रतिनिधिको रूपमा पनि मानिन्छ । यिनै Dryopithecus का पुर्खाको रूपमा Aegyptopithecus लाई स्वीकार गरिएकोछ । यसको समूहभित्र Sivapithecus, Procunsul हरूलाई पनि लिइएकोछ । साथै यसभित्र यूरोप र अफ्रिकाका Pliopithecus पनि आउँछन् । हुनत कसैले Dryopithecus र Procunsel लाई होमोनोइड अन्तरगत राखेका छन् तर अरूले यो कुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वीकार गरेको पाईदैंन ।

रामापिथेकस (Ramapithecus):-संभवत: Dryopithecus को समयताका अर्थात Miocene Pliocene समय बीचतिरको उत्तर भारतको शिवालिक पहाडमा एउटा विकसित जीवावशेषको पत्तो लाग्यो । यस जीवावशेषलाई Pilgrim नामक विद्वानले सन् १९१० मा 'रामापिथेकस पंजाबिकस, भनी नामाकरण गरे । सन् १९३४ मा Lewis नामक विद्वानले यसको माथिल्लो दाँतको आधारबाट मानिसकै समकक्षमा राखिदिए । यसैले यसलाई Texonomic family of man भनेर पनि मानिन्छ । यी रामापिथेकस नामक जीवको समयदेखि होमिनोइडहरू स्पष्ट रूपमा अलग भए । यसैबाट मानवको विकास स्पष्ट देखापर्न आयो । रामापिथेकसको समान पूर्वी अफ्रिकाको केनियामा प्राप्त जिवावशेषलाई केनिया पिथेकस (Kenya Pithecus) भनियो । तर यो पनि रामापिथेकस समूह अन्तरगत पर्दछ । यसप्रकारको समूहका जीवावशेषका चिह्न चीन तथा यूरोपमा पनि प्राप्त भएकाछन् । रामापिथेकसलाई पहिले त होमिनोईनड अन्तरगत स्वीकार गरिएको थिएन । तर सन् १९६१ मा भारतको शिवालिक पहाडमा यसको माथिल्लो बंगारा प्राप्त भएको हुनाले यसको मुखाकृतिको परिक्षण गर्दा स्पष्ट होमिनोईड परिवारमा समावेश गरियो । रामापिथेकसको मुखाकृति सानो थियो र दुवै खुट्टाको भरले हिंड्न पनि सक्थ्यो । यसको समय Miocene समयको पछिल्लो कालतिर मानिएकोछ, जस्लाई १ करोड वर्ष अगाडिको मान्न सकिन्छ । रामापिथेकसको जीवावशेष नेपालको बुटवल स्थित शिवालिक (चुरे पहाड) पहाडमा पनि प्राप्त भएकोछ । यस आधारबाट पनि रामापिथेकस एशियामा विस्त्रित रूपले फैलिएको थियो भन्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्ट्रालोपिथेकस (Australopithecus) :- अष्ट्रालोपिथेकसको सर्वभन्दा प्रथम जीवावशेष सन् १९२४ मा दक्षिणी अफ्रिकाको 'ताङ'मा प्राप्त भयो । यस प्राणीका धेरै विशेषताले गर्दा यसलाई होमिनोईडसँग प्रत्यक्ष सम्बन्ध राखेको पाइन्छ । यसका अरू अन्य अस्मिभूत अवशेषहरू सन् १९३७ तिर दक्षिण अफ्रिकाकै ट्रान्सभल क्षेत्रमा प्राप्त भएका थिए । यस आधारबाट हामी यस प्राणीको निम्न विशेषता देखाउन सक्छौं । (क) शरीरको तुलनामा सानो खोपडी (ख) घना बङ्गारः (ग) ठूलो आकारको च्यापु र दाँत (घ) अङ्ग प्रत्यङ्गका हड्डीहरू होमिनोईड अनुरूपका (ङ) मस्तिष्क रहने टाउकाको आकार उठेको (च) टाउको पछाडिको भाग अली माथी उठेको ।

Leakey नामक विद्वानले यस प्रणीको नाम Homo Habitlies भन्ने राखिदिए । किनभने यो धेरै कुरामा समर्थ भइसकेको थियो । विद्वानहरूले यसलाई दुई खुट्टाको भरले सजिलै उभिन सक्ने बताएका छन् । यिनीहरू रामापिथेकस भन्दा-अलिक विकसित थिए । अष्ट्रालोपिथेककसका जीवावशेषहरू दक्षिणी इथियोपियाको ओमो क्षेत्र, उत्तरी केनिया र पूर्वमा लेक रुडोल्फ सम्म प्राप्त भएका छन् । यसको मस्तिष्क क्षमता ७०० सि. सि. थियो ।

होमो ईरेक्टस (Homo Erectus)

सजिलैसँग खडा हुन सक्ने प्राणी भएको हुनाले यिनीहरूलाई होमो इरेक्टस भनिएको हो । यिनीहरू palestocene समयताका देखापरे । यस आधारबाट यिनीहरूको समय आजभन्दा १० लाख वर्ष देखि ५ लाख वर्ष अगाडि मानिन्छ । यिनीहरूको प्रमुख विशेषतामा च्याप्टो निधार, ठूला आँखिभौं, खोपडीको च्याप्टो सतह, टाउका पछाडि सकोण भएको र दाह्री नभएका थिए । होमोइरेक्टस अन्तरगत ३ समूहहरू पर्दछन् –

(१) जावाको pithecanthropus

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) चीनको Sinanthropus
(३) उत्तरी अफ्रिकाको Atlantropus

सन् १८९१ मा जावाको ट्रिनिल उपत्यकामा यसको खोपडी र तिघ्राका हाडहरू प्राप्त भएका थिए। यिनै मध्ये खोपडीका ८ टुक्रा माथिल्लो र तल्लो बंगारा, ५ वटा तिघ्राका हड्डिहरू थिए। यसलाई विद्वानहरूले पूर्णतया उभिएर २ खुट्टाको भरले हिड्न सक्ने प्राणी भनी निश्चित गरिदिए। जावामा प्राप्त भएको हुनाले यसलाई Jawa Man पनि भनिन्छ। यसको मस्तिष्क क्षमता ९०० सि. सि. थियो।

यस्तै सन् १९२७ मा चीनको पेकिङ्ग नजिकै 'चाउको तीन' नामक गुफामा होमोइरेक्टसका तल्ला बंगारा प्राप्त भए। यो पेकिङ्ग नजिकै प्राप्त भएको हुनाले यसलाई Pekingman भनेर पनि भनिन्छ। यसको केही वर्ष पछि त यसका थुप्रै अवशेषहरू त्यहाँ प्राप्त हुन आए। यी अवशेषहरूमा मुखका हड्डीहरू, १५० जति दाँत र केही अरू अङ्गका हड्डीहरू प्रमुख छन्। विद्वाहरूले यसको समयलाई दोस्रो हिमयुग (५ लाख देखि ४ लाख वर्ष पूर्व) देखि दोस्रो अन्तरहिमानी युग (४ लाख – २ लाख वर्ष पूर्व) स्वीकार गरेका छन्। पेकिङ मानवको प्रमुख विशेषतामा फराकिलो तालु, बाक्ला आँखिभौं, मस्तिष्कको भागमा पातलो झिल्ली रहेको, बंगारा र दाँतहरू केही ठूला भएका, मुहार स्पष्ट देखिने र दाह्री नभएको प्रमुख थिए। साथै पेकिङ मानवको टाउका पछाडिको भाग केही उक्सिएको देखिन्छ। यो मानवको मस्तिष्क क्षमता १००० सि.सि. थियो। विद्वानहरूको अनुसार यो मानवले आगोको प्रयोग गर्न पनि जानेको थियो। साथै यो मानवले प्राकृतिक ढुंगालाई औजारको रूपमा प्रयोग गर्न पनि सिकेको कुरा बिद्वानहरू स्वीकार गर्दछन्।

यस्तै सन् १९०७ मा जर्मनीको मायुरमा होमोइरेक्ट्सका अवशेषहरु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि प्राप्त भए। यसमा प्रमुख बंगारा नै थियो। यस बंगारालाई Heidelberg Jaw भनेर पनि भनिन्छ। यस मानव प्राणीका ३ वटा जति तल्ला बंगाराहरू पेकिङ मानवसंग मिल्दोजुल्दो छ। यस्तै प्रकारले यस मानवका अवशेषहरू सन् १९६० मा आएर पूर्वी अफ्रिकामा पनि प्राप्त भयो। तर यहाँ प्राप्त अवशेष माथि उल्लिखित अवशेष भन्दा आकारमा केही ठूला थिए।

माथि उल्लिखित जुन जुन ठाउँमा होमोस्यापियन्ससँग मिल्दा मानव अवशेष प्राप्त भएका छन्, ती सबै ठाउँहरूमा ढुंगाका औजारहरू पनि प्राप्त भएको हुनाले त्यसवेलाको संस्कृति पूर्वपाषाणकालीन संस्कृति रहेको कुरो स्वीकार गर्न सकिन्छ।

निन्डरथल (Neanderthal) :– निन्डरथल मानवहरू होमोईरेक्टस पछि देखा परे। निन्डरथललाई होमोसोपियन्सको प्रथमस्वरूप पनि भनिन्छ। यिनीहरू पूर्वी युरोपसम्म फैलिएका थिए। निन्डरथल मानवका अवशेष प्राप्त भएका स्थलहरू हिमयुगको अन्त्य (संभवतः उर्म तिर) संग सम्बन्धित भएको मान्न सकिन्छ। यो मानवको प्रथम अवशेष सन् १८५६ मा जर्मनीको 'निन्डर' उपत्यकामा प्राप्त भएको हुनाले यस ठाउँको नामबाट यसको नाम पनि निन्डरथल रहन गयो। यस मानवको अवशेष पछि फ्रान्स, ईटाली, ग्रीस रुस र उत्तरी अफिकामा प्राप्त हुन आए। यस मानवको शारीरिक स्वरूपको आधारबाट यसलाई Homosapiens अन्तरगत गणना गरेता पनि यसलाई Homo sapiens neanderthalensis भनेर पनि भनिन्छ। निन्डरथलको अवशेषको आधारबाट यो मानव आधुनिक मानव जत्तिकै सिधा गरी हिड्ने र दक्ष शिकारी पनि थियो भन्न सकिएको छ। यिनीहरूको शारीरिक विशेषतामा ठूलो टाउको, बंगाराहरूका आकार घटेका, पाखुरा र खुट्टाका हाडहरू लामालामा भएका र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनिहरूका जोर्नीहरू ठूला छन् । यिनीहरूको मस्तिष्क क्षमता १४५० सि. सि. थियो । यिनीहरूका अवशेष प्राप्त स्थलहरूको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने निन्डरथल मानवहरू गुफाका वासिन्दा थिए । यिनीहरूले आगोको प्रयोग गर्न जानिसकेका र ढुंगाका औजार बनाउने काममा पनि सिद्धहस्त थिए । साथै यो पनि विश्वास गरिएकोछ कि यिनिहरुले जनावरको छाला र रूखका बोक्राहरूद्वारा आफ्नो शरीर छोप्ने गर्दथे । निन्डरथल मानवका चिहान र तिनीहरूमा राखिएका अनेक वस्तु तथा औजारहरूबाट उनीहरूमा जादु तथा रहस्यवादको सृजना भइसकेको थाहा हुन्छ । यिनिहरू जाडो पचाउन सक्षम भइसकेका थिए । पछि आएर यी निन्डरथल मानवहरू एक्कासी लोप हुन गए । संभवतः यसको कारणमा माहामारी रोगको प्रकोप अथवा न्यानो जलवायु पचाउन असमर्थता अथवा कुनै नयाँ प्रजातिको आक्रमणलाई लिन सकिन्छ ।

होमो सेपियन (Homo-Sapiens) :- होमो सेपियनको अर्थ 'मेधावी मानव' हो । जुनवेला युरोपमा निन्डरथल मानवहरू थिए, त्यसको केही समय पछि यस्तै प्रकारका मानव अफ्रिका र उत्तरी एशियामा फैलिएका थिए । यो मानव निन्डरथल मानव भन्दा फरक पनि थियो । खास गरेर यिनको मुखाकृति र टाउकाको बनावटमा अरू भन्दा भिन्न थिए । विद्वानहरूले यसै मानवबाट नै Homo Sapiens हरू देखा परेको कुरा उल्लेख गरेका छन् । सन् १९३३ तिर दक्षिण अफ्रिकाको फ्लोरिसवांदमा पूर्वपाषण संस्कृतिको समयकाको मानव अवशेषको पत्तो लाग्यो । कार्बन १४ को तिथि निर्धारणबाट यसको समय ३७,००० वर्ष अगाडिको निश्चित गरियो । यसलाई स्पष्टरूपमा होमो सेपियन नै मानिएको छ । यस्तै यस मानवका केही अवशेषहरू चीन तथा अस्ट्रेलियामा पनि प्राप्त भएका छन् । अस्ट्रेलियामा प्राप्त एउटा अवशेषलाई २५,००० वर्ष अगाडिको निश्चित गरिएको छ । युरोपमा होमो-सेपियनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तराधिकारीलाई Cro-magnon समूह भित्रको स्वीकार गरिएको छ

यी होमो सेपियनको उद्भव कुन स्थानमा भएको थियो भन्ने कुरा विवादास्पद छ। संभवतः यो युरोसिया देखि अफ्रिकन भूमीसम्मको क्षेत्र हु पर्दछ। उत्तरी अमेरिका र अस्ट्रेलियामा यिनीहरू करीब करीव एकै समय(३ ०००वर्ष पूर्व) देखापरेका थिए भने दक्षिणी अमेरिकामा यिनीहरू १०,०००व पूर्व मात्र देखापर्न आए। यी समूहहरू जो स्थानान्तर भएर नयाँ ठाउँ आएका थिए, उनीहरूको उत्तरी अमेरिकामा उपनिवेशजस्तै थियो । विद्वा हरूको अनुसन्धानबाट होमो सेपियनहरू आधुनिक मानवसङ्ग धेरै हद मिलेको पाइयो। इटालीमा प्राप्त भएको अवशेष र Negroids हरू बनावट तथा फ्रान्समा प्राप्त अवशेष र एस्कीमोहरूको बनावट स्पष्ट मिले पाइन्छ। यसबाट Homo Sapiens हरूबाट आधुनिक मानवजातिको ज भएको देखिन्छ। यसैले पनि आधुनिक मानवका नजिकका पूर्खा होमो सेपि थिए भन्न सकिन्छ। वातावरणीय विविधता एवं सामाजिक तथा सांस्कृति विषमताबाट उनीहरूको बनावटमा फरक पर्न जानु स्वाभाविकै हो। वास्त यसैले गर्दा आज हामी संसारका विभिन्न भागमा विविवत रूप, स्वभाव त चालचलनका मानिसहरू देख्न पाउँछौं। यस्ता भौगोलिक विविधतायुक्त जाति हरूलाई मानवशास्त्रीले ६ देखि ९ संख्यासम्म विभाजन गरेको देखिन्छ यिनमा मुख्य (१) युरोपियन ककोसाइड (२) अफ्रिकन निग्रोइड (३) एशि यन मंगोलाइड (४) अस्ट्रालोइड (५) अमेरिकन इंडियन र (६) प्रशान्त महासागरीय मानिसहरू जसमा पोलिनेसियन, मेलानेसियन र माइक्रोनेसियन प्रमुख पर्दछन्। आज संसारका विभिन्न भागमा फैलिएर बसेका मानव जाति उपर्युक्त जातिहरूका शाखा प्रशाखा अतरगत पर्दछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ८

प्रागैतिहास (Pre history)

परिचय

ऐतिहासिक काल सुरु हुनुभन्दा अगाडिको अवस्थालाई प्रागैइतिहास भनिन्छ । यस कालको बारेमा ऐतिहासिक कालकोजस्तो ऐतिहासिक सामग्रीद्वारा तत्कालीन अवस्थाको बारेमा बताउन सकिएको हुँदैन । मानवको प्रारम्भिक अवस्थाको युग भएको हुनाले त्यसवेला मानवले लिपिको आविष्कार गरेकै थिएनन् । यसैले यसकालको बारेमा बताउने केवल मानव निर्मित ढुंगे औजारहरू, गुफाका चित्रहरू तथा मानव स्वयंका आस्थीवशेष नै प्रमुख हुन् आउँछन् । यिनीहरूको समुचित अध्ययनबाट हामी तत्कालीन अवस्थाको चित्रण गर्न समर्थ हुन्छौं । यस्तो अध्ययन गर्ने विषयलाई 'प्रागैतिहास पुरातत्व' भनिन्छ । यसैले प्रागितिहास पुरातत्वले प्राचीन मानवका औजार तथा उनीहरूद्वारा निर्मित वस्तुहरूको अध्ययन गरेर उनीहरूको सामाजिक, सांस्कृतिक पक्षको बारेमा जानकारी लिने गर्दछ ।

क. प्रस्तरयुग (Stone Age)

मानव विकासको क्रमलाई हेर्दा मानवले आफ्नो प्रारम्भिक अवस्थामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पशुतुल्य जीवन बिताउनु परेको कुरा स्पष्ट देखिन्छ । यस अवस्थामा मानव गुफा तथा खुला चउरमा बस्ने, जंगली फलफूल तथा जंगली जनावरको सिकार द्वारा आफ्नो भरणपोषण गर्ने गर्दथ्यो । खासगरेर जंगली जनावरको शिकारको लागि तत्कालीन मानवले ढुंगाका विभिन्न औजारहरू बनाउने गर्दथ्यो । यस्ता प्रकारका प्रस्तरका औजारहरू पहिलेको तुलनामा पछि उत्कृष्ट हुन पुगे। साथै प्रस्तरका औजारहरू पछि आएर कृषिको लागि प्रयोग गरिएको पनि पाइन्छ । । जे होस् धातुको आविष्कार हुनुभन्दा अगाडि मानवले ढुंगाबाट औजार र हतियारहरू निर्माण गरेको हुनाले यसकाललाई प्रस्तर युग अर्थात ढुंगेयुग (Stone Age) भनी उल्लेख गरिन्छ ।

संसारका विभिन्न भागमा तत्कालीन मानवद्वारा निर्मित यस्ता ढुंगाका औजारहरू प्राप्त हुन आएकोले तात्कालीन मानवको सामान्य जीवनमा यसको महत्त्व रहेको देखिन्छ । यसैले प्रस्तरयुग अन्तरगत मानव विकासको एक लामो अवधि पर्दछ । प्रस्तरयुगको समाप्ति स्थान विशेषमा फरक पाइएतापनि धातुको सुरूवात भएपछि र संसारमा विभिन्न सभ्यताहरूको विकास भएपछि ढुंगेयुग समाप्ति भएको मानिन्छ । यसप्रकार प्रस्तरयुगले तत्कालीन मानवको सांस्कृतिक क्रियाकलापको बारेमा धेरै मात्रामा प्रकाश पार्ने काम गरेका हुन्छन्। प्रस्तर युगलाई मुख्य ३ चरणमा बाँड्न सकिन्छ–.

(१) पूर्वपाषाण काल (Paleolithic Age)

(२) मध्यपाषाण काल (Mesolithic Age)

(३) नवपाषाण काल (Neolithic Age)

यो कुरा पनि यहाँ उल्लेख गर्न उपयुक्त हुन्छ कि पूर्णपाषाण काल भन्दा अगाडि अर्थात पूर्णपाषाण कालको संस्कृतिसंग आइपुग्न एउटा छुट्टै काल,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यतित भएको मानिन्छ, जसलाई विद्वानहरूले 'निम्न पाषाण' (eolithic) कालको संज्ञा दिएका छन् । यस समयताका मानवले भरखरै भरखरै प्रस्तरलाई प्रयोग गर्न सुरू गरेको थियो । यस प्रकारका ढुंगाहरू खास गरेर चट्टानका टुक्राहरू तथा नदीका बगरका ढुंगाहरू थिए । यसलाई 'Dawn Stone Age' भनेर पनि चिनाएको पाइन्छ । यसपछि मात्र मानवले आफ्नो आवश्यकता अनुसार विभिन्न आकारमा औजारहरू निर्माण गर्ने पद्धतिको सुरूवात गरेको थियो ।

१. पूर्वपाषाण काल (Paleolithic Age)

ढुंगाबाट औजारहरू बनाउने पद्धति सुरू भएपछि मानवले ढुंगाका औजारहरू प्रयोग त गर्न सुरू गरे तर त्यस्ता ढुंगे औजारहरू कोरा भद्दा नै थिए । यस्ता औजारहरूलाई मुस्कीलले मात्र तत्कालीन मानवद्वारा निर्मित भनी थाहा पाउन सकिन्छ । तर पूर्वपाषाण कालको पछि तिर आउँदा भने यस्ता ढुंगाहरू स्पष्ट हतियारको रूपमा निर्मित भएको देखापर्छन् । पूर्वपाषाण कालभित्र पनि अनेकौं संस्कृति रहेका थिए । ती संस्कृतिको आधारबाट पूर्वपाषाण काललाई ३ भागमा बाँड्न सकिन्छ । यिनमा निम्न पूर्वपाषाण (Lower Paleolithic) मध्यपूर्वपाषाण (Middle Paleolithic) र उच्च पूर्वपाषाण (Upper Paleolithic) थिए ।

(क) निम्न पूर्वपाषाण काल (Lower paleolithlc Period)

पूर्वपाषाण कालको प्रारम्भिक अवस्था नै निम्न पूर्वपाषाण काल हो । खास गरेर यसवेला मानवले ढुंगालाई फोडेर औजारको रूपमा प्रयोग गर्न सुरू गऱ्यो । तत्कालीन मानवद्वारा निर्मित यस्ता प्रस्तरका औजारहरूबाट यस अन्तरगत रहेको संस्कृतिलाई मुख्य चेलीयन (Chellean), अस्योलीयन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(Acheulian) र क्लाटोनियन (Clactonian) मा विभाजित गर्न सकिन्छ। यो विभाजन स्थान अनुसारको सांस्कृतिक विविधताबाट गरिएको हो। Burkitt ले चेलियन भन्दा अगाडिको एउटा Cro-merian लाई पनि समावेस गरेका छन्। यस अंतरगत चपर गरेर बनाइएका भद्दा औजार थिए। प्रस्तरका औजारहरूको आधारबाट चेलियन र अस्योलियनलाई hand axe परम्परामा र क्लाटोनियनलाई फलक (Flake) परम्परामा समावेस गर्न सकिन्छ।

(१) चेलियन Chellean:- फ्रान्सको चेलेस नामक स्थानबाट 'चेलियन' संस्कृति रहन गएको हो। यसको अर्को नाम अब्बेविलियन (Abbevillian) पनि हो। यो नामाकरण पनि फ्रान्सको सोम उपत्यका नजिकैको 'अब्बेविल्ले' नामक स्थानबाट रहनगएको हो। यसको समय युरोपको प्लेस्टोसिनको दोश्रो हिमानी युगको समकालीन मानिन्छ। चेलियन तथा अब्बेविलियनका उपकरण फ्रान्स तथा युरोपमा प्राप्त पूर्वपाषाणकालीन औजारहरूमा अगाडिका देखिन्छन्। यस्ता औजारहरू चारैतिर चोइटा निकालिदा बाँकी रहेको आन्तरिक भाग (Core) बाट बनाइएका हैन्ड एक्स हुन्। यस्ता hand axe का अधोभाग (butt) सादा थिए। यी हैन्ड एक्सलाई कुप-डे-पङ पनि भनिन्छ। यिनीहरू नासपातीका आकारका भद्दा हुन्थे, जसको एकातिर अलि सानो चोसो पनि निकालिएको हुन्थ्यो। hand axe हरूमा फलक वा चोइटा निकालेको चिन्ह अनियमित तथा गहिरो हुन्थ्यो। यस्ता औजारहरू बनाउन तत्कालीन मानवले ढुंगाकै हथौडो र ढुंगाकै अचानु (anvil) प्रयोग गर्दथे।

(२) अस्योलियन (Acheulian) कसैले चेलियन र अस्योलिय-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नलाई एकै समूहमा राखेका पनि छन् ।तर सुक्ष्म रूपले अध्ययन गरेको खण्डमा अस्योलियन औजारले अब्वेविलियन प्रकारको औजार-भन्दा विकसित अवस्थाको सूचित गर्दछ। अस्योलियनको नाम पनि फ्रान्सको सेन्ट अस्योल (St. Acheul) नामक स्थानबाट रहन गएको हो । यसको समय द्वितीय अन्तरहिमानीयुग देखि तृतीय अन्तरहिमानीयुगसम्म मानिन्छ । अस्योलियनको समय देखि अण्डाकार तथा हृदयाकार 'हैन्डएक्स'हरू देखापर्न आए । खासगरेर वदाम आकारका हाते बन्चरोहरू त्यसवेला प्रसिद्ध थिए । यसैबाट त्यसवेला नियन्त्रित फलकीकरण (Flaking) को सुरुवात भयो । यस संस्कृति अन्तरगत प्रथमत: चपर चपिङ उद्योग आउँछन्, जो पेविल वा आन्तरिक ढुंगाबाट फलक निकाली धारिलो बनाइन्थ्यो । अरू प्रकारमा औजारमा ताछ्ने, खुर्कने र काट्ने थिए । यी सबै औजारलाई पनि बनाउँदा धारिलो पारिएको हुन्थ्यो ।

भारतको नर्मदा उपत्यकामा प्राप्त औजारहरूमा अब्वेविलियन र अस्योलियन hand axe र cleaver (काट्ने) औजारहरू आउँछन् । यिनीहरू-लाई प्रारम्भिक सोन र परावर्तिसोन भनी नामाकरण गरिएको छ । यसबाट भारतको पंजाबको संस्कृतिले धेरै अगाडिको स्वरूप देखाउँछ ।

(३) क्लाटोनियन (Clactonian) क्लाटोनियन संस्कृति अस्योल संस्कृतिसंग धेरै भागमा संबन्धित रहेकोदेखिन्छ । यस संस्कृतिमा पनि फलक औजारहरूको महत्त्व रहन गयो । यस अन्तरगत Chopping tool, rough scraper र disc आकारका औजारहरू महत्त्वपूर्ण थिए । यसमा गोलाकार ढुंगाको चारैतिरबाट सावधानी-संग चोइटा निकालिन्थ्यो । यसैले गर्दा यो फलक उन्नतोदरको हुन्थ्यो र वरिपरि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारिलो हुन्थ्यो। यसका साथै यस संस्कृति अन्तरगत खुर्कने र ताछ्ने केही उपकरणहरू पनि पर्दथे। इङ्गलैण्डको एक्सेस काउन्टीको 'क्लाटोन आन सी' नामक स्थानबाट यसको नाम पनि क्लाटोनियन रहन गएको हो। विद्वानहरूले द्वितीय तथा तृतीय अन्तरहिमानी युगतिर यस संस्कृतिको विकास भएको मान्छन्। क्लाटोनियन संस्कृति निम्न पूर्वपाषाणकालको अन्तिमको संस्कृति भएको हुनाले यसले मध्य पूर्वपाषाण संस्कृतिको विकासलाई मद्दत पुऱ्याएको थाहा हुन्छ।

ख. मध्यपूर्वपाषाणकाल (Middle paleolithic period)

निम्न पूर्वपाषाणकालको तुलनामा मध्य पूर्वपाषाणकालमा आएर निकै विकास भएको देखिन्छ। खास गरेर ढुंगाका औजारहरू निर्माण गर्ने प्रविधिको आधारबाट यो कुरो निश्चित हुन्छ। मध्य पूर्वपाषाणकाल तेश्रो अन्तरहिमानी युगदेखि चतुर्थ हिमयुग (Wurm) सम्म कायम रहेको थियो। यस अन्तरगत लेवाल्वाइसियन (Levalloisian) र मुस्तेरियन (Mousterian) संस्कृतिहरू पर्दछन्।

(१) लेवाल्वाईसियन (Levalloisian) पेरिसको एउटा लेवाल्वाइस पेरेट नामक उपनगरको नामबाट यस संस्कृतिको नाम पनि लेवाल्वाइसियन रहन गएको हो। यस संस्कृतिमा विकसित अवस्थाको फलक बनाउने परम्पराको सृजना भयो। यस्ता प्रकारका फलकहरू द्वितीय र तृतीय अन्तरहिमानी युगकै लगभगमा युरोपमा प्राप्त भएका छन्। यस अन्तरगत गोलाकार अथवा च्याप्टो ढुंगाका वरिपरिका भागबाट फलकहरू निकालिन्थ्यो। यसैले गर्दा यसको प्रमुख भाग कछुवाको पिठ्युजस्तो देखिन्थ्यो। यसैले लेवाल्वाइसियनहरूको विशेषता फलक औजारहरू उत्पादन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न तर्फ नयाँ तरिका अपनाएको देखिन्छ ।

(२) मुस्तेरियन (Mousterian) दक्षिण-पश्चिम फ्रान्सको 'ले मुस्तेर' नामक गुफाको नामबाट यसकोनाम पनि मुस्तेरियन रहन गएको हो । मुस्तेर संस्कृति नै निन्डरथल मानवहरूको थियो । दक्षिण र मध्य फ्रान्समा यस संस्कृतिका मानवले गुफाको जीवन व्यतीत गरेको प्रमाण पाइन्छ । साथै पश्चिमी फ्रान्समा यो मानवको चिहान पनि प्राप्त हुन आएको छ । यिनीहरूले आगोको प्रयोग गर्न पनि जान्दथे भन्ने प्रमाण पाइएको छ । यिनीहरूका औजार पनि फलक औजार नै थिए यसप्रकारका औजारलाई मुख्य ३ भागमा बाँड्न सकिन्छ– (क) लेवाल्वाइसियन परम्पराबाट प्रभावित कच्छपाकारका औजार (ख) माथिल्लो भाग समतल देखिने च्याप्टो गोलाकार औजार (ग) उभयपक्षी कोर औजार । यसको साथै यसैवेलातिर केही Hand axe हरूको पनि प्रयोग भयो । साधारणतया मुस्तेरको पालादेखि नै सर्वप्रथम जनावरका हड्डिबाट प्रारम्भिक औजारहरू (Crud bone industry) बन्न थालेको प्रमाण पनि पाइन्छ । यसबाट मुस्तेरियन संस्कृतिका निर्माताहरू दक्ष सिकारी भएको मान्न सकिन्छ ।

ग. उच्चपूर्वपाषाण काल (Upper paleolithic period)

मध्य पूर्वपाषाणकाल पछि उच्च पूर्वपाषाण काल सुरू भएको देखिन्छ । पूर्वपाषाण कालमध्येको यो समयको मानव संस्कृति निकै विकसित भएको हुनाले पूर्वपाषाण समयको पछितिरको छुट्टै विभाजन भित्र यसलाई मान्न सकिन्छ । यस अन्तरगत अरूग्नेसियन, (Aurignacian) सोलुत्रीयन (Solutrean) र मेग्डालियन (Magdaleanian) संस्कृतिहरू पर्दछन् । उच्च पूर्वपाषाण कालमा आउँदा औजार बनाउने पद्धतिले फट्को मारेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । खास गरेर यस्ता औजारहरूमा चक्कु (Graver) ताछ्ने (Scraper) औजारहरू यसैवेलादेखि बन्न थालेको पाइन्छ । उच्च पूर्वपाषाण कालको समय चौथो हिमयुगको समय थियो । यसै समयतिर पुराना हैन्ड एक्स र फलक औजारको ठाउँमा विशेष प्रकारका ब्लेडका औजारहरू बनाउने पद्धतिको बिकास भयो । यस्ता औजारहरूमा कीर, भाला, माछामार्ने बल्छी तथा हड्डिहरूबाट सियोजस्ता औजारहरू बनाउन थालिए । खास गरेर यस्ता प्रकारका औजारहरू ढुंगाका चोइटा, हड्डी, हस्तीहाड तथा बाह्रसिङ्गको सिङबाट बनेका थिए । यसका साथै पूर्वपाषाणकालमा आउँदा मानवले रेखाचित्र, चित्रकला तथा केही मूर्तिहरू पनि निर्माण गर्न थालेको प्रमाण पाइन्छ । यसबाट कलाको विविध पक्षको विकास त्यसवेला भएको थियो भन्न सकिन्छ । साथै यसैवेलादेखि नै मानवहरूमा संगीत नृत्यको अवगत भएको कुरा विद्वानहरू स्वीकार गर्दछन् । यस समयताका सामुहिक सिकार गर्ने परम्पराको थालनी भएको कुरामा पनि विद्वानहरू सहमत छन् ।

(१) अरूग्नेशियन (Aurighacian) कसैले अरूग्नोशियन भन्दा अगाडि 'पेरिगोर्डियन' (perigordian) संस्कृतिरहेको कुरा स्वीकार गरेका छन् । यस संस्कृतिमा तिखा टुप्पा भएका ब्लेडहरू बनेका थिए । निम्न र उच्च पेरिगोर्डियन संस्कृतिको समयताका अरुग्नेसियन संस्कृतिले धेरै मात्रामा प्रभाव पारेको देखिन्छ । यसैले खास गरेर पश्चिमी युरोपमा उच्च पूर्वपाषाणकालतिर धेरै संस्कृतिहरू विद्यमान थिए भन्न सकिन्छ ।

दक्षिण फ्रान्सको 'अरूग्नेक्' स्थानको नामबाट यस संस्कृतिको नाम पनि अरूग्नेशियन रहन गएको हो । यस संस्कृतिका निर्माताहरूले आफ्ना फ्लिन्टका औजारहरू एकातिर काट्ने भाग भएको र अर्कोतिर बोधो भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग गर्दथे । यस्ता औजारहरूमा धारिला तथा चोसो भएको ताछ्ने (Scraper) औजार, परिस्कृत तथा दवावद्वारा निर्माण गरिएको ब्लेड तथा चक्कु-हरू प्रमुख थिए । यसवेला खास गरेर रूखान तथा भालाको टुप्पाहरूमा हड्डी-हरूका टुक्राहरू राखेर प्रयोग गरेको पाइन्छ । अरूग्नेसियन मानवले आफूलाई आकर्षक बनाउन जनावरका दाँत तथा मुँगाहरूलाई छेदन गरी हारको रूपमा गलामा लगाउने पनि गर्दथे ।

अरूग्नेसियन संस्कृतिमा कलाका २ पक्षहरूले पनि उन्नति गरेको देखि-न्छ । यिनमा भित्ते चित्र र चलायमान कला (Portable art) थिए । भित्ते चित्रहरूमा रेखाचित्र, रंगभरिएका चित्र तथा गुफाका भित्ताहरूमा अंकित मूर्तिहरू आउँछन् । यस्तै चलायमान कलामा हड्डी र ढुङ्गाका टुक्रामा खोपि-एका स-साना मूर्तिलाई लिन सकिन्छ । यस कालतिरका गुफाचित्रहरू स्पेन र फ्रान्समा धेरै संख्यामा प्राप्त भएका छन् । गुफाचित्रको निर्माण गर्दा खास गरेर तत्कालीन मानवले स-साना तिखा ढुङ्गाको प्रयोग गर्दथे । रङ्गको हकमा विशेष गरी सिंदुरे रङ्गको प्रयोग गरिन्थ्यो । धेरैजसो तत्कालीन चित्रहरू रातो, पहेंलो र कालो रङ्गको छायामा बनाइन्थ्यो । यस्ता गुफाका चित्रहरू भित्र उज्यालो नछिर्ने ठाउँमा रहेको हुनाले कुनै प्रकारको वत्तिको प्रयोग यहाँ गरिन्थ्यो भनी अनुमान लगाउन सकिन्छ । फ्रान्सको 'पियर–नन–पियर' नामक गुफालाई विद्वानहरूले अरूग्नेसियनको प्रारम्भिक अवस्थातिरको मानेका छन् । यस्तै इंगलैण्ड स्थित 'पिन होल केभ' मा भेटिएको एउटा मानव स्वरूपको भद्दा आकारलाई अरूग्नेसियन समयतिर निश्चित गरिएको छ । तत्कालीन गुफाका चित्रहरूमा खास गरेर हरिण, गोरू, भालु, मेमोथ, हात्ती, गैंडा, रेन-डियर र सिंहका चित्रहरू प्रमुख रूपमा चित्रित गरिन्थे ।

यस्तै प्रकारले अरूग्नेसियनहरूको गृहकलामा विभिन्न मूर्तिहरू महत्त्व-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण रहेको पाइन्छ । यस्ता मूर्तिहरूमा भेनस (Venus) को मूर्ति महत्त्वपूर्ण देखिन्छ । यसमा सन्तान उत्पादन गर्ने प्रतीकको रूपमा नारीलाई प्रस्तुत गरिएको छ । यसबाट त्यसवेला सृष्टि संबन्धी अवधारणालाई बुझ्न थालेको देखिन्छ । दक्षिण, पश्चिम फ्रान्सको गुफामा उत्खनन गर्दा मेमोथको हस्तिदन्त-बाट निर्मित मूर्तिहरू प्राप्त भएका छन् । यी मूर्तिहरूलाई प्राचीन अरूग्नेसियन समयतिरको मानिएको छ । यस्तै मध्य युरोपको दानवको किनारामा फेलाप-रेका मूर्तिहरू मध्ये एउटा चुन ढुङ्गाले बनेको नारीको मूर्ति महत्त्वपूर्ण छ, जसलाई 'वेनस अफ विलनडोर्फ' भनिन्छ । यसमा नारीलाई छोटो खुट्टा तथा स्तन अश्वाभाविक रूपमा बढेको रूपमा चित्रित गरिएको छ । ईटालीको 'सभिग्नानो' नामक स्थानमा पनि यस्तै नारीको मूर्ति प्राप्त भएको छ । सर्पा-कारमा ढालिएको यो मूर्तिको पनि स्तनभाग र पृष्ठ भाग ठूलो देखिन्छ । यस प्रकार अरूग्नेसियन संस्कृतिमा प्रस्तर र हाडका औजारहरूको साथसाथै चित्र तथा मूर्तिकलाले पनि स्थान पाएको देखिनाले यो संस्कृति निकै उत्कृष्ट रहेको मान्न सकिन्छ ।

२. सोलुत्रियन (Solutrean):- सोलुत्रे नामक स्थानको चामबाट यस संस्कृतिको नाम पनि सोलुत्रियन रहन गएको हो । अरूग्नेसियन संस्कृति पछि सोलुत्रियन संस्कृति देखा पर्‍यो । यस संस्कृतिका निर्माताहरू युरोपमा आक्रमणकारीको रूपमा प्रवेश गरेका थिए । यी मानवहरूले प्रस्तरका औजार-हरू निकै उत्कृष्ट ढाँचाबाट निर्माण गरेको देखिन्छ । पश्चिमी युरोपमा पूर्वपा-षाणकाल तिरका उत्कृष्ट औजारमा यिनीहरूले बनाएका औजारहरू आउँछन् । यस्ता औजारहरूमा सुडौल, उभयपक्षी फलकहरू तथा पातला प्रकारका औजा-रहरू छन् । यसका अतिरिक्त चक्कु तथा टुप्पोमा धारिलो र तिखो रहेको औजारहरू पनि यसवेला बनेका थिए । तर ज्यादै सुन्दर धारिला ब्लेड नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संस्कृतिको प्रमुख विशेपता थियो । सोलुत्रियन संस्कृति विशेषत: ज्यादै ठण्डा जलवायुमा फैलिएको थियो ।

केही वर्ष अगाडि सम्म यिनीहरूको कलाको अवशेप प्राप्त भएको थिएन । पछि उत्खननबाट प्राप्त जानकारीहरूले उनीहरूको कलालाई पनि चिनाउने काम गरेका छन् । पेरिगुइक्सको १६ माइल उत्तर-पश्चिमको उत्खननमा प्राप्त ढुङ्गामा खोपिएका जनावरका आकृतिले सोलुत्रियन कलाको स्वरूप देखाउँछन् । यसका साथै यसै काल तिरको साँढेको मुखाकृत भएको मानव मूर्ति पनि महत्त्वपूर्ण छ । यस्तै रेइनडियर, चरा आदिका मूर्तिहरू पनि सोलुत्रियन संस्कृतिको उपज नै थियो ।

(३) मेग्डालियन (Magdalenian) :– फ्रान्सको 'ला माडेलिन' गुफाको नामबाट यसको नाम पनि मेग्डालियन रहन गएको हो । पूर्ण-पाषाण कालको संस्कृति मध्ये यो अन्त्यतिरको थियो । यसैले यो संस्कृतिमा flint प्रकारका ढुङ्गे औजारको ठाउँमा जनावरका सिङ तथा हड्डीबाट निर्मित औजारहरूले स्थान लिएको देखिन्छ । यस्ता औजारमा भालाको टुप्पो तथा बर्छाहरू निकै प्रसिद्ध थिए । साथै यसवेला गुफाका चित्रहरू र चलायमान कलाले पनि महत्त्वपूर्ण विकास गरेको देखिन्छ । मेग्डालियन मानवका यस्ता कलाले उनीहरूको कला क्षमताको मात्र नभई त्यस कलाको सुन्दरतम पक्षलाई समेत इङ्गित गरेको देखिन्छ । घोडाको शिर्षभाग र हरिणको शिर्षभागको मूर्ति यस कालको उच्चतम नमुना हो । मेग्डालियन कलामा ज्यमितीय पद्धतिको प्रयोग भएको पाइन्छ । प्राय: गरेर सिधा रेखा तथा बाङ्गोटिङ्गो रेखामा पनि बीच बीचमा थोपाहरू राखेकोबाट उनीहरूको कलात्मक जटिलताको बारेमा थाहा पाउन सकिन्छ । अल्टामिरा गुफाको चित्रलाई मेग्डालियन समयतिरको मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्छ । यस्तै डोरडोग्ने गुफाको प्रथम र द्वितीय सतहले अरूग्नेसियन संस्कृति को विशेषतालाई देखाउँछ भने तेस्रो र चौँथो सतहले मेग्डालियन समयतिरको देखाउँछ । यी गुफाका चित्रहरूबाट त्यसवेलाको संस्कृति बुझ्न हामीलाई धेरै सहयोग प्राप्त भएको छ ।

२. मध्यपाषाण काल (Mesolithic Age)

उच्च पूर्वपाषाण संस्कृति पछि क्रमशः मध्य पाषाणको सुभारम्भ हुँ गएको मानिन्छ । युरोपमा मेग्डालियन संस्कृति पश्चात त्यति विकास हुन नस केता पनि त्यसवेला नयाँ मानवहरूको प्रवेश त्यहाँ हुन गयो र उनीहरूले त्यहाँ नयाँ जीवनको जग बसाए । उनिहरूको यसै नयाँ जीवन शैलीलाई मध्यपाषा ण युगको रूपमा चिन्न सकिन्छ । मध्यपाषाण युगीन मानवहरू पनि सिकारी नै थिए । उनीहरूले खाद्य उत्पादन गर्न जानी सकेका थिएनन् । कुकुर वाहेक अरू कुनै पनि जनावर पाल्ने परम्पराको सुरूवात पनि भएको थिएन । त्यसवेला जलवायु पनि निकै ठण्डा भएको हुनाले मानवहरू गुफा र कन्दरामा निवास गर्दथे ।

मध्यपाषाणकालले सामान्यतया मानबको त्यस संस्कृतिको संकेत गर्छ जसले सिकार तथा माछा मार्ने व्यवसाय गरेर आफ्नो भरण पोषण गर्दथ्यो । यसको समय पनि Palestocene को अन्त्यतिरको थियो । त्यसवेला संसारको भौगोलिक बनावटले वर्तमान स्वरूप लिइसकेको थियो । सामान्यतया मध्यपाषाणकालीन मानिसको जीवनको ढंग र उनीहरूका भौतिक चिन्हहरू भने उच्च पूर्व पाषाण संस्कृतिबाटै आएको थियो । जतातत्तै फैलिएको 'लिफन्ट' औजारका समूह भित्र पर्ने साना त्रिभुजाकारका टुक्राहरू तथा चन्द्राकारमा बनेका प्रस्तरका टुक्राहरू मध्यपाषणकालीन औजार नै हुन् । यस्ता औजारह रूमा खासगरेर माछा मार्ने बल्छी, घन र माछा मार्ने साना डुङ्गाहरू पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्माण गर्दथे । तथा केही संख्यामा यस वेलाका मानवले माटाका भाँडाहरू पनि निर्माण गर्दथे ।

मध्य एसिया, जहाँ मानब प्राणीको विकासको आदर्श स्थान थियो, त्यो क्रमशः सुख्खा हुँदै गयो । त्यसपछि त्यहाँका मानवहरू सिकार गर्ने स्थानको खोजीमा हिँड्न थाले । यिनीहरूमध्ये धेरैंजसो युरोपमा पसे । त्यसैवेला युरोपमा अर्को समूह दक्षिणबाट प्रवेश गऱ्यो । संभवतः यिनीहरू अल्पाइनका पूर्वज भूमध्य सागरीय मानवसङ्ग मिल्थे । यस्तै अर्को समूह मध्य र पूर्वी युरोपका क्रोम्याग्ननका शाखा थिए । यिनीहरूले अलिक विकसित संस्कृतिको सुभारम्भ गरेका थिए, खास गरेर औजार निर्माण गर्ने कलामा । हिमयुगको अन्त्य भएपछि युरोपका विभिन्न स्थलहरू क्रमशः न्यानो हुँदैगए, साथै त्यहाँ घना जङ्गलले ढाकियो । यसैले गर्दा मध्यपाषाणकालीन मानवले विभिन्न जनावरको सिकारद्वारा जीविका चलाउन सक्ने भयो ।

यसरी मध्य पाषाणकालतिर युरोपमा विभिन्न जातिहरूले प्रवेश गरी बसोबास गरेका थिए । उनीहरूले आफ्नो आवश्यकतानुसार औजार बनाउने पद्धतिको पनि विकास गरेका थिए । खासगरेर मध्यपाषाणकालतिर स–साना आकारका औजारहरू बनाउने परम्पराको थालनी भयो । यस्ता औजारहरूमा १ इन्च सम्मका पनि छन् । यस्ता औजारहरुलाई विद्वानहरूले Microlithic tool अन्तरगत समावेस गरेको पाइन्छ । Microlithic औजारहरू नवपाषाण कालसम्म आउँदा पनि प्रयोग भएको पाइन्छ । माइक्रोलिथिक औजार अन्तरगत एकतर्फ या दुवैतर्फ धार भएका ब्लेडहरू, वक्राकार टुप्पा भएका चक्कुहरू, अर्धचन्द्राकार, भी आकारका, त्रिभुजाकारका तथा चारभुजामध्ये दुई दुई भुजा समानान्तर भएका औजारहरू यसवेला बनेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माइक्रोलिथिक औजारहरू भारतको विभिन्न भागमा पनि प्राप्त भएका छन्। ब्रह्मगिरिमा गरिएको सानो उत्खननबाट मध्यपाषाणकालीन माइक्रोलिथिक औजारहरू प्राप्त हुन आएका छन्। मध्यपाषाणकाल अन्तरगत पनि विभिन्न संस्कृतिहरू विद्यमान थिए। संस्कृतिहरूको विवरण निम्न छ।

(१) अजिलियन (Agilian) :- मेग्डालियन संस्कृतिको अवशेष प्राप्त सतहमाथि पाइएका केही मानव निर्मित औजारलाई विद्वानहरूले अजिलियन संस्कृति भनी नामाकरण गरेका छन्। यस्ता औजारमा हरिणको सिङबाट बनेका तिखा भाला या बर्छाहरू नै प्रमुख छन्। यसका साथै अजिलियनका औजारहरूमा- ढुङ्गाबाट निर्मित रूखान, छीर तथा ताछ्ने औजारहरू प्रमुख थिए। कसैले नदीमा प्राप्त रातो रङ्ग लगाइएका स-साना ढुङ्गालाई अजिलियन मानवको औजार भनी स्वीकार गरेका छन्। खास गरेर अजिलियन मानवहरू गुफामा बस्दथे तथा भालु, बनेल तथा घोडाहरूका दाँतबाट बनेका विभिन्न गहनाहरू लगाउने गर्दथे। यिनीहरूले खास गरेर सिकारको सहयोगको लागि कुकुरलाई पाल्ने पनि गर्दथे। अजिलियनको अवशेष प्राप्त स्थलको नजिकै अर्का यस्तै समूहका मानव अवशेष पनि प्राप्त भएको छ। विद्वानहरूले यसलाई टार्डिनोसियन संस्कृति भनी छुट्याएका छन्। यसबाट अजिलियन र टार्डिनोसियन समानान्तर रूपमा हुर्केका थिए भनी अडकल काट्न सकिन्छ।

(२) मेग्लिमोसियन (Maglemosian) :- जुसबेला अजिलियन र टार्डिनोसियन मानवहरूले आफ्नो सांस्कृतिक विकास गर्दै थिए, त्यसैबेला अर्को समूह उत्तरबाट घुम्दै मध्य युरोपमा आएको थियो। यी मानवहरू नै मेग्लिमोसियन संस्कृतिका जनक थिए। यिनीहरूका औजारहरू उत्तरी जर्मनी, डेनमार्क र दक्षिणी स्वीडेनमा प्राप्त भएका छन्। यिनीहरूलाई मेग्लिमोसियन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात People of the Big Bog (दलदलमा बस्नेवाला) भनेर पनि भनिन्छ। यिनीहरू पानी भएका तालको वरिपरि बस्ने र माछा मार्ने गर्दथे तालहरू पार गर्नको लागि यिनीहरूले सल्लोबाट बनेका डुङ्गाहरू प्रयोग गर्दथे। मेग्लिमोसियनद्वारा निर्मित ढुङ्गा तथा हड्डीका औजारहरू ताल या पोखरीको सतहमुनि प्राप्त भएका छन्। साथै यी मानवहरूले हाड तथा तिखिलो काठबाट बनाइएका बल्छीहरू प्रयोग गर्दथे। साथै फिलन्टबाट बनाइएका खुर्कने औजार, बन्चरो तथा बसिला पनि मेग्लिमोसियनकै उपज थिए। यिनीहरूले आफ्ना औजारलाई विभिन्न चित्र कोरेर सिंगारेको पाइएको हुनाले यिनीहरू कलाका निकै सौखिन थिए भन्न सकिन्छ।

(३) किचन-मिडन (Kitchen Midden) :– मेग्लिमोसियम संस्कृति पछि किचन मिडन संस्कृति फैलिएको देखिन्छ। खास गरेर किचन मिडन संस्कृतिको बारेमा बताउने धेरै सामग्रीहरू हामीसङ्ग प्राप्त छैनन्। यिनीहरूको बारेमा केही मात्रामा प्रकाश पार्ने यी मानवद्वारा निर्मित स्मारक (चिहान) हरू नै हुन्। यिनीहरूले चिहानको वरिपरि ढुङ्गाहरू राख्ने प्रचलन ल्याएको देखिन्छ। औजारहरूको हकमा भने यिनीहरूका औजारहरू जस्तो जमिन खोस्ने ढुङ्गाका औजार र हतियारहरुमा हड्डीहरु राखेर तिखिला बनाइएका लामा निकै महत्त्वपूर्ण छन्। यसप्रकारका औजारहरू धेरैजसो मेग्लिमोसियन संस्कृतिसङ्ग मिल्दाजुल्दा छन्।

कसैले किचन मिडन संस्कृतिमा माटाका भाँडाहरू तथा छालाका थैलाहरू बनाउने परम्पराको थालनी भएको कुरा स्वीकार गरेका छन्। यस्ता माटाका भाँडाहरूमा जङ्गली कन्दमूलहरू जम्मा गरेर राखिन्थ्यो। साथै पानी र अन्य तरल पदार्थ राख्नको लागि उनीहरूले छालाद्वारा निर्मित थैलाहरू प्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दथे ।

कुनै विद्वानले किचन मिडन पछि एउटा अर्को 'क्याम्पेगनियन' संस्कृति लाई उल्लेख गरेका छन् । यस संस्कृतिका मानवले स-साना छाप्राहरू बनाई बस्न सुरु गरेका थिए भनेर पनि भनिन्छ । तर पुरातत्वविद्हरूले यस संस्कृति लाई नवपाषाणकालभित्र समावेस गरेका छन् ।

(३) नवपाषाणकाल (Neolithic Age)

प्रस्तर युगको अन्त्यको अवस्था नै नवपाषाण काल हो । नवपाषाणकाल धातुयुगको सुरू हुनु भन्दा अगाडिको अवस्था भएकोले यसकालमा प्रस्तर युगको संस्कृतिले प्रगतिको उच्च स्थान ओगटेको थियो । मोर्गन नामक विद्वानले नवपाषाण काललाई Barbarism को रूपमा चिनाएका छन् । यस कुरालाई स्वीकार गर्दै V. Gordon Childe ले नवपाषाणकाललाई Savagery बाट Barbarism मा आएको विकास भनी उल्लेख गरेकाछन् । नवपाषाणकालीन मानवहरू सभ्यताको संघारमा आइपुगेका थिए । त्यसैले उनीहरूको जङ्गली स्वरूप कम हुँदै गएको थियो । यसवेला कृषिको सुरुवात भएको हुनाले खाद्यान्न उत्पादन तिर तत्कालीन मानवहरू उन्मुख भएको देखिन्छ । यसैले विद्वानहरूले नवपाषाण काललाई 'आत्मनिर्भर खाद्य उत्पादन अर्थ व्यवस्था' भनी महत्त्व दिएका छन् । यतिमात्र होइन नवपाषाण कालमा आउँदा अरू धेरै कुराको खोजी हुन सकेको थियो । तीनीहरूलाई निम्न स्थानमा अलग अलग उल्लेख गरिएको छ ।

(क) कृषिको सुरुवात :–

नवपाषाण काललाई मानवको कृषि व्यवसायको प्रारम्भिक अवस्था मान्न सकिन्छ । यसैवेलादेखि मानवले विभिन्न वस्तुहरू उत्पादन गर्ने परिपाटिको विकास गऱ्यो । कृषिमा प्रयोग हुने ओजार जस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गैंती, छिनो, बन्चरो आदि प्रस्तरद्वारा निर्मित औजारहरू प्राप्त हुन आएकोले यो कुरो निश्चित देखिन्छ । यसका साथै त्यसवेला हँसिया, कोदालीलाई धारिलो बनाई फसल लगाउन र काट्न प्रयोग गरिन्थे । यस्ता प्रकारका औजारहरू केही हदमा सिकारको लागि पनि प्रयोग गरिन्थ्यो। उत्खननबाट गहुँ र जौ-को बिउहरू प्राप्त हुन आएकोले त्यसवेला गहुँ र जौको खेति प्रमुख रूपमा गरिन्थ्यो भन्न सकिएको छ। इजिप्टको फायुममा गरिएको उत्खननबाट यस्तै गहुँ र जौका बिउहरू प्राप्त भएका छन् । खास गरेर यिनीहरू नवपाषाण कालीन मानवका प्रमुख खाद्य पदार्थ नै थिए । अन्नलाई पिनेर मसिनो बनाउन पत्थरको सिलौटोको प्रयोग गरिन्थ्यो । कृषिको लागि त्यसवेला मेसोपोटामिया र नाईल उपत्यका प्रमुख थिए । जोर्डन उपत्यकामा प्राप्त वस्तुको कार्वन १४ को तिथि निर्धारण गर्दा प्रारम्भिक कृषिको सुरुवात ७००० ई. पू. तिर भएको थियो भन्न सकिएको छ ।

(ख) माटाका भाँडाको निर्माण :– नवपाषाण कालीन मानवका महत्त्व-पूर्ण खोज माटाका भाँडहरूको निर्माण पनि थियो । हुन त माटोको प्रयोग गरी भांडाहरू बनाउन सुरु गरेको मध्यपाषाण काल देखि नै हो । तर नवपाषाण कालमा आउँदा स्पष्ट रूपमा यसको नमुना प्राप्त हुन्छ । यसैले नवपाषाण का-लमा माटाका भांडाहरू निर्माण गर्ने परम्पराले व्यापक स्थान ओगट्न पुगेको देखिन्छ । यस्ता माटाका भाँडाहरूमा जङ्गली कन्दमूल तथा अन्नहरू संग्रह गरेर राखिन्थ्यो । यी माटाका भाँडाहरूमा नवपाषाण कालीन मानवले आकर्षक बनाउन विभिन्न चित्रहरू अङ्कित गर्ने पनि गर्दथे । भाँडाहरू निर्माण गरिसके-पछि आगोमा पोलिन्थ्यो, यसले गर्दा भाँडा पहेंलो गुलावी रङ्गको हुन्थ्यो । युरोपमा प्राप्त नवपाषण कालीन माटाका भाँडाहरू त चक्का (Wheel) को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहायताले बनाइएको स्पष्ट पाइन्छ । तर अरू ठाउँहरूमा हातबाट नै निर्मित भएका माटाका भाँडाहरूको अवशेष प्राप्त छन् । यसप्रकार माटाका भाँडाहरू निर्माण गर्नु पनि यिनीहरूको संस्कृतिको महत्त्वपूर्ण विशेषता थियो ।

(ग) पशुपालन :– नवपाषाण कालमा कृषि व्यवसायको साथसाथै पशुपालन व्यवसायले पनि महत्त्वपूर्ण विकास गरेको थियो । यी पशुहरू एकातिर कृषिव्यवसायको लागि महत्त्वपूर्ण थिए भने अर्कोतिर दूध तथा मासु प्राप्त गर्न पनि त्यत्तिकै महत्त्वपूर्ण थिए । पाल्तु पशुहरूमा खासगरेर गाई, भेडा, सुंगुर कुकुर, बाख्रा आदि थिए । खासगरेर सिकारको लागि आवश्यक भएको हुनाले कुकुरलाई मध्यपाषण कालदेखि पालन सुरू गरेको देखिन्छ । तर नवपाषाण कालमा आएदेखि कृषिको प्रयोजनको लागि पनि पशुहरू पाल्ने परम्पराको थालनी भयो । कायरोदेखि केही मिल उत्तरमा गरिएको एक उत्खननमा त्यहाँ सिकार तथा माछामार्ने पेसा प्रमुख रूपमा रहेको देखिएता पनि सुंगुर, भेडा र बाख्राका हड्डीहरू प्राप्त भएको कारणले यी वस्तुभाउ पाल्ने परम्पराको विकास भएको देखिन्छ । कुर्दिस्तानमा गरिएको रेडियो कार्बन विधिबाट त्यहाँ पशुपालनको प्रारम्भ ९००० ई. पू. तिर भएको मान्न सकिन्छ । यसप्रकार नवपाषण कालमा पशुपालन व्यवसायले पनि व्यापक स्थान लिएको थियो ।

(घ) निश्चित वासस्थान :– नवपाषण कालमा कृषि व्यवसायको सुरुवात भएको हुनाले मानवहरू एकै ठाउँमा बस्न सुरू गरे । यसै वेलादेखि नै सामुदायिक जीवनको सुरुवात भयो । सुरूमा यीनिहरूले एकै ठाउँमा रहन साना झोपडीहरू बनाएर बस्न सुरू गरे । यस प्रकारका झोपडीहरू काठले बारिएका र माटाले पोतिएका हुन्थे । कायरो देखि उत्तरतिर गरिएको उत्खननमा नवपाषणकालीन झोपडिहरू ६ एकड जतिको भू-भागमा फैलिएको देखिन्छ । यसैले नवपाषाण कालीन मानवको महत्त्वपूर्ण उपलब्धि निश्चित वासस्थानको सुभा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रम्भ गर्नु पनि हो ।

(ङ) उत्कृष्ट खालका प्रस्तर औजार :– नवपाषाण कालमा उत्कृष्ट खालका औजारहरू निर्माण गर्ने परम्पराको थालनी भएको थियो । खासगरेर यस कालका प्रस्तर औजारहरू पूर्वपाषाण र मध्यपाषाणको तुलनामा निकै उत्कृष्ट रहेका छन् । प्रस्तरबाट औजार बनाउने अर्कै विकसित प्रकृया उनीहरूले अपनाएको पाइन्छ । यस्ता औजार निर्माण गर्ने मुख्य चार चरण थिए–

(१) सर्वप्रथम मूल ढुङ्गाबाट फलक निकालिन्थ्यो । यसलाई फलकीकरण भनिन्छ।

(२) फलक निकालीसकेपछि त्यसलाई काटछाट गरिन्थ्यो । यसलाई समतलीकरण भनिन्छ ।

(३) तेस्रो चरणमा आउँदा छाटेको औजारलाई रगडेर चिल्लो पारिन्थ्यो । यसलाई घर्षण विधि भनेर पनि भनिन्छ ।

(४) रगडेर चिल्लो पारिएको औजारलाई अरु आकर्षक बनाउन पालिस लगाएर चम्काइन्थ्यो । यस पछि मात्र औजारको प्रयोग हुन्थ्यो ।

नवपाषाण युगका औजारहरूमध्ये निम्न औजारहरू व्यापक रूपमा प्रयोग गरेको पांइन्छ ।

(१) बन्चरो (Axe) :– बन्चरोहरू खास गरेर चौडा, चतुष्कोणाकार तथा त्रिकोणाकारमा निर्मित छन् । यस्ता बन्चराहरूका अधोभाग (butt) चुच्चे, गोलाकृति अथवा चौकोराकृतिका छन् । खास गरेर धारिलो भागमा तथा कुनै कुनैमा त संपूर्ण भागमा पालिसको प्रयोग गरिएको छ । यी बन्चराहरू काठ काट्न, मासु काट्न तथा बुटाहरूको जरा काट्न प्रयोग गरिन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) बसुला (Adze) :– बसुलाहरू खास गरेर तिनकुने पातला आकारमा बनेका छन् । यसको बींड कस्तो हुन्थ्यो भन्न सकिंदैन । यिनीहरू काठलाई समत बनाउन प्रयोग गरिन्थे ।

(३) छेनी (Chisel) :– छेनी सानो साँघुरो वेलनाकारमा बनेको पाइन्छ । यसको किनारा पातलो हुँदै तल धारिलो पारिएको हुन्छ ।

(४) चक्काकार ढुङ्गा (Ring Stone) :– यिनीहरू ½ इन्च देखि १ इन्च संमका गोलाकार घेरा भएका हुन्थे । यस्ता चक्काहरूमा बीचमा प्वाल पारिएको हुन्थ्यो ।

(५) स्कन्धयुक्त औजार (Shouldered Stone) :– यो चारकुने आकारमा हुन्छ । यसको एकातिरको भागबाट चारकुने चोसो निस्किएको हुन्छ । खासगरेर यो चोसोभाग काठको बींड राख्न प्रयोग गरिन्थ्यो ।

यी औजारहरूको अतिरिक्त नवपाषाणकालमा गैंती (Pick), हथौडा (Fabricator), सिलौटो (Saddle quarn) आदि औजारहरू पनि चलन चल्तीमा थिए । नवपाषाणकालीन यस्ता औजारहरूलाई विद्वानहरूले उनीहरूको जीवन शैलीको प्रमाण चिन्हहरुको रूपमा मानेका छन् ।

माथि उल्लिखित औजारहरूले नवपाषाण कालमा सिकार, खेतीपाती तथा गृहस्थको लागि आवश्यक पर्ने औजारहरू बनेको कुरा स्पष्ट देखिएका छन् । यस्ता उत्कृष्ट औजारको आधारबाट नवपाषाणकालीन मानवको साँस्कृतिक समुन्नतिको पहिचान गर्न सजिलो भएको छ । तर एउटा कुरा महत्त्वपूर्ण के छ भने नवपाषणकालीन समयको एकरूपता पाउन सकिदैन । सन्सारको विभिन्न समंयमा नवपाषाणकालीन संस्कृति फ़ैलिएको थियो । मध्यपूर्वमा नव-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाषाणकाल ७००० ई. पू. तिर फैलिएको देखिन्छ । तर पश्चिमी युरोपमा यो ३००० ई. पू. तिर फैलियो । जोर्डनको जेरिको नामक स्थानमा प्राप्त नव-पाषाणकालीन उपकरणको कार्वन १४ बाट तिथि निर्धारण गर्दा ९ हजार वर्ष पुरानो मानियो । यस्तै मिश्रमा नवपाषाणकालीन संस्कृति ६००० वर्ष पूर्व फैलिएको देखिन्छ । तर डेनमार्क, उत्तरी जर्मनी, स्वीडेन आदिमा यसको विस्तार ४००० वर्ष पूर्व भएको थियो । ग्रीसमा प्राप्त नवपाषाण कालको सामग्रीलाई विद्वानहरूले ४००० ई. पू. तिरको मान्छन् । यसै समयताका यो नवपाषाणकालीन अर्थव्यवस्था सेरविया, दक्षिणपूर्वी हंगेरी र पश्चिमी बुल्गेरियामा फैलियो ।

(ख) सभ्यताको प्रादुर्भाव र धातु युगको सुरुवात

नवपाषाणकाल पश्चात संसारका विभिन्न भागका नदीका तटवर्ती क्षेत्रहरूमा मानवहरूको बसोवास बढ्न गयो । यस्ता नदीका तटवर्ती क्षेत्रहरूमा बसोबास गरेर मानवले आफ्नो कृषि र पशुपालन पेशालाई उन्नत बनाएका थिए । यस्ता नदीहरूमा नाईल, टिंगरी, युफ्रेटस्, ह्वाङ्ग हो, उई र सिन्धु आदि प्रमुख छन् । यी नदीका तटवर्ती क्षेत्रहरूमा मानवहरूको बसोवास मात्र बढ्न गएन त्यहाँ उनीहरूको सिङ्गै शहरी सभ्यताको प्रादुर्भाव हुन पनि गयो ।

गोर्डन चाइल्डले मानव विकासलाई २ चरणमा विभाजित गरी प्रथम चरणमा नवपाषाण कालीन परिवर्तन जस्तो कृषि, पशुपालन र ग्रामीण समुदायको विकासलाई लिएका छन् । यस्तै यस पछिको दोस्रो चरणमा शहरी सभ्यताको परिवर्तनलाई उल्लेख गरेका छन् । यस अन्तरगत भएको परिवर्तनलाई निम्न भागमा विभाजित गरिएकोछ ।

(१) शहर अथवा घनावस्तीको उदय
(२) विशेष पेशामा रहेका मानव समूहभित्र जनसंख्याको विभेद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३) सामाजिक श्रेणी

(४) दान वा करको रूपमा देखापर्ने सामाजिक जगेडा

(५) व्यक्तिगत भवनहरूको विकास

(६) लेखनकलाको विकास

धेरै विद्वानहरूले सभ्यताको विकासमा देखापरेका ३ कुरालाई प्रमुख रूपले स्वीकार गरेकाछन् । यसमा धर्म, विज्ञान र कानून तथा लिपि थिए। यी विषय वस्तुको आधारबाट मात्र सभ्यताको पूर्ण मापदण्ड लिन सकिन्छ ।

एसिया माइनर र प्यालेस्टाइन क्षेत्रमा शहरी जीवनको सुभारम्भ ८००० ई. पू. तिर भएको थियो । तर समुच्च रूपमा नाईल उपत्यका, टिङ्ग्री, युफ्रेटस र सिन्धु उपत्यकामा शहरहरूको उद्भव ४५००-४००० ई. पू. तिर भएको मान्न सकिन्छ । यस्तै चीनको ह्वाङ्ग हो र उई नदीका उपत्यकामा पनि शहरी जीवनले ४००० ई. पू. तिर आफ्नो स्वरूप लिइसकेको देखिन्छ । तर मेक्सिको र पेरूमा शहरी जीवनको सुरूवात निकै पछि आएर हुन गयो । विद्वानहरूले मध्यपूर्वलाई पश्चिमी सभ्यताको जन्मथलोको रूपमा स्वीकार गरेका छन् । मध्यपूर्वमा सर्वप्रथम राज्य व्यवस्थाको सुभारम्भ हुन गएको थियो । त्यसवेलाका शक्ति संपन्न राज्यहरूमा इजिप्ट तथा त्यसपछि मेसोपोटामियाका चालडेया, वेबिलोन, असिरिया र पर्सिया पर्दथे । २३०० ई. पू. तिर सेमेटिक नेता सर्जोन प्रथमले वेबिलोनियालाई परास्त गरेर अक्काडमा आफ्नो शासन केन्द्र बनाई राज्य व्यवस्था कायम गरेको उल्लेख पाइन्छ ।

यस्तै कलाको क्षेत्रमा पनि इजिप्सियन कलाको महत्त्व रहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुफाका चित्रहरू पछाडिको मानवद्वारा निर्मित प्रथम रूपका सामग्रीलाई आफ्नो कलामा ढाल्ने परम्पराको सुरुवात यसैवेला हुन गयो । यस कुराको प्रमाण त्यहाँ प्राप्त मूर्तिहरूले दिन्छन् ।

यस्ता सभ्यताहरूको विकास भएपछि अर्को के कुरा पनि देखिन आयो भने त्यहाँ धातुको आविस्कार गरी त्यसबाट विभिन्न औजारहरू र उपकरणहरू बनाउन थालियो । ३००० ई. पू. तिर अर्थात् जर्जन समयताका नाईल उपत्यकामा र यसै समयतिरको मेसोपोटामियाको युरुकमा हथौडाले विभिन्न आकारमा ढालिएका तामाका उपकरणहरू प्राप्त भएका छन् । यसपछि फलामको परिचय हुन गयो । सिन्धु उपत्यकाको सभ्यतामा पनि तामाद्वारा निर्मित विभिन्न वस्तुहरू प्राप्त भएका छन् । यसरी मानवले विभिन्न सभ्यताको आविष्कार गरिसकेपछि धातुलाई प्रयोग गर्न सुरू गरे । किनभने स्वाभाविक रूपमा धातुबाट औजारहरू बनाउन सुगम हुन गयो । पछि यसलाई गालेर विभिन्न आकारमा ढाल्ने प्रकृया पनि यसैसंग विकसित भएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ६

आद्य इतिहास (Protohistory)

परिचय

प्रागैतिहास भन्दा पछाडि र प्रामाणिक इतिहास सुरूहुनु भन्दा अगाडिको समयावधिलाई आद्य इतिहास भनिन्छ। खास गरेर ऐतिहासिक प्रमाणहरू प्राप्त हुनु भन्दा अगाडि पनि विभिन्न कालहरू व्यतित भएका हुन्छन् तत्कालीन अवस्थाको बारेमा जानकारी दिने हामीसँग स्पष्ट ऐतिहासिक प्रमाण जस्तो अभिलेखहरू प्राप्त हुन नसके पनि अप्रत्यक्ष स्रोतहरूले त्यो अवस्थाको जानकारी दिइरहेका हुन्छन्। यस्तो काललाई आद्य इतिहास भनेर चिनाइएको छ। छोटकरीमा भन्ने हो भने स्पष्ट रूपमा लिपिको विकास भए पछि ऐतिहासिक युगको थालनी हुने हुनाले त्यो भन्दा अगाडिको अवस्थालाई आद्य इतिहास भनिन्छ। भारतमा ईसापूर्व तेस्रो शताब्दी तथा मौर्यकालको समयदेखि प्रामाणिक इतिहास सुरू हुन्छ। तर यो भन्दा अगाडिको बौद्धकाल, महाभारतकाल, उत्तरवैदिक, वैदिक तथा सिन्धु सभ्यताकै बारेमा प्रकाश पार्ने अनेक स्रोतहरू त छन् तर त्यसवेलाको ऐतिहासिक सिलसिला पाउन सकिंदैन। ऐतिहासिक सिलसिला बन्नको लागि निश्चित लिपि, भाषाको प्रमाण हुनु जरूरी छ। यसैले यसकाललाई आद्य इतिहासको रूपमा चिनाइएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिन्धुघाटीको सभ्यता (Indus Valley Civilization)

सिन्धुनदी तथा यसका आसपासका क्षेत्रहरू मानव सभ्यताको इतिहासमा महत्त्वपूर्ण छन् । यस्ता क्षेत्रको महत्त्वले तत्कालीन मानव सभ्यताको बारेमा मात्र नबताई सम्पूर्ण भारतवर्षको इतिहासमा एक नयाँ अध्याय थपेको छ । भारतको छैठौं सताब्दि ई. पू. सँग जान सकेको इतिहास सिन्धु सभ्यताको जानकारीबाट तीनहजार ई. पू. सम्म जोडित गरेकोछ । यसैले सिन्धु सभ्यताको इतिहासले भारतवर्षमा मानव सभ्यताको विस्तार भएको कुरालाई सबैको सामु स्पष्ट पारेकोछ ।

सिन्धु सभ्यताको वर्तमान क्षेत्र पाकिस्तान भित्र पर्दछ । यसमा मोहनजोदडो र हरप्पाको अतिरिक्त जम्मा ८० वटा क्षेत्रहरू पर्दछन् । यसको विस्तार पूर्वमा गुजरात र काठियावाडबाट सुरू भएर पश्चिममा मकरानसम्म तथा उत्तरमा सिमला पहाडको फेदीसम्म फैलिएको थियो ।

मोहन जोदडो हालको सिन्ध प्रान्तको लरकाना जिल्ला अन्तरगत सिन्ध तथा नर नहरको मध्यमा स्थित छ । यो कराचीबाट २०० मिल उत्तरमा पर्दछ । मोहनजोदडोको शाब्दिक अर्थ त 'शवको थुप्रो' भन्ने हुन्छ । संभवत: युगौंदेखि मानवको अवशेष रहेको हुनाले पनि यसलाई शवको थुप्रो भनियो । यस्तै हरप्पा पनि पञ्जाब प्रान्तको मान्टगोमरी जिल्ला अन्तरगत रावी नदीको किनारामा पर्दछ । यहाँ प्राप्त सिंगो सभ्यताको आधारबाट विद्वानहरूले यसलाई 'हरप्पा संस्कृति' भन्दछन् । यस्तै चन्हुदडो, अम्बाला, बलुचिस्तान आदि समग्र स्थलहरूको उत्खनन्बाट यी स्थलहरूका सभ्यतालाई पनि सिन्धु सभ्यता अन्तरगत समावेश गरिएको छ ।

सन् १८५६ मा पूर्वी भारतीय रेलमार्ग बनाउने काममा जोन र विलि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यम ब्रुटन दुई दाजुभाईले कराचीदेखि लाहोरसम्म निर्माण गर्ने कामको अभिभारा लिएका थिए। यसमा जोन दक्षिणी भागको प्रमुख तथा उनका भाइ विलियम पञ्जाब प्रान्तको प्रमुख थिए। यिनै विलियम ब्रुटनद्वारा हरप्पाको ऐतिहासिक स्थानको सर्वप्रथम पत्तोलाग्न गएको थियो। सन् १८६१ मा कनिंघम उत्तरभारतको पुरातात्विक सर्वेको निर्देशक भए पछि यसमा महत्त्वपूर्ण कार्य भयो। उनले हरप्पा क्षेत्रलाई निकै प्राचीन र महत्त्वपूर्ण स्थानको रूपमा परिचय दिए। तर त्यो क्षेत्रको उत्खनन कार्य भने निकै पछि आएर भयो। सन् १९२२ मा आएर राखलदास बनर्जीले हरप्पा र मोहनजोदडोमा उत्खनन कार्य गरे। यस प्रकारको सिन्ध प्रान्तको उत्खनन कार्य सन् १९३१ सम्म कायम भयो। सन् १९२७ र १९३१ को बीचमा एन्. जी. मजुमदारले सिन्ध तथा यसका समवर्ती क्षेत्रहरूमा सर्वे कार्य गरेका थिए। यसपछि १९३५-३६ मा आएर अर्नेस्ट मेकाइलले मोहन जोदडोको साथसाथै चन्हुदडोको पनि उत्खनन गरे। यसप्रकारको उत्खनन कार्यबाट निकै मात्रामा प्राचीन भवन, गल्ली तथा अन्य अवशेषहरू प्राप्त हुन आए। यही महत्त्वलाई ध्यानना राखेर सन् १९४५-४८ को बीचमा सर मोर्टिमर ह्वीलरले यहाँ वैज्ञानिक पद्धति अनुसारको उत्खनन कार्य गरे। उनको यो उत्खनन पश्चात हरप्पाको शहरी जीवनको संस्कृतिको यथेष्ठ जानकारी प्राप्त हुन आयो।

यहाँ गरिएका उत्खननबाट प्राप्त जानकारीबाट यो स्पष्ट हुन आएको छ कि यो सभ्यता कुनै अंशमा मेसोपोटामिया, एलम तथा मिश्रको सभ्यतासंग तुलनीय थियो। यस सभ्यतालाई विद्वानहरूले 'ताम्र पाषाण युगीन सभ्यता' मानेका छन्। यस सभ्यताका मानवहरूले कृषि, पशुपालनको साथै सुसंगठित शहरी जीवनको विकास गरेको देखिन्छ। यस सभ्यतामा प्राप्त वस्तुहरूबाट निम्न कुराहरूको जानकारी मिल्न गएकोछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगर निर्माण (Town Planning):- सिन्धुघाटीको सभ्यता नगरको सभ्यता हो। मोहनजोदडो तथा हरप्पामा गरिएको उत्खननमा एउटा सिंगै शहरको अवशेष पत्ता लागेको छ। यस प्रकारको नगर सभ्यता उच्च थियो। नगरको प्रबन्ध योजनाबद्ध थियो। शहरमा ठुलठूला सडकहरू थिए। मोहन-जोदडोमा शहरको बीचमा उत्तर-दक्षिण तथा पूर्व-पश्चिमको सडकले क्रस गरेको देखिन्छ। यस्ता मुख्य सडकलाई जोड्ने अरू स-साना सडक र गल्लीहरू पनि बनेका थिए। सडकहरू आधा माइल दूरी भएका तथा १४ देखि ३५ फिटसम्मका चौडा प्राप्त भएका छन्। साना गल्लीहरू पनि ४–६ फिटसम्मका छन्। यी सबै सडक र गल्लीहरूमा ढलको उचित व्यवस्था गरिएको थियो। मोहनजोदडोको कुनै पनि सडक या गल्ली पक्की छैन। उत्तरदेखि दक्षिणको मुख्य सडकमा भने केही इँटाका टुक्राहरू पाइन्छन्।

सडकको किनारामा फोहर मैला फ्याक्नको लागि ठुल्ठूला भाँडा-हरू राखिन्थ्यो। यसबाट नगरको सफाइमा समुचित प्रवन्ध भएको मान्न सकिन्छ। सिन्धु सभ्यताको यस प्रकारको नगर निर्माण गर्ने विधि त्यसवेला मेसोपोटामियाको सभ्यतामा पनि पाउन सकिदैन। हरप्पा र मोहनजोदडो शहरलाई घेरिएका किल्लाका अवशेषहरू पनि प्राप्त भएका छन्। यसबाट सिन्धु सभ्यताको नगरयोजना उत्कृष्ट रहेको देखिन्छ।

भवन (Buildings):- जसरी नगर निर्माण एक योजना अनुसार थियो, त्यसै गरी भवनहरू पनि योजनानुसार नै बनेका थिए। सडक तथा गल्लीहरू-को दुवै तर्फ घरहरू बनेको पाइन्छ। यस्ता घरहरूको भग्नावशेष मात्र प्राप्त भएको हुनाले त्यसको स्वरूप एकिन गर्न कठिन छ तापनि घरहरू उचो नै हुने अनुमान गरिएको छ। कुनै दुईतले तथा २५ फिट उचाइसम्म भएका घर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू बनेका थिए भन्ने अनुमान गर्न सकिन्छ । मध्यम परिवारहरू रहने घरहरू धेरै कोठा भएका हुन्थे तथा यसको बीचमा खुला आगन छोडिन्थ्यो । प्रत्येक घरमा नुहाउने कोठा तथा कुवाको व्यवस्था थियो । नुहाउने कोठा, शौचालय तथा भान्साबाट फोहर पानी फ्याँक्न सानो पाइप बाहिर निकालिन्थ्यो र त्यो अन्त्यमा गल्लीको नालीमा गएर मिसिन्थ्यो । मोहनजोदडोमा माटोबाट निर्मित ढलको पाइप पनि प्राप्त भएको छ । यस प्रकार सिन्धु सभ्यताका घरहरूमा सफाइको महत्त्वमाथि विचार पुऱ्याइएको देखिन्छ ।

सिन्धु सभ्यतामा घरहरू ईंटा तथा काठहरूको प्रयोग गरी बनाइन्थे । यहाँ प्राप्त भएका घरहरू निकै मजबुत छन् । यस्ता इँटाहरू रातो रङ्गका छन् । साना इँटाहरू १०$\frac{१}{४}$'' × ५'' × २$\frac{१}{४}$'' सम्मका र यो भन्दा पनि ठूलो इँटाहरू २०$\frac{१}{२}$'' × ८$\frac{१}{२}$'' × २$\frac{१}{५}$'' इञ्चसम्मका प्राप्त छन् । विद्वानहरूले सिन्धु सभ्यताका भवनहरूमा अधिकांश काठको प्रयोग भएकोले ती घरहरू चाँडै नै नष्ट भएको उल्लेख गरेका छन् ।

स्नानागार (Great Bath):– सिन्धुसभ्यताको महत्त्व थप्ने काममा मोहनजोदडोको उत्खननमा प्राप्त स्नानागारको पनि रहेको छ । स्नानागारको बनावटबाट सिन्धु सभ्यताको निवासीहरूको सांस्कृतिक जीवनको बारेमा पनि बुझ्न सकिएको छ, किनभने स्नानागारले सामुहिक नुहाउने स्थलको चिनारी दिने काम गरेको छ । स्नानागारको बनावट निकै भव्य छ । यसको उत्तर देखि दक्षिणसम्म १८० फिट र पूर्वदेखि पश्चिम १०८ फिट छ । यसको ठिक बीचमा चतुष्कोणाकारमा आँगन बनेको छ । खुला आँगनको तिनतर्फ (पश्चिम तर्फ बाहेक) कोठाहरू बनाइएक छन् । उक्त चतुष्कोणाकारको खुला आँगनको बीचमा नुहाउने पोखरी बनेको छ । मूल पोखरीको लम्बाई ३९ फिट र चौडाई २३ फिट तथा यसको गहिराई जम्मा ८ फिट छ । पोखरीको तल्लो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सतह पक्की इँटाबाट बनेको देखिन्छ तथा यसलाई जोड्न जिप्सम मोरटार लगाइएको छ । यसको तल १" बाक्लो damp proof पनि गरिएको छ। जसमा चम्किने खालको खनिज पदार्थ लगाइएको छ । दक्षिण पश्चिम कुनाबाट पोखरीको फोहर पानी फ्याक्ने निकास बनाइएको छ । यो निकास इँटाबाट अर्धघेराको आकारमा बनेकोछ । ढल पुरा एक मानिस बराबरको उचाइमा फराक गरी बनेकोछ ।

स्नानागारको पूर्वतर्फको भागमा लहरै कोठाहरू बनाइएकाछन् । एउटा कोठामा ईनार पनि बनेको छ । यो ईनारबाट आवश्यक परेको खण्डमा पानीको पूर्ति गरिन्थ्यो । यी सबै कोठाहरूमा जान सिंढीहरू पनि बनेका छन् । विद्वानहरूले मोहनजोदडोमा प्राप्त यति विशाल स्नानागारलाई विशेष पर्व, जात्रा तथा यस्तै धार्मिक उत्सव आदिको बखतमा सामुहिक नुहाउने पोखरीको रूपमा प्रयोग गरेको उल्लेख गरेकाछन् । यहाँ प्राप्त भएका कोठाहरूमा संभवतः कुनै विशेष जप या ध्यान गरिने कुरा पनि विद्वानहरूको रहेकोछ । यसप्रकार सिन्धु सभ्यतामा प्राप्त स्नानागारको अवशेषले सिन्धु निवासीहरूको धार्मिक जीवनचर्याको बारेमा जानकारी दिने गरेको छ ।

अन्न भण्डार(Grainary):- हरप्पाको उत्खननमा प्राप्त भएको अर्को महत्त्वपूर्ण अन्न भण्डार पनि हो । अन्न भण्डार दुईवटा विशाल भवनको रूपमा बनेको छ । यसका प्रत्येक खण्डहरू १६९ फिट उत्तर-दक्षिण र १३५ फिट पूर्व-पश्चिम फैलिएका छन् । प्रत्येक खण्डलाई सानो गाह्रोको घेराले छुट्याइएको छ । हरेक खण्डमा ६/६ वटा ठुल्ठूला हलहरू बनेकाछन् । यी हलहरू ५१ फिट लम्बाई र १६ फिट चौडाइका छन् । प्रत्येक हलहरू ४ वटा साँघुरा कोठामा विभक्त भएका छन् । भवनका सबै भित्ताहरू पाको इँटाबाट बनेका छन् । कोठाका विभाजित भित्ताहरू भने मिश्रित रूपमा बनेकाछन् । यसप्रकार यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भव्य अन्न भण्डारको बनावटले शहरको सार्वजनिक भवनको महत्त्व राखेको छ। विद्वानहरूले यस भवनमा राज्यको ढुकुटी संग्रह गरिराख्ने भनी अनुमान गरेका छन्। कसैले भने यी भवनहरू ठुलठूला व्यापारिका सामानहरू संचय गर्ने भण्डारको रूपमा उल्लेख गरेको पाइन्छ। जे होस्, यी अन्न भण्डारहरूले तत्कालीन सिन्धु निवासीहरूको आर्थिक अवस्था माथि थप जानकारी दिलाएका छन्।

सामाजिक अवस्था (Social Condition)

(क) भोजन:– उत्खननमा गहुँ र जौको अवशेष प्राप्त भएको हुनाले सिन्धु निवासीहरूको मुख्य खाद्यान्नमा गहुँ र जौ नै थिए भन्न सकिन्छ। यसका अतिरिक्त चामल पनि मुख्य खाद्य पदार्थमा आउँथ्यो साथै त्यसबेला मटर तथा तीलको खेती पनि गरिन्थ्यो। सिन्धु सभ्यतामा प्राप्त भाँडाहरूमा कागतीको पात, नरिवल तथा अन्य फलफूलहरूको आकार अंकित गरिएको हुनाले यी वस्तुहरूसंग उनीहरू परिचित थिए भन्न सकिन्छ। साथै उनीहरूको खाद्यको रूपमा माछा, मासुको पनि त्यत्तिकै प्रयोग हुन्थ्यो भन्ने कुरा त्यहाँ प्राप्त विभिन्न जनावरका तथा माछाका हाडहरूबाट अनुमान लगाउन सकिन्छ। दूध तथा घिउको प्रयोग गर्न पनि सिन्धु निवासीहरूले जानिसकेका थिए।

(ख) वस्त्र:– सुतकात्ने चर्खा उत्खननमा प्राप्त भएको हुनाले सिन्धु निवासीहरूले वस्त्र उत्पादनमा सफलता पाएको मान्न सकिन्छ। यसप्रकारको चर्खा मोहनजोदडोको उत्खननमा प्राप्त भएको हो। उनीहरूको प्रमुख वस्त्रको रूपमा उनी तथा सूती दुवै पर्दथे। एउटा पुरुषको मूर्तिमा सल ओढेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइएको हुनाले ओड्ने कपडा त्यसबेला पनि प्रचलित भएको देखिन्छ। स्त्रीका मूर्तिहरूमा कमरदेखि मुनिको भागमा वस्त्रको प्रयोग गरिएको छ । तर यहाँ प्राप्त धेरैजसो मूर्तिहरू नग्नप्राय: छन् तथा धेरै मूर्तिहरू टुटेको अवस्थामा पाइएको हुनाले पनि वस्त्रको संबन्धमा एकिन गर्न गाह्रो भएको छ । हरप्पामा प्राप्त एउटा पुरुष मूर्तिको जाँघमा एउटा वस्त्रको प्रयोग गरिएकोछ । कसैले यसलाई धोती नै स्वीकार गरेका छन् । हरप्पाको उत्खननमा प्राप्त मूर्तिको आधारबाट त्यसबेला स्त्रीले टाउका पछाडि प्वाँखजस्तो माथि उठेको वस्त्र प्रयोग गर्दथे भन्न सकिन्छ।

(ग) आभूषण:– सिन्धु सभ्यताका निवासीहरू गरगहनामा विशेष सौखिन थिए । धनी तथा गरिवहरू आफ्नो सामर्थ्य अनुसार किमती तथा साधारण आभूषणहरू लगाउँथे । सुनचाँदी तथा यस्तै किमती पथ्थरबाट बनेका गहना धनीहरूले लगाउँथे भने गरिवहरूले माटो, हड्डी तथा तामाबाट बनाइएका गहना लगाउँथे । हार, भुजबन्ध तथा कंगन आदि गहना स्त्री तथा पुरुष दुवैले प्रयोग गर्दथे । स्त्रीहरूले नाकमा नथुनी, औंलामा औंठी तथा कानमा बाली लगाउँथे । हस्तिदन्त तथा पित्तलबाट बनेका ऐनाहरू पनि प्राप्त भएको हुनाले स्त्रीहरू आभूषणमा विशेष सौखिन थिए भन्न सकिएको छ । त्यसबेला धातुबाट बनेका रिबन संभवत: टाउकामा बाँध्ने गरिन्थ्यो । यसबाट सिन्धु निवासीहरूको जीवन विशेष सौन्दर्य सम्पन्न रहेको मान्न पनि सकिन्छ ।

(घ) मनोरञ्जन:– सिन्धुसभ्यतामा मनोरञ्जनको रूपमा प्राचीनकालको खेल सतरंज प्रचलित थियो । सतरंजको साथसाथै विभिन्न जनावरको सिकार गर्नु पनि उनीहरूको मनोरंजनमा पर्दथ्यो । विभिन्न सिलहरूमा धनुषवाण-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ले जङ्गली हरिण तथा बाख्राको सिकार गरेको देखाइएको छ। यसबाट धनुर्वाण चलाउनु उनीहरूको मनोरञ्जनको रूपमा प्रचलित थियो भन्न सकिएको छ। कुनै सिल (मोहर) मा बाँसुरी, वीणाको चिह्न उत्कीर्ण भएकोले उनीहरू नृत्य तथा संगीतमा सौखिन रहेको अनुमान हुन्छ। यसको साथै उत्खननमा बालकहरूले खेलाउने सिठी, बैलगाडी प्राप्त भएको हुनाले यिनीहरू मनोरञ्जनको रूपमा प्रयोग भएको अनुमान हुन्छ।

(ङ) गृह सामग्री तथा औजार:– घरको लागि आवश्यक पर्ने धेरै सामग्रीहरू मोहनजोदडोमा प्राप्त भएका छन्। यी सामग्रीहरू ढुङ्गा, माटो, सिपी, हस्तिदन्त तथा धातुबाट बनाइएकाछन्। उत्खननबाट माटाका कप, प्याला, कचौरा, थाल, कराही, रिकापी, लोटा प्राप्त भएकाछन् भने तामा तथा काँसबाट बनेका पानस, कचौरा, गिलास आदि पनि प्राप्त हुन आएकाछन्। माटाका भाँडाहरूमा खास गरेर पेय वस्तुहरू राखिन्थ्यो। यसका अतिरिक्त अन्न संकलन गर्ने ठुलठूला भाँडाहरू पनि यहाँ प्राप्त हुन आएकाछन्।

यस्तै दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न औजारहरू पनि सिन्धु सभ्यतामा प्राप्त भएका छन्। यस्ता औजारहरू तामा, सुन तथा हस्तिदन्तबाट बनाइएका छन्। यिनमा क्षौर तथा सियो प्रमुख छन्। यस्तै तामा तथा काँसबाट निर्मित बञ्चरोहरू महत्त्वपूर्ण छन्। यी बञ्चराहरू प्रस्तरका आकारमा धारिलो गरी बनाइएकाछन्। यसको साथै प्रस्तरबाट निर्मित भाला, बर्छा, तरवार तथा वाणका टुप्पाहरू पनि प्राप्त वस्तुमा महत्त्वपूर्ण छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(च) अन्तिम संस्कार:– सिन्धु निवासीहरूको अन्तिम क्रिया कसरी गरिन्थ्यो भन्ने कुरा एकिन हून सकेको छैन । हरप्पामा २ वटा समाधिको उत्खनन गरिएको छ, जो एउटा हरप्पाकालीन नै हो र अर्को पछि तिरको हो। पहिलो समाधि मूल ढिस्को देखि दछिण पट्टि छ । त्यहाँ १९३७ देखि १९४६ को बीचमा उत्खनन गर्दा ५७ वटा चिहानहरू फेला परेका थिए । हरेक चिहान-पिच्छे माटाका भाँडाहरूको साथै व्यक्तिगत गरगहनाहरू पनि प्राप्त भएका छन् । उत्खनन गर्दा त्यसवेला नरकट तथा काठका कफनहरू सहितका चिहान प्राप्त भएका थिए। त्यसवेला यसप्रकारको प्रचलन सुमेरियन सभ्यतामा लोकपृय रहेको थियो ।

यसका अतिरिक्त उत्तर हरप्पाकालीन प्राप्त माटाका भाँडाहरू र त्यस-मा अंकित चित्र पनि उल्लेखनीय रहेका छन् । यस्ता चित्रहरूमा मयुर, हरिण, साँढे, बाखृा, माछाको साथै रुखविरूवा अंकित गरिएको पाइन्छ । अधिकाश मृतक गाडिएको स्थानमा भेडा तथा बाखृाको बली दिइन्थ्यो । यसलाई मृत शरी-रसंगै राखेर गाडिन्थ्यो । यसप्रकार समाधिका विविध स्वरूपबाट विद्वानहरूले त्यसवेला मुख्य गरेर ३ प्रकारका समाधि रहेको उल्लेख गरेका छन् । यिनमा पूर्ण समाधि आंशिक तथा दाह पछिको समाधिस्थ थिए ।

पूर्ण समाधिस्थामा मृतकको पूर्ण शरीरलाई गाडिन्थ्यो । यसमा चिहान-संगै वस्तुहरू पनि राखिने गरिन्थ्यो । उत्खननमा पूर्ण समाधिस्थ गरेका ३० वटा जति अस्थिपंजर प्राप्त भएका छन् । यिनिहरू संमबत: कुनै दुर्घटनामा परी मरेका हुनु पर्दछ । अर्को आंशिक अमाधिमा मृत शरीरलाई विभिन्न जंगली जनावरलाई खुवाएर बचेखुचेको हाडखोर जम्मा गरी गाडिन्थ्यो । ५ वटा जति यस्ता समाधिहरू प्राप्त भएका छन् । एउटा चिहानमा माटाका भाँडाहरू,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हारका दाना, सिपी, हस्तीदन्तको टुक्रा राखिएको पाइन्छ । दाह पछि गरेका समाधिमा ठूलो मुख भएको भष्म कलस गाडिन्थ्यो । यसको वरिपरि स-साना अरू कलसहरू, जनावरका हड्डी, चुडी, मूर्ति पनि राखिन्थ्यो । खास गरेर यिनीहरू जमिनको सतह मुनि पाइन्छन् । दाह संस्कार पछि भष्म जम्मा गरेर राखिएका यी कलसहरू घरमा पाइने भाँडाका आकार भन्दा भिन्नै छन् । यसप्रकार सिन्धु सभ्यतामा अन्तिम संस्कार विभिन्न तरिकाबाट सम्पन्न गरिन्थ्यो भन्ने अडकल गरिएको छ ।

आर्थिक अवस्था (Economic Condition)

मोहन जोदडो तथा हरप्पामा प्राप्त समृद्ध नगरबाट सिन्धुनिवासीहरूको आर्थिक जीवन उच्च थियो भन्न सकिन्छ । वास्तवमा त्यसवेलाको आर्थिक अवस्था राम्रो भएको हुनाले नै कला, वास्तुकला आदिले पनि विकास गर्ने अवसर प्राप्त गरेका थिए ।

(क) कृषि :– त्यसवेला अधिकांश मानिसहरूको पेसा कृषि नै थियो । कृषिको लागि कुन कुन वस्तुहरूको प्रयोग गरिन्थ्यो भन्ने कुरा स्पष्ट हुन सकेको छैन । त्यसवेला वर्षा कम भएता पनि सिन्धुनदीले सिचाइमा सुविधा दिएको थियो । माथि नै भनियो कि सिन्धुनिवासीहरूको मुख्य खाद्यान्नको रूपमा गहुँ र जौ थिए । कृषिको लागि संभवतः हलोको प्रयोग हुन्थ्यो । संभवतः हलो काठबाट बनाइने हुनाले यो चाँडै नष्ट भएर गयो होला भन्ने अनुमान गर्न सकिन्छ ।

(ख) पशुपालन :– पशुपालन व्यवसाय पनि सिन्धुनिवासीहरूको सहायक पेसाको रूपमा थियो । उत्खननमा विभिन्न जनावरका अस्थिपंजरहरू प्राप्त भएकाछन् । साथै त्यसवेलाका मोहरहरूमा पनि विभिन्न जनावरलाई उत्कीर्ण गरिएको छ । केही मोहरहरूमा गाई, गोरू र भैंसीको चित्र अङ्कित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएकोले सिन्धुनिवासीहरूको आर्थिक जीवनमा यो पशुहरूको महत्त्वपूर्ण स्थान थियो भन्न सकिन्छ । यसका साथै साँढे, भैंसी, हात्ती, भेडा, सुगुर तथा ऊँटको अस्थिपंजर प्राप्त हुन आएकोछ । घोडाको अवशेष माथिल्लो सतहमा प्राप्त भएकोले यो पछितिर परिचित भएको देखिन्छ । विभिन्न चरा-चुरुङ्गीसङ्ग पनि यिनीहरू परिचित थिए भन्ने सिलहरूमा अङ्कित छापबाट स्पष्ट हुन्छ । बाघ, गैंडा, भालु, मृगजस्ता जङ्गली जनावरसङ्ग पनि सिन्धुनिवासीहरू परिचित रहेका देखिन्छन् ।

(ग) व्यापार :– अन्य पेसा जस्तै व्यापारको क्षेत्रमा पनि सिन्धुनिवासीहरूले ठूलो उन्नति गरेका थिए । नगरको सडकका दुवै छेउमा रहेका पसलहरू निश्चय पनि तत्कालीन व्यापारको समुन्नतिको उदाहरण दिन्छन् । यसका साथै तौलको केही प्रमाणले वाणिज्यको विकासको परिचय दिन्छ । त्यसवेला अनेक धातु जस्तो तामा, चाँदी, सुन आदि बाहिरबाट आयात गरिन्थ्यो । संभवतः यी धातुहरू अफगानिस्तान तथा ईरानबाट झिकाइन्थ्यो । एउटा मोहरमा पानीजहाजको चित्र अङ्कित भएको हुनाले समुद्रपार व्यापारमा पानीजहाजको प्रयोग गरिन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । स्थलमार्गको लागि बैल गाडाको प्रयोग हुन्थ्यो । विद्वानहरूका अनुसार सिन्धु सभ्यताका मानिसहरूले पश्चिमी एसियाका विभिन्न देशहरूसङ्ग व्यापार सम्पर्क कायम गरेका थिए । गोर्डन चाइल्डले सिन्धुनिवासीले सुमेरियन कलाको कुनै सैली तथा मेसोपोटामियाको मोहर निर्माण गर्ने प्रक्रयाको अनुकरण गरेको उल्लेख गरेकाछन् । यसबाट सिन्धु सभ्यतामा व्यापार व्यवसायले उन्नति गरेको थियो भन्न सकिन्छ ।

धार्मिक अवस्था (Religious Condition)

उत्खननबाट प्राप्त जानकारीबाट सिन्धुनिवासीहरूको धार्मिक स्वरूपको बारेमा स्पष्ट थाहा हुन सकेको छैन । कुनै मन्दिरको अवशेष चिन्ह तथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै निश्चित देव प्रतिमाको प्राप्ति हुन नसकेको हुनाले यस्तो हुन गएको हो। तर यहाँ प्राप्त हुन आएका सिलहरूको आधारबाट सिन्धुनिवासीको धार्मिक विचारको बारेमा केही मात्रामा थाहा पाउन सक्छौं।

(क) मातृदेवीः– सिन्धु सभ्यताका उत्खननमा यस्ता असंख्य नारीका मूर्तिहरू प्राप्त भएका छन् जसले बलुचिस्तानमा प्राप्त नारीमूर्तिसँग समानता राखेको छ। साथै यस्ता मूर्तिहरू ईरान, एलम, मेसोपोटामिया, सिरिया, इजिप्ट आदि स्थानमा पनि प्राप्त हुन आएका छन्। सिन्धु सभ्यतामा प्राप्त यी मूर्तिहरू माटो तथा चिनी माटोबाट बनाइएका छन्, जो अर्धनग्न उभिएको रूपमा छन्। मूर्तिको कपाल शृङ्गारिक छ तथा विभिन्न गरगहनाले सुसज्जित देखिन्छन्। यस कुरामा सबैको एकमत भएको छ कि यी मूर्तिहरू मातृदेवी तथा प्रकृति देवीका हुन् जसलाई अहिलेसम्म पनि कुनै न कुनै रूपमा पूजा गरिन्छ। एउटा गर्भिणी नारीको मूर्ति र अर्को बच्चा सहितको नारी-मूर्तिबाट सृष्टिको रूपमा नारीलाई पुज्ने परम्परा रहेको थाहा पाइन्छ। एउटा नारीको मूर्ति, जो सिगारिएको ३ खुट्टे कुर्सीमाथि बसेको देखाइएको छ। यसलाई स्पष्ट रूपमा मातृदेवीको मूर्ति मानिन्छ। हरप्पाको एउटा मोहरमा नग्न नारीको मूर्तिबाट एउटा बिरुवा निस्केको देखिन्छ। यस मूर्तिको पछाडि एउटा पुरुषले हातमा चक्कु लिएको छ र यसको नजिकै एउटी स्त्रीले हात माथि उठाएको देखिन्छ। विद्वानहरूले यस मूर्तिलाई मातृदेवी मान्दै उनलाई बली दिने प्रचलन रहेको अनुमान गरेका छन्।

(ख) शिव, पशुपतिः– नारीमूर्तिहरूको साथै सिन्धु सभ्यतामा पुरुषका मूर्तिहरू पनि प्राप्त भएका छन्। यस्ता पुरुषमूर्तिहरूमा केही मूर्तिले शिव भगवानको प्रतिनिधित्व गरेको मानिन्छ। मोहनजोदडोमा प्राप्त एउटा सिलमा भगवान शिव गद्दीमा योगासन मुद्रामा बसेका छन्। उनको टाउकामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिङ छ, साथै यिनको ३ मुखाकृति बनेको छ । यिनको कपाल पङ्खाआकृति र अरू गरगहनाबाट सुसज्जित देखिन्छन् । यिनको वरिपरि रहेका ४ वटा जनावरका चित्रमा गैंडा, भैंसी तथा हात्ती र बाघ क्रमशः देब्रे र दाहिनेमा अङ्कित गरिएको छ । उक्त सिलको माथि ७ वटा अक्षर कोरिएको छ । विद्वानहरूले यस चित्रको त्रिमुख भएको, वरिपरि जनावर भएको र योगीको रूपमा देखिएको हुनाले यस मूर्तिलाई शिवको पशुपति स्वरूप मानेका छन् । यसका साथै सिन्धु सभ्यताको उत्खननमा केही लिंगाकार स्वरूपमा निर्मित सुडोल प्रस्तरहरू पनि प्राप्त भएको हुनाले शिवको पूजा लिंगाकारको रूपमा गरिन्थ्यो भन्ने अनुमान हुन्छ । यस्तै प्रकारले गोलाकार ढुङ्गालाई विद्वानहरूले 'योनि'को रूप मानेका छन् । यस आधारबाट सिन्धु सभ्यतामा शिव भगवानको स्पष्ट मान्यता रहेको स्वीकार गर्न सकिन्छ ।

(ग) **पशुपूजाः–** पशुहरूको पूजा गर्ने परम्परा पनि सिन्धुनिवासीमा विद्यमान थियो । त्यहाँ प्राप्त सिलहरूमा तथा प्रस्तर र माटोबाट बनाइएका पशुका अनेकौं आकृतिबाट यो अनुमान गर्न सकिन्छ । कुनै अर्धमनुष्य तथा अर्धपशुका आकृतिहरू चित्रित गरिएको हुनाले यिनीहरूलाई तत्कालीन मानवले दैवी शक्तिको रूपमा मानी पूजा गर्दथे भन्न सकिन्छ । यस्तै आधा भेंडा र आधा बाख्रा तथा आधा हात्ती र आधा गोरूका चित्रहरू पनि सिल-हरूमा अङ्कित गरिएको पाइन्छ । सिन्धुनिवासीहरूले कुनै पशुको पूजा जनावरको सांकेतिक रूपमा अङ्कित गरेर गर्दथे । यसमा खास गरेर एक सिङ तथा एक नादयुक्त पशुहरू आउँथे । यस्तै अर्कोमा खास पशुकै रूपमा अङ्कित गरेर पूजा गरिन्थ्यो । यसमा गैंडा, बाघ, हात्ती आउँथे । कुनै जनावरलाई खाना दिएको देखाइएको हुनाले पनि त्यसबेला पशु पूजाको परम्परा भएको मान्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घ) **प्रकृति पूजा:–** वृक्ष, आगो, पानी आदिको पूजा गर्ने परम्परा पनि सिन्धु सभ्यतामा विद्यमान थियो । विभिन्न सिलहरूमा यस्ता छापहरू रहेकोबाट त्यसवेला प्रकृतिको विभिन्न स्वरूपको पूजा गर्ने प्रचलन रहेको स्वीकार्न सकिन्छ । एउटा सिलमा त्रिशुलाकार सिङ भएको देवता नग्न रूपमा दुई वृक्षको हाँगा बीच उभिएको छ । त्यसका लामा रौं छन् । त्यसैको ठीक तल ७ वटा मूर्तिहरू घुँडा टेकेर उभिएका उपासकको रूपमा देखिन्छन् । त्यो वृक्ष पिपलको नै हो । यसबाट वृक्ष पूजा पनि रहेको कुरा स्पष्ट थाहा पाउन सकिन्छ । यसको अतिरिक्त हरप्पामा प्राप्त सिलमा वृक्षलाई पर्खाल तथा बारले घेरेको देखाइएको चित्रले वृक्षपूजाको संकेत गरेको छ ।

यस्तै केही अग्निशालाको आकृतिका वेदीहरू प्राप्त भएको हुनाले अग्निको पूजा गरिने परम्परा भएको अनुमान गर्न सकिन्छ । यस्तै जलको पूजा गरिने कुरा मोहनजोदडोको स्नानागारबाट थाहा पाउन सकिन्छ ।

कला (Arts):– कलाको क्षेत्रमा पनि सिन्धुनिवासीहरूले विशेष उन्नति गरेको देखिन्छ । वास्तुकला, मूर्तिकला, सिल अथवा मोहर निर्माण गर्ने कलामा उनीहरू पारंगत भएका थिए । कलालाई सिन्धुनिवासीहरूले उपयोगिताको रूपमा अनुसरण गरेका देखिन्छन् ।

(क) **वास्तुकला:–** सिन्धु सभ्यतामा प्राप्त हुन आएका विशाल भवन तथा तिनीहरूको संरक्षण र सम्वर्द्धनको योजनाबाट उनीहरू प्रखर वास्तुविद् थिए भन्न सकिएको छ । विशाल स्नानागार तथा अन्न भण्डारजस्ता सार्वजनिक निर्माणका भवनहरूको त्यसवेला उन्नति भएको थियो । तर त्यसवेलाका भवनहरूको कलाकारिताको शृङ्गारको बारेमा थाहा हुन सकेको छैन, यद्यपि उनीहरू कलामा दक्ष थिए । संभवतः यो नपाइनुको कारणमा उनी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूले भवनहरू बनाउँदा अधिक भन्दा अधिक टिकाउ बनाउने उद्देश्य लिन्थे भन्न सकिन्छ ।

(ख) मूर्तिकला:– सिन्धुसभ्यताको उत्खननमा मूर्तिहरू पनि प्राप्त हुन आएका छन् । यस्ता मूर्तिहरू माटो, प्रस्तर तथा धातुबाट निर्मित स्त्री, पुरुष तथा विभिन्न जनावरका मूर्तिहरू नै छन् । माटोबाट प्राय: गरी जनावरका मूर्तिहरू बनेका पाइन्छन् । जनावरहरूमा खास गरेर बाँदर, छेपारो तथा कछुवाका मूर्तिहरू प्रमुख छन् ।

मानव मूर्तिहरूमा एउटा नर्तकीको मूर्तिले महत्त्वपूर्ण स्थान राखेको छ । यसमा उनलाई त्रिभंग मुद्रामा नृत्य गर्न थालेको देखाइएको छ । यो मूर्ति धातुबाट निर्मित छ । यस्तै पुरुषका विभिन्न नग्नमूर्ति, जो प्राय:जसो टुटेका छन्, तिनीहरूले पनि प्रस्तरकलाको राम्रो उदाहरण दिएका छन् । एउटा प्रस्तरको सल ओढेको मूर्ति यसमा महत्त्वपूर्ण रहेको छ । यस मूर्तिमा पुरुषको दाह्री जुङ्गा भएको देखाइएको छ । यसको साथै यस मूर्तिको ठूलो नाक, साँघुरा तथा लाम्चिला आँखा र बाक्लो ओठ बनेको देखिन्छ । पुरुषले आफ्नो टाउकामा एकप्रकारको रिबन बाँधेको यहाँ देखाइएको छ । यसबाट यी विभिन्न मूर्तिहरूले सिन्धुनिवासीहरूको कलाको बहुआयामिक पक्षलाई अझ राम्रोसँग स्पष्ट पारेको पाइन्छ । मूर्तिकलाको अध्ययनबाट सिन्धुनिवासीहरूले युनानी मूर्तिकारको तुलनामा मूर्तिको अवयवलाई देखाउनुभन्दा मुखमण्डलको भावाभिव्यक्तिमाथि विशेष जोड दिएको देखिन्छ ।

(ग) मोहर निर्माण गर्ने कला:– सिन्धुघाटीको उत्खननमा प्राप्त भएका धेरै सिल (मोहर) हरूलाई मुख्यगरी ३ भागमा बाँड्न सकिन्छ । तिनीहरूमध्येमा पहिलो प्रकारका सिलहरू विविध आकृति अङ्कित भएका माटो तथा खरीढुङ्गाबाट बनेका छन् । दोस्रो प्रकारकोमा खरीढुङ्गाबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनेका स-साना सीलहरू आउँछन् र तेस्रो प्रकारमा साँचोबाट बनाइएका माटाका सीलहरू आउँछन्, जसमा लिपि तथा चित्रहरू अङ्कित गरिएका हुन्थे। यसमा खासगरेर दोस्रो र तेस्रो प्रकारका सीलहरू हरप्पाकालीन मानिन्छन्। खरीढुङ्गाबाट बनेका यी सीलहरूमा हरियो रङ्ग लगाइएको छ। त्यसमध्ये कुनैमा सेतो तथा कुनैमा गाढा हरियो र नीलो रंग पनि छ। यी सील-हरूलाई आगोमा पोल्नु भन्दा पहिले खरीढुङ्गाको लेप लगाइन्थ्यो, त्यसपछि आगोमा पोलिन्थ्यो। यस्ता सीलहरूमा जनावरको सिङ तथा लिपिहरूजस्तो मिहीन कुरा स्पष्ट देखिने गरी अङ्कित गरिन्थ्यो। जनावरहरूमा खासगरेर साँढे, भैंसी प्रमुख रूपमा अङ्कित गरिएको पाइन्छ। यसबाट सील निर्माण गर्ने कलामा सिन्धुनिवासीहरू निकै दक्ष भएको मान्न सकिन्छ। तर यी मोहर-हरू केको उद्देश्यबाट निर्माण गरिन्थ्यो भन्ने कुरा स्पष्ट हुन सकेको छैन। संभवत: यी मोहरहरू एक उद्देश्य भन्दा विभिन्न उद्देश्यबाट निर्माण गरिन्थ्यो भन्न सकिन्छ। कुनै सीलहरू धार्मिक कार्यको रूपमा देवी देवतालाई चढाउन पनि निर्माण गरिन्थ्यो।

सिन्धु लिपिः– सिन्धु सभ्यतामा प्राप्त अनेकौं वस्तुहरूको अतिरिक्त मोहर तथा माटाका साना गोलाकार टेबलेटहरू छन्। यस्ता मोहरहरूमा लिपि लेखिएको पाइन्छ। तर सबैभन्दा आश्चर्यलाग्दो कुरो त यो छ कि यस्ता लिपिहरू कुन समूह भित्र पर्दथे ? यिनीहरू कुन लिपिबाट उत्पत्ति भएका थिए ? तथा यो लिपिको पाठ र अर्थ कसरी गर्न सकिन्छ ? भन्ने कुरा नै निष्कर्षमा पुग्न सकिएको छैन। आजसम्म हामीले यसबारेमा अनुमान मात्र लगाएर भन्ने गरेका छौं। यस लिपिको बारेमा भन्दा हामी निम्न विशेषता-हरू रहेको पाउँछौं:–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(१) सर्वप्रथम सिन्धुलिपि एक्कासी हाम्रो अगाडि एउटै विशेषताबारे विभिन्न माध्यममा अंकित भई देखा पर्न आएको छ। यसैले यसको विकासक्रमको बारेमा थाहा हुन सकेको छैन। यो लिपिलाई हेर्दा एकैचोटि वयस्क अवस्थामा पुगेको देखिन्छ।

(२) यस लिपिको विविध पक्षको आधारबाट विद्वानहरूमा कसैले इजिप्सियन समानान्तरमा मानिने लाक्षणिक (गुह्य) लिपि स्वीकार गरेका छन्। तथा कसैले वेबीलोनको वाणको टुप्पा आकारको लिपि तथा कसैले चिनिया लेखको संक्षिप्त स्वरूप मानेका छन्।

(३) यो लिपि लेख्दा दाहिनेबाट सुरू गरिन्थ्यो तर एकभन्दा बढी लाइन लेख्नु पर्दा देब्रेबाट लेखेको पाइन्छ। यसैले यसलाई सर्पाकारमा लेखिने लिपि मानिएको छ।

(४) चिह्नको संकेतले यो पूर्णतया वर्णमालाको अक्षर हुन नसक्ने देखिन्छ।

(५) अक्षरको अधिकांश संख्या धक्का (जोड) दिएर जोडिएको देखिन्छ। यसबाट यो लिपिले शब्दविन्यासको प्रौढता देखाउँछ।

(६) यस लिपिले तत्कालीन सभ्यतामा देखापर्ने कुनै पनि अक्षरसँग समानता राखेको पाइँदैन।

यसप्रकार सिन्धुलिपिको सम्बन्धमा कुनै ठोस निष्कर्ष निकाल्न सकिएको छैन। यस सम्बन्धमा विद्वानहरूको विभिन्न मत रहेको देखिन्छ। सर जोन मार्सलले यसलाई ब्राह्मीलिपिको पिताको रूपमा स्वीकार गरेका छन्। तर ह्विलरले यसलाई खण्डन गर्दै ब्राह्मीलिपिसँग जोड्ने कुनै लिपि प्राप्त नभएको हुनाले यो कुरा स्वीकार गर्न सकिंदैन भनेका छन्। तर जेहोस्, सिन्धुलिपिको प्राप्तिबाट सिन्धुनिवासीहरूको सभ्यता र उनीहरूको साँस्कृतिक जीवन निकै विकसित भएको कुरा एकिन हुन आएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ७

पुरातात्विक उत्खनन (Excavation) को महत्त्व

पुरातत्वले धेरै समय अगाडिको अवस्थाको बारेमा तथा तत्कालीन मानवको क्रियाकलापको बारेमा थाहा पाउन उत्खनन् विधिलाई अनुसरण गर्नु पर्ने हुन्छ । किनकि धेरै समय अगाडिका वस्तुहरू पृथ्वीको गर्भमा विलुप्त भइ-सकेका हुन्छन् । यसर्थ उत्खनन विधिबाट तत्कालीन गरिमामय अवस्थाको बारेमा जानकारी दिने काम पुरातत्वले गरेको हुन्छ । यस आधारबाट पनि पुरातत्वमा उत्खननको निकै महत्त्व छ । पुरातात्विक उत्खनन पनि योजना-बद्धरूपमा गरिएको हुनुपर्छ । योजनाबद्धरूपले गरिएको उत्खननबाट त्यहाँको भू- बनावटको जानकारीको साथै त्यहाँ प्राप्त वस्तुको क्रमिक तत्थ्यांक राख्न सकिने हुन्छ । पुरातत्वविद्ले यसै भू बनावट र त्यहाँ प्राप्त विविध वस्तुको क्रमिक अध्ययनको आधारबाट त्यस वस्तुको तिथि निर्धारण गर्नुको साथै त्यस क्षेत्रको ऐतिहासिकताको बारेमा पनि नयाँ जानकारी दिने काम गर्दछन् ।

सामान्यतया पुरातात्विक नियम अनुसार जुन वस्तु जति गहिराइमा भेटिन्छ, त्यो त्यति नै प्राचीन हुन आउँछ । किनभने प्राचीन वस्तुहरू आफ्नो समयसापेक्ष अनुरूप जमिनमुनि दबिन पुगेका हुन्छन् । यसैले पुरातत्वविद्ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँ उत्खनन गरेर त्यस वस्तुको वर्गीकरण र विश्लेषण गर्नुको साथै त्यसको सांस्कृतिक अनुक्रमको पनि पत्तो लगाउँछन् । यसका साथै पुरातत्वविद्‌ले प्राप्त वस्तुको उचित मूल्याङ्कनबाट तत्कालीन सामाजिक संपदाको जानकारी पनि दिलाउँछन् । यो कुरा लिखित प्रमाणबाट मात्र पाउन सकिंदैन । यसमा लिखित स्रोतहरूले दिने जानकारी भन्दा बढी जानकारी उत्खननबाट प्राप्त वस्तुहरूले दिने काम गर्दछन् । किनकि पुरातात्विक उत्खननमा फेला परेका ती असंख्य भवन, मूर्ति, भाँडाकुँडा र अन्य उपकरण आदिको अवशेष प्रत्यक्ष रूपमा ती मानवद्वारा निर्माण गरिएका हुन्छन् । यी सबै वस्तुहरूको समुचित अध्ययन गरेर पुरातत्वले तत्कालीन सामाजिक, आर्थिक, धार्मिक तथा राजनैतिक अवस्थाको बारेमा प्रकाश पार्ने काम गर्दछ । यसबाट पनि पुरातत्वको लागि उत्खनन प्रणाली एक अपरिहार्य विषयवस्तुको रूपमा स्वीकार गरिएको छ । वास्तवमा पुरातत्वको महत्त्व नै उसको उत्खनन विधिमा निर्भर भएको हुनाले पनि यसको महत्त्व थाहापाउन सकिन्छ ।

पुरातत्वमा मुद्राको महत्त्व र पञ्चमार्क सिक्का

एउटा विकसित मानव सभ्यताको स्थापनामा अर्थतन्त्रको व्यवस्था राम्रोसंग मिलाइएको हुन्छ । त्यही अर्थतन्त्रलाई व्यवस्थित पार्न मुद्रा वा सिक्काहरू देखा परे । यसप्रकारका सिक्काहरूको प्रचलन मानवले राजनैतिक तथा प्रशासनिक स्थायित्व लिएपछि सुरू भएको थियो । यसैले सिक्काहरू तत्कालीन अवस्थाको मानव सभ्यता जान्न सहायकसिद्ध हुन्छन् । सिक्काबाट तत्कालीन शासन व्यवस्था, शासक तथा त्यस समयको सामाजिक र आर्थिक इतिहासको पनि प्रशस्त जानकारी मिल्ने गर्दछ । सिक्कामा शासकको नाम, उसको निश्चित तिथिमितीबाट त्यसवेलाको राजनैतिक अवस्थाको बारेमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थाहा हुन्छ भने पुरातात्विक उत्खननमा फेलापरेका मुद्रावाट त्यस देशको राजनैतिक सीमाको पनि केही मात्रामा अनुमान लगाउन सकिन्छ । यस्तै सिक्कामा अंकित मूर्तिहरूबाट त्यसवेलाको भेषभूषा, गरगहना र कारिगरीको कुशलता आदिको बारेमा थाहा हुन्छ । मुद्रामा अंकित विभिन्न देवीदेवताका मूर्ति र विविध सांकेतिक चिन्हबाट त्यसवेलाको धार्मिक परम्पराको चित्रण प्रस्तुत गर्न सजिलो हुन्छ । यस्तै मुद्राको बनावट र यसमा प्रयोग भएको धातुको सुद्धताबाट तत्कालीन अर्थव्यवस्थाको चिनारी लिन पनि सजिलै सकिन्छ । निश्चय नै अर्थव्यवस्था उन्नत भएको समयमा मुद्रा वनाउँदा मिश्रित धातु नभई शुद्ध धातुको प्रयोग गरिएको हुन्छ । यसैले पनि पुरातत्वको लागि अथवा भनु तत्कालीन मानव इतिहासको लागि मुद्राहरूको महत्त्व अनुपम छ । पुरातत्वले विभिन्न समयमा प्रचलित मुद्राहरूको समुचित अध्ययन गरेर त्यसमा देखिएका संदर्भलाई अरू सामग्रीहरूसँग तुलना गरेर तत्कालीन मानवको हरेक अवस्थाको बारेमा बताउन सक्षम भएका हुन्छन् । यसबाट पनि मुद्राहरू पुरातत्वको लागि महत्त्वपूर्ण भएका छन् ।

पञ्चमार्क सिक्का:– पञ्चमार्क सिक्कालाई आहत (Punch Mark) मुद्रा पनि भनिन्छ । यस्ता मुद्राहरूमा विभिन्न चिन्हहरू खोपिएको अथवा दवावद्वारा खाल्डो पारेर अंकित भएको हुन्छ । प्रिसेपले सन १८३५ मा यस मुद्रामा अंकित चिन्हबाट यसको नाम पञ्चमार्क सिक्का भन्ने राखिदिए । यस पश्चात यो मुद्रा यसै नामबाट लोकप्रिय हुनगयो ।

भारतमा मौर्य शासन भन्दा अगाडि कुनै निश्चित साम्राज्य स्थापित भएको थिएन । त्यसवेला प्रशासनका स-साना इकाइहरू विद्यमान थिए । त्यस वेला व्यापार व्यवसायले भने निकै उन्नति गरेको थियो । यसप्रकारको व्यापार एउटा निश्चित संस्था या निगमको हातमा थियो । विद्वानहरूको धारणा अनु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सार यस्ता निगमहरूले सिक्का प्रचलन गर्ने अधिकार पनि प्राप्त गरेका थिए। राज्यले देशको अर्थनीतिमा अतिक्रमण गर्न नपावस् भनेर नै यसप्रकारका संघले मुद्राहरूको प्रचलन आफ्नो मातहतमा ल्याएको देखिन्छ। पञ्चमार्क सिक्का पनि यस्तै व्यापारिक संघद्वारा प्रचलित भएको कुरामा विद्वानहरू सहमत छन्। केही पञ्चमार्क सिक्कहरू शासकवर्गको अधीनमा भएता पनि धेरैजसो सिक्का श्रेणी (व्यापारिक संघ) ले प्रचलित गरेको देखिन्छ। बुद्धघोषले आफ्नो 'विसुद्धी मग्ग,मा कसरी पैसावाला सुनार कार्षापण मुद्राको शूक्ष्म निरीक्षण गरेर गाउँ, शहर, पहाड तथा नदीका बेसी आदिको पहिचान गर्न सकेको हुन्छ भन्ने कुरा-को उल्लेखको साथै यी विविध स्थानमा सिक्का ढालिने र आचार्य (Master goldsmith) यस कारखानाको उत्तरदायी हुने कुरा पनि उल्लेख गरेका छन्।

विद्वानहरूले प्राचीन हाम्रा साहित्यिक ग्रन्थहरूमा उल्लिखित कार्षापण लाई पञ्चमार्क सिक्का नै हुनुपर्ने उल्लेख गर्दछन्। यसप्रकारको सिक्का कर्ष (तामाको टुका) द्वारा तौलने गरिन्थ्यो। त्यसैले यसलाई कार्षापण भनियो। तर कार्षापणहरू तामाको साथै सुन चाँदीका पनि हुने गर्दथे। विद्वानहरूले सुनको कार्षापणलाई सुवर्ण या निष्क भनिन्थ्यो भन्दछन् तर कसैले कौटिल्यको अर्थशास्त्रमा उल्लिखित 'रूप्य' लाई पञ्चमार्क सिक्का हुने र 'रूप्याध्यक्ष' यसको प्रचलन गर्ने अधिकारी भनी बताउँछन्। यसप्रकार पञ्चमार्क सिक्काको पहिलेको नामको संदर्भमा विद्वानहरू बीच मतैक्य पाइँदैन। जे होस्, तात्कालीन अवस्थाको बारेमा जानकारी लिन पञ्चमार्क मुद्राहरू निकै महत्त्वपूर्ण छन्।

पञ्चमार्क सिक्का विभिन्न आकारहरूमा ढालिएको पाइन्छ। यिनमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोलाकार, चतुष्कोणाकार, पाँचकुने तथा ६ कुने प्रमुख छन् । विद्वानहरूले चाँदीको घेरा भएको चतुष्कोणाकारका पञ्चमार्क सिक्कालाई सबै भन्दा प्राचीन साबित गरेका छन् । पञ्चमार्क सिक्काहरूमा मानव, पशुपक्षी आदिको आकारको साथै नदी, पर्वत, सूर्यको चित्र अंकित गरिएको पाइन्छ । केही चिन्हहरू ज्यामितीय आकारमा पनि अंकित भएको पाइन्छ ।

पुरातत्वविद्हरूले पञ्चमार्क सिक्कालाई ४००–६०० ई. पू. बीचको मानेका छन् । कनिंघमले विभिन्न साहित्यिक ग्रन्थहरूको अध्ययनबाट यसको समय १००० ई. पू. तिरको स्वीकार गरेका छन् । तर यस कुरामा सबैको सहमती देखिन्छ कि पञ्चमार्क सिक्का पाणिनीको समय पछि तिरको थियो । मौर्य साम्राज्यको उदय भएपछि शासकहरूको हातमा आर्थिक नियन्त्रण आयो र उनीहरूले मुद्रा प्रचलन गर्ने अधिकार पनि लिन थाले । यसैले पञ्चमार्क सिक्कालाई मौर्य भन्दा अगाडिको समयको मान्न सकिन्छ ।

पुरातत्वमा माटाका भाँडा (Pottery) को महत्व

माटोबाट विभिन्न भाँडाहरू बनाउने प्रचलनले मानवको इतिहास र संस्कृतिमा धेरै महत्त्व राख्दछ । यस्ता माटाका भाँडाहरू तत्कालीन दैनिक जीवनको लागि महत्त्वपूर्ण थिए । कारण, माटोबाट आफ्नो रुचि अनुसारको वस्तु निर्माण गर्न सकिने भएको तथा माटो जहाँ पनि उपलब्ध हुने भएकोले प्राप्त गर्न सुगम थियो । फेरि, यसको लागि ज्यादा मेहनतको पनि आवश्यकता पर्दैनथ्यो । यसैले माटाका भाँडाहरू निर्माण गर्ने पद्धतिले निकै व्यापक स्थान लियो ।

माटाका भाँडाहरू निर्माण गर्ने पद्धतिको सुरुवात भने नवपाषाणकाल देखि नै पाइन्छ । तर सिन्धु सभ्यता र त्यसपछिको समयतिर माटाका भाँडा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू बनाउने पद्धतिमा निकै विशिष्टता आएको देखापर्छ। माटोबाट निर्मित यस्ता वस्तुहरूलाई समुचित मात्रामा आगोको राप दिएर कडा पार्ने पद्धतिको पनि पछितिर विकास हुन गएको थियो। मानवहरूले निश्चित ठाउँमा बसेर कृषि, पशुपालनको व्यवसाय अपनाए पछि माटाका भाँडाहरू बनाएर त्यसमा अन्न तथा अन्य वस्तु संग्रह गरिराख्ने गर्दथे। यसैले जुन मानवको बारेमा हामीलाई निकै सीमित जानकारी प्राप्त भएको छ, जुन संस्कृतिको बारेमा थोरै कुराको प्रकाश पार्न सकिन्छ, त्यस्ता मानव तथा तिनीहरूद्वारा निर्मित संस्कृतिको व्यापक जानकारी विभिन्न ठाउँमा छरिएका यस्ता माटाका भाँडा-हरूले दिने काम गरेका छन्। पुरातत्वविद्ले विभिन्न ऐतिहासिक महत्त्वका स्थानहरूमा उत्खनन गरी यस्ता माटाका भाँडा निर्माण गर्ने धेरै सांस्कृतिक क्रमहरू प्रकाशमा ल्याउने काम गरेका छन्। यसैले पुरातात्विक उत्खनन-बाट प्राप्त माटाका भाँडा तथा तिनीहरूमा अङ्कित विभिन्न चित्रहरूले त्यसबे-लाको मानवको सांस्कृतिक क्रियाकलाप, भेषभूषा, धर्म तथा कलाकौशलको बारेमा हामिलाई धेरै जारकारी दिएकाछन्। यसबाट तत्कालीन संस्कृतिको धेरै पक्षलाई यस्ता माटाका भाँडाहरूले स्पष्ट प्रकाशमा ल्याउने काम गरेका हुन्छन्।

यसका साथै पुरातात्विक दृष्टिबाट तिथि निर्धारण गर्नुपर्दा यस्ता माटा-का भाँडाहरू निकै उपयोगी सिद्ध हुन्छन्। खास गरेर तुलनात्मक तिथि निर्धा-रण र ठोस तिथि निर्धारणमा यस्ता माटाका भाँडाहरूबाट सजिलो पर्न जान्छ। एक ठाउँमा प्राप्त माटाका भाँडाका टुक्राहरूलाई अर्को ठाउँसँग तुलना गरेर त्यसको सालाखाला समय निरुपण र त्यसको संस्कृतिलाई तुलनात्मक अध्ययन गर्न सजिलो भएको हुन्छ। अझ पुरातत्वमा विज्ञानको पनि विकास भएपछि तिथि निर्धारणमा निश्चितता कायम गर्ने विभिन्न पद्धतिको पनि विका-स भयो। यस अनुसार कार्बन १४ विधि र चुम्बकीय विधि निकै महत्त्वपूर्ण छन्। यी विधिहरू अनुसार परिक्षण गर्दा माटोबाट निर्मित वस्तुहरू अझ उप-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगी सिद्ध भएका छन् । माटाका भाँडाका यस्ता अवशेष निश्चित तिथि निर्धारणमा पनि सहयोगी भएर त्यो वस्तु मात्र होइन उक्त वस्तु प्राप्त भएको स्थलको समेत समय निरुपणमा महत्त्वपूर्ण देखिन आउँछन् । यसैले पनि पुरातत्वको लागि माटाका भाँडाहरू महत्त्वपूर्ण रूपमा रहेको मान्न सकिन्छ ।

खैरो रंग अंकित (Painted Grey) माटाका भाँडा र तीनिहरूको संस्कृति:-

सिन्धु सभ्यता तदनन्तर प्राचीन भारतको गंगा र यमुना उपत्यकाहरूमा एउटा विशिष्ट प्रकारको संस्कृति फैलिएको थियो । विद्वानहरूले यस संस्कृतिलाई (painted Gray Ware) संस्कृति मानेका छन् । विद्वानहरूका अनुसार यो संस्कृति आर्यहरूको उपनिषद् तथा महाभारतकालीन संस्कृति थियो । यस संस्कृतिका मानवको बारेमा बताउने लिखित स्रोतहरू उपलब्ध छैनन् । तर यो निश्चित छ कि तत्कालीन मानवहरूले कृषि र पशुपालन व्यवसाय अपनाएका थिए । उनीहरूका घरहरू काठ र माटोले बनेका झोपडी नै थिए । उनीहरूको पाल्तु पशुहरूमा घोडाको स्थान प्रमुख थियो । सुरु सुरुमा उनीहरू तामाको प्रयोग गर्दथे तर पछि आएर उनीहरूले फलामको पनि प्रयोग गरेको पाइन्छ ।

यी मानवहरूको प्रमुख विशेषता नै माटाका उच्चकोटिका भाँडाहरू निर्माण गर्ने थियो । यसप्रकारका भाँडामा उनीहरूले आफ्नो दैनिक जीवनको लागि नभइ नहुने थाल, कचौरा, सुराही आदिको निर्माण गरेका थिए । यी माटाका भाँडाहरूलाई आकर्षक बनाउन यसका सतहहरूमा विभिन्न चित्र जस्तो स्वस्तिक, अग्निकुण्ड बनाउने गर्दथे । यसप्रकारका चित्रहरू केही काला तथा चकलेट रंगले रंगाइन्थ्यो । यसपछि मात्र आगोले पोलिन्थ्यो । आगोले पोलिसके पछि यिनीहरू धातुसमान बलिया र सुन्दर देखिन्थे । यसप्रकारका माटाका भाँडाहरूलाई ३ भागमा विभाजित गर्न सकिन्छ । खस्रो रातो (Coarse

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

red), चम्कीलो रातो (Bright red) र सुन्दर कालो (Fine black)

यसप्रकारका माटाका भाँडा निर्माण गर्ने संस्कृति ८०० ई. पू. तिर फैलिएको मान्न सकिन्छ। सांकालियाले P. G. Ware लाई ४०० – ८०० ई. पू. तिरको स्वीकार गर्दै सिन्धु सभ्यता पछिको ऐतिहासिक समयलाई यसले पूरा गर्दछ भन्ने उल्लेख गरेका छन्। हस्तिनापुरको उत्खननमा प्राप्त P. G Ware लाई गेरू रंगका माटाका भाँडा भन्दा पछि र N. B. P. Ware भन्दा अगाडिको मानिएको छ। बि. बि. लालको अनुसार, हस्तिनापुरमा खैरो रंग अंकित माटाका भाँडा बनाउँने संस्कृति गंगाको किनारमा फैलिएको थियो। पछि यस संस्कृतिको समाप्ति गंगामा बाढी आएको कारणले हुन गयो। त्यसैले पुरातात्विक प्रमाणलाई अझै तथ्य दिने हाम्रा पुराणहरू बाहेक अरू केही रहेन। जस्तो प्रकारले पुराणमा हस्तिनापुरमा बाढीको प्रकोप बढेपछि यहाँको राजधानी कौसाम्बिमा सारियो भन्ने प्रसंगको उल्लेख छ। यिनका अनुसार यद्यपि निश्चितप्रमाणहरूको अभाव भएपनि विविध संदर्भहरूलाई हेर्दा P. G. Ware संस्कृति आर्यहरू र उनीहरूको शाखाको संस्कृति थियो। गंगा र यमुना उपत्यकामा फैलिएको यस संस्कृतिले खास गरेर महाभारतमा वर्णित विभिन्न महत्त्वपूर्ण स्थल जस्तो हस्तिनापुर, ऐहिच्छत्र, तिलपतसँग सम्बन्ध राख्दछ। यसप्रकार P. G. Ware ले तत्कालीन संस्कृतिको बारेमा हामीलाई महत्त्वपूर्ण जानकारी दिने काम गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ८

नेपालमा पुरातात्विक अध्ययन र अनुसन्धान

(क) प्रागैतिहासिक प्रस्तर औजारहरूको खोजी :

नेपालमा पुरातत्व सम्बन्धी खोजी र अध्ययन धेरै पछि आएर सुरु भयो। यसो भएता पनि पुरातत्वको दृष्टिकोणले नेपाल एक महत्त्वपूर्ण स्थलको रूपमा रहेको छ। नेपालको भौगोलिक वातावरणले पनि यहाँ प्रागैतिहासिक मानवहरू रहने विश्वास गरिएको छ। नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएर रहेका चुरे पहाडहरू प्राचीन प्राणीहरूको लागि निकै महत्त्वपूर्ण थिए। भूगर्भ-शास्त्रीहरूले यो पनि स्पष्ट रूपमा उल्लेख गरेका छन् कि नेपालमा रहेका चुरे पहाडहरू बढी ओसिलो र वृक्षहरूले भरिएको हुनाले प्राचीन जीवजन्तुहरूको साथै मानवको लागि पनि आवश्यक पर्ने उचित वातावरण यहाँ विद्यमान थियो। सन् १९८० मा बुटवल नजिकको चुरे पहाडमा प्राप्त रामापिथेकस नामक प्राचीन मानवको अस्थिवशेषले यो कुरो निश्चित गरेको छ। यसको साथै प्राचीन मानवद्वारा निर्मित विभिन्न प्रकारका प्रस्तरका औजारहरूले पनि नेपालमा प्रागैतिहासिक मानवको संस्कृति फैलिएको कुरामा सहमति प्रकट गर्दछन्।

प्रागैतिहासिक अनुसन्धान गर्ने क्रममा सन् १९६२ मा भारतीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरातात्विक सर्वेका पुरातत्वविद् आर. भी. जोशी र श्री ५ को सरकारको संयुक्त प्रयासबाट बागमती र विष्णुमती नदीका उपत्यकामा वैज्ञानिक अन्वेषण भयो। जोशीले त्यसवेला नदीले काटेका भू-सतहको पनि अध्ययन गरेका थिए। त्यसवेला काठमाडौं उपत्यकाभन्दा नारायणी नदीका किनारहरू प्रारम्भिक मानवको लागि महत्त्वपूर्ण भएको अनुमान गरिएको थियो। यसै अनुसार सन् १९६४ मा एस. बि. देवको नेतृत्वमा नारायणी नदीको किनारा त्रिवेणी घाटमा प्रागैतिहासिक अन्वेषण गर्ने कार्य भयो।

सन् १९६६ मा आएर प्रा. रामनिवास पाण्डेले सर्वप्रथम प्रागैतिहासिक औजारहरू प्राप्त गरे। उनले दाङको कटुकी सेवारबाट नवपाषाणकालीन औजार र दाङकै हापुर खोलाबाट पूर्वपाषाणकालीन औजार प्राप्त गरेका थिए। यसै वर्षमा उनले बर्दिया जिल्लाको दानवताल नजिकै एउटा पूर्वपाषाणकालीन चेलिएन मानवको औजार पनि प्राप्त गरे। यस्तै प्रागैतिहासिक मानवको साँस्कृतिक विस्तार भएको कुरालाई देखाउने उनीहरूका प्रस्तर औजारहरूको खोजी गर्ने कार्य अझै महत्त्वपूर्ण देखिन आयो। यसै सिलसिलामा सन् १९६९ मा नेपाल पुरातत्व विभागको तर्फबाट नीलरतन बनर्जी र जनकलाल शर्माले नारायणी नदीको त्रिवेणीघाट नजिकै रहेको भू-सतहको अध्ययन गरी भिम वनको उत्तर पूर्वमा एउटा प्रागैतिहासिक औजार प्राप्त गरे। त्यसै सिलसिलामा उनीहरूले चितवनको दण्डा नामक स्थानमा क्वार्टजाइट ढुङ्गाबाट बनेको हाते बन्चरोको साथै चोइटा निकाल्ने तथा खुर्कने औजारहरू पनि प्राप्त गरेका थिए।

यस्तै नवपाषाणकालीन औजारको खोजीको सन्दर्भमा सन् १९७० मा जनकलाल शर्माले दाङ उपत्यकाको ग्वार खोलाको किनारमा एउटा नवपाषाणकालीन औजार प्राप्त गरेका थिए। साथै उनले आफूले प्राप्त गरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बञ्चरोलाई पूर्वी क्षेत्रमा प्राप्त नवपाषाणकालीन बञ्चरोसँग समानता रहेको बताएका छन् । यस्तै दाङ उपत्यकाको बिजौरी नामक स्थानबाट यस पुस्तकका लेखक डिल्लीराज शर्माले पनि वि. सं. २०३८ तिर एउटा नवपाषाणकालीन औजार प्राप्त गरेका थिए । उनले प्राप्त गरेको नवपाषाणकालीन पालिसदार बञ्चरो नेपालको पूर्वी क्षेत्रमा प्राप्त औजारकै समकक्षमा राख्न सकिन्छ तर प्रा. राम निवास पाण्डेले प्राप्त गरेको नवपाषाणकालीन अर्को औजारले भने पश्चिमी संस्कृतिको समानता राख्दछ । यसबाट विद्वानहरूले दाङ उपत्यकामा दुई भिन्दाभिन्दै संस्कृति (एउटा पूर्वी भारतीय संस्कृति र अर्को पश्चिमी भारतमा फैलिएको संस्कृति) को संगमस्थल भएको कुरा स्वीकार गरेका छन् ।

सन् १९७८ मा सोभियत रूसका प्रो. स्चेतेन्कोले पनि जनकलाल शर्माको सहयोगबाट चितवनको कोटटाँढीबाट एउटा नवपाषाणकालीन र अर्को पूर्वपाषाणकालीन ढुङ्गाका उपकरणहरू प्राप्त गरेका थिए । यस्तै उनले बूढानिलकण्ठको धोबी खोलामा पनि केही पाषाणकालीन उपकरणहरू प्राप्त गरेका थिए । स्चेतेन्कोले यो पनि निष्कर्ष निकालेका छन् कि यहाँ प्राप्त औजारहरू मङ्गोलिया, चीन तथा सोभियत रूसमा प्राप्त उपकरणसँग मिल्दाजुल्दा छन् ।

यस्तै प्रकारले पाल्पाको माडीफाँटको किनारामा डिल्लीराज शर्माले २ वटा नवपाषाणकालीन औजार प्राप्त गरे । उक्त दुई औजारहरूमध्ये एउटा निकै सानो आकारमा भएकोले त्यस औजारलाई नवपाषाणकालीन माइक्रोलिथिक औजार अन्तर्गत राखिएको छ ।

प्रागैतिहासिक मानवका औजारहरू खोजी गर्ने सिलसिलामा जर्मनीबाट आएकी डा. गुडरन कोर्बिन्सले पनि १९८३ – ८५ तिर दाङ तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देउखुरी उपत्यकामा वनस्पतिका अवशेषका माथि मध्य र नवपाषाणकालीन अनेक उपकरणहरू प्राप्त गरिन् । यिनले दाङको २९ वटा प्रागैतिहासिक स्थलहरूको पत्तो लगाएको कुरा पनि उल्लेख गरेकी छन् । यसै प्रकारले नवपाषाणकालीन औजारहरू दोलखाको चरिकोट, ललितपुरको लुभु, नवलपरासीको कोटटाँडी तथा काभ्रेपलाञ्चोक र मोरङ जिल्लामा पनि प्राप्त भएको कुरा जानकारीमा आएका छन् । यी औजारहरूको विस्तृत व्याख्या जनकलाल शर्माले आफ्नो लेखमा दिएका छन् ।

यसप्रकार नेपाल भित्रका अनेकौं स्थलहरू प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण देखिएका छन् । नेपालको पूर्वदेखि पश्चिमसम्म तथा तराई र पहाडी क्षेत्रमा प्रागैतिहासिक मानवहरूका अवशेषहरू प्राप्त भएको हुनाले यो कुरो निश्चित हुन आउँछ । नेपालका खास गरेर उपत्यकाहरू, नदी किनाराका भागहरू प्रागैतिहासिक मानवको लागि महत्त्वपूर्ण स्थलको रूपमा विकसित थिए । दाङ, सुर्खेत, चितवन र काठमाडौं आदि उपत्यकामा प्राप्त औजारहरूबाट यो कुरो थाहा पाउन सकिन्छ । यसबाट प्रागैतिहासिक सांस्कृतिक वैभवको लागि यहाँ विद्यमान उपत्यकाहरू अध्ययनयोग्य रहेका छन् ।

(ख) उत्खनन सम्बन्धी क्रियाकलाप :

(१) लुम्बिनी र कपिलवस्तु

<u>कपिलवस्तुको इतिहास :</u>

छैठौं शताब्दी ईसापूर्वताका नेपालको तराई खण्ड निकै विकसित थियो । त्यसबेला यहाँ १६ महाजनपदहरूको राज्य थियो । यी १६ महाजनपदहरूमा शाक्य, कोलीय, लिच्छवी, मल्ल आदि प्रमुख थिए । शाक्यहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजधानी कपिलवस्तु थियो । यसै शाक्य वंसमा महामानव गौतम बुद्धको जन्म भएको थियो ।

गौतम बुद्धको जन्म हुनुभन्दा अगाडिको कपिलवस्तुको इतिहास पनि रोचक छ । विभिन्न बौद्ध ग्रन्थमा यस सम्बन्धी चाखलाग्दा कथाहरू पाइन्छन् । कथा अनुसार एक समयमा कोशलका राजा ओक्काकाले आफ्नी दोस्री रानीका छोराहरूलाई राजगद्दीको उत्तराधिकारी बनाउने विचार गरेर पहिली रानी-तर्फका ४ छोरा र ४ छोरीलाई साकेत राजधानीबाट निकाली दिए । यी ४ दाजुभाइ र ४ दिदीबहिनी घुम्दै घुम्दै कपिल मुनिको आश्रममा आइपुगे । उनीहरूले त्यहाँ कपिल मुनिको आज्ञा पाई एउटा शहरको निर्माण पनि गरे । त्यही शहर नै पछि कपिलवस्तुको नामले प्रसिद्ध भयो । साथै उनीहरू कोशलको राजधानी साकेतबाट आएको हुनाले 'शाक्य' भनिन थालिए तथा उनीहरू बसोबास गरेको ठाउँ वरिपरि शाक (साल) वृक्षहरू प्रसस्त भएको कारणले 'शाक्य' भन्न थालेको वर्णन पनि पाइन्छ । बौद्ध ग्रन्थको विवरण अनुसार यी ४ दाजुभाइ र ४ दिदीबहिनीको बीचमा वैवाहिक सम्बन्ध पनि कायम भयो । परम्परा अनुसार जेठा दाजु उल्कामुख र जेठी दिदी प्रिया यहाँको राजा र राजमाता बने ।

पछि जेठी राजमाता प्रियालाई कुष्टरोगले समात्यो । त्यसैले उनलाई त्यहीं नजिकै रहेको गुफामा राखियो । त्यसै समयमा वनारसका राजा राम पनि आफूलाई कुष्टरोग लागेकोले छोरालाई गद्दी सुम्पेर त्यही गुफामा बस्न आए । दुवै कोल वृक्षको मुनि बसेका हुनाले कुष्टरोगबाट मुक्त भए । पछि राजमाता प्रिया र राजा रामको बीच विवाह पनि भयो । त्यहाँ उनीहरूले एउटा शहर पनि बसाए । यसैलाई 'कोलीग्राम' भन्ने नाम राखियो । पछितिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएर यसलाई 'देवदह' तथा 'व्याघ्रपुर' भन्न थालेको उल्लेख पनि पाइन्छ। यो शहर कपिलवस्तुदेखि पूर्व पर्दथ्यो। यसप्रकार बौद्धग्रन्थ 'ललितविस्तर' र बुद्धघोषको वर्णनमा माथि उल्लिखित विभिन्न कथाहरूको धेरै सन्दर्भहरूको उल्लेख भएको पाइन्छ।

शाक्यहरूको राज्य विस्तृत रूपमा फैलिएको थियो। यिनीहरूको देश अर्धगणतन्त्रात्मक थियो र राजधानी कपिलवस्तु थियो। कपिलवस्तुका निवासीलाई बौद्धग्रन्थमा 'कपिलवत्तव' भनिएको छ। सुत्त निपातमा ब्राह्मणहरू विचरण गर्ने प्राचीन बाटाहरूको उल्लेख पाइन्छ। यस्ता बाटाहरूमा एउटा शोकाम्बीबाट सुरुभई साकेत, श्रावस्ती, सेतभ्या, कपिलवस्तु, कुशीनारा, पावा हुँदे वैशाली पुग्ने बाटो प्रमुख थियो। विनय पिटकमा पनि कपिलवस्तु र वैशालीको बीच सीधा बाटो रहेको वर्णन पाइन्छ। शाक्य र कोलीयहरूको राज्य उत्तरमा हिमालयको फेदसम्म, पूर्वमा मल्ल प्रदेश, दक्षिण तथा पश्चिममा लिच्छवी गणराज्य तथा कोशल प्रदेशसम्म फैलिएको थियो। रोहिणी नदीले कोलीय र शाक्य दुई राज्यलाई छुट्याएको थियो। रोहिणीदेखि पूर्वमा कोलीयहरू र पश्चिममा शाक्यहरूको राज्य पर्दथ्यो। शाक्यहरूको राज्य अन्तर्गत उत्तरको हिमालयको शाखाको घना जङ्गल पनि पर्दथ्यो। बौद्धग्रन्थहरूमा कपिलवस्तुको विस्तृत विवरण पाइन्छ। यस विवरण अनुसार यहाँ शाक्य परिवारहरूको संख्या ३० हजार थियो र सम्पूर्ण देशको जनसंख्या ५ लाख देखि १० लाखको बीचमा थियो। महत्त्वपूर्ण प्रशासनिक र न्यायिक काम कुराहरू गर्नको लागि त्यसवेला 'सन्थागार' नामक एक विशाल सभा थियो, जसमा हरेक कुराहरूको बारेमा छलफल गरिने गरिन्थ्यो। यसप्रकार कपिलवस्तुको प्रशासनिक स्थान त्यस वेलादेखि नै महत्त्वपूर्ण थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिलवस्तुमा उल्कामुखदेखि धेरै पुस्ता पछिका राजा शुद्धोदन भए। यिनै राजा शुद्धोदन र रानी मायादेवीबाट महामानव गौतम बुद्धको जन्म ई. पू. ६२३ मा लुम्बिनी बगैंचामा भएको थियो। बालक जन्मेको ७ दिन पछि नै मायादेवीको स्वर्गारोहण भएकोले प्रजावतीले उनको स्याहार संभार गरिन्। सानो छँदा नै विलक्षण स्वभाव रहेको यो बालकलाई एउटा कालदेवल नामक ज्योतिषिले 'कि त यो बालक महायोगी हुनेछ कि त चक्रवर्ती राजा' भनी भविष्यवाणी समेत गरेका थिए। नभन्दै २९ वर्षको उमेरमा पत्नी यशोधरा र पुत्र राहुललाई छाडेर योगीको भेष लिएर उनी ज्ञानको खोजीमा हिंडे। राजकुमारले आफ्नो दरबार बाहिर घुम्न निस्कँदा जो ४ घटनाहरू देखे, त्यसले उनको मन झन बिरक्त भयो र यसको शान्तिको लागि उनले गृहत्याग गरेको बताइन्छ। बौद्ध आचार्यहरूले उनको गृहत्यागलाई 'महाभिनिस्क्रमण' भन्दछन्।

गृहत्याग गरिसकेपछि सिद्धार्थ राजकुमारले ठाउँ ठाउँमा योगी, सन्यासीहरू भेट्दै गए। तर यी कुनैबाट पनि उनलाई सन्तोष मिल्न गएन। आखिर बोधगयाको पिपलको रुखमुनि वैशाख पूर्णिमाको दिन उनलाई ज्ञान प्राप्त भयो। ज्ञान प्राप्त गरिसकेपछि उनी बुद्ध कहलिए। ज्ञान प्राप्त भैसकेपछि आफ्नो ज्ञानको प्रचार र सम्पूर्ण मानव मात्रको कल्याणको लागि उनी विभिन्न ठाउँमा घुम्दै उपदेशहरू दिंदै हिंडे। अन्त्यमा ८० वर्षको उमेरमा कुशीनारा भन्ने ठाउँमा उनको मृत्यु भयो। बौद्ध धर्ममा बुद्धको मृत्युलाई 'महापरिनिर्वाण' को संज्ञाबाट जान्न सकिन्छ। बुद्धले दिएका उपदेशहरू नै बौद्ध धर्मको नामले संसारमा लोकप्रिय रहन गयो।

शुद्धोदन पछि कपिलवस्तुमा 'माहाम' का राजा भए। माहानामले पालेकी निम्न जातकी केटीसंग कोशलका राजा प्रसेनजीतले विवाह गर्ने इच्छा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे। पछि त्यो केटी तिरबाट एउटा छोरा पनि भयो, जसको नाम विरुद्धक राखियो। एकदिन विरुद्धक आफ्नो मावली कपिलवस्तु आउँदा उनलाई शाक्यहरूले निम्न जातको भनी संथागार सभामै ठूलो अपमान गरे। यसले उनलाई आत्मग्लानीको चोट लाग्यो। उनले यसको बदला कुनै हालतमा पनि लिईछाड्ने अठोट गरे। सबभन्दा पहिले विरुद्धकले आफ्नो बाबुलाई गद्धीबाट च्युत गरेर आफू गद्धीमा बसे। त्यसपछि उनको कपिलवस्तु माथिको आक्रमण सुरू भयो। सुरूमा त गौतमबुद्धले उनलाई सम्झाई फिर्ता पठाए। तर पछि उनको बदला लिने भावनालाई कसैले रोक्न सकेन। उनको हिंस्रक आक्रमणमा कपिलवस्तु शहरको तहसनहस मात्र भएन, धेरै संख्यामा शाक्यहरूको ज्यान गुम्यो। बचेका शाक्यहरू त्यहाँबाट भागेर यत्रतत्र छरिए। यसपछि कैयौ वर्ष सम्म कपिलवस्तु शहर एउटा खण्डहरको रूपमा परिणतभयो। यसप्रकार कपिलवस्तुको महत्त्वको सर्वनास गौतमबुद्धकै जीवनकालमा भएको थियो। यसरी यसको धेरै वर्ष सम्म कपिलवस्तुको महत्त्व विलीन भएको देखिन्छ।

गौतमबुद्धको मृत्यु भएको करिब २०० वर्ष पछि भारतका सम्राट अशोक भगवान बुद्ध जन्मेको स्थल लुम्बिनीमा आई दर्शन पूजन गरेका थिए। त्यसै उपलक्ष्यमा उनले एउटा स्तम्भ अभिलेख पनि राख्न लगाए। यसरी सम्राट अशोकको पालामा (तेस्रो सताब्दी ई. पू.) उनको बौद्ध धर्म प्रतिको श्रद्धाले गर्दा लुम्बिनीले पनि महत्त्व हासिल गरेको देखिन्छ। त्यसपछि भने यसको महत्त्व पनि विलीन हुँदै गयो।

विक्रमको चौथो सताब्दी देखि छैठौं शताब्दी बीचमा नेपाल र भारतमा धेरै संख्यामा चिनिया यात्रीहरूको आगमन भएको देखिन्छ। चिनिया यात्रीहरूमध्ये प्रसिद्ध यात्री फाइह्येन र ह्वेनसाँगले पनि अनेक बौद्ध तीर्थस्थलहरूको भ्रमण गरेका थिए। यी चिनिया यात्रीहरूले टिपेको वर्णनबाट कपिलवस्तु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई पहिचान गर्न सजिलो भएको छ । दुवै यात्रीहरू यहाँ आउँदा कपिलवस्तु शहर निकै उराठलाग्दो ठाउँको रूपमा देखिन्थ्यो । त्यसवेला केही संख्या-मा विहारमा भिक्षुहरू बस्दथे । फाइहानले कपिलवस्तुको यात्रा ४०३ ई. मा गरेका थिए भने ह्वेनसाँगको यात्रा ६३६ ई. मा भएको थियो । यसरी चिनिया यात्रीहरूको भ्रमण पछि पनि लुम्बिनी र कपिलवस्तु पुनः निर्जन ठाउँको रूपमा परिणत हुन पुग्यो ।

विक्रमको बाह्रौं शताब्दीताका नेपालको इतिहासमा खस प्रदेशमा मल्ल-हरूको शासनको उदय भएको देखिन्छ । ती मल्ल शासकहरूको बौद्ध धर्म प्रति विशेष झुकाउ रहेको थियो । खस मल्ल राजा रिपुमल्लले त्यसताका बौद्ध जन्मस्थल लुम्बिनी र निग्लिहवाको धार्मिक यात्रा गरेका थिए । यस उपलक्ष्य-मा उनले लुम्बिनी तथा निग्लिहवाको अशोक स्तम्भमा अभिलेख लेखाएका छन् । लुम्बिनीको अशोक स्तम्भमा "ॐ मणी पद्मे हुँ । श्री रिपुमल्लश्चीरञ्जयतु संग्राम मल्ल जयः" भनी लेखिएको पाइन्छ भने निग्लिहवाको अशोक स्तम्भमा "ॐ मणि पद्मे हुँ । श्री रिपुमल्लश्चीरंजयतु १२३४" अंकित छ । यसबाट त्यसवेला सम्म लुम्बिनीमा गौतम बुद्धको जन्म भएको थियो भन्ने सम्झना रहे-को देखिएता पनि पछि यो कुरा बिर्सियो । पछि फूरर यहाँ आई अशोक स्तम्भ-को पत्तो लगाए पछि मात्र यसको महत्त्व खुल्यो ।

पुरातात्त्विक उत्खनन:

फुररको कार्य :–

भारतमा अंग्रेजहरूको शासनताका पुरातात्विक खोजी र अनुसन्धान गर्ने कार्यमा महत्त्वपूर्ण उपलब्धि हुन गयो । त्यसवेला शासकहरूले सर्वप्रथम बौद्ध धार्मिक ग्रन्थमा वर्णित महत्त्वपूर्ण तीर्थस्थलहरूको खोजी गर्ने कार्य सुरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे। यसै वेलातिर सम्राट अशोकको स्तम्भहरुको ठाउँ ठाउँमा पत्तो लाग्न गयो। V. A. Smith फैजावादको कमिस्नर भएपछि उनले आग्रा र यौद्धेयमा गठित Archaeslogical Society लाई श्रावस्ती देखि पूर्वतर्फ उत्खनन गर्ने कार्य सुम्पिदिए। यसै अनुसार सन् १८९६ को मई तिर उत्तर पश्चिम प्रान्तीय सरकार र यौद्धेयको तर्फबाट नेपालसँग लेखापढी गरी अनुमती प्रदान भए अनुसार निग्लिहवा र तौलिहवाका क्षेत्रहरूमा उत्खनन गर्न ए. फुररलाई पुरातात्विक सर्वेक्षक वनाई पठाइयो। त्यतिवेला सम्म वुद्धको जन्म र दरबार भएको लुम्बिनी र कपिलवस्तु कतै बस्ती र गोण्डा जिल्लामा हुनुपर्ने अनुमान गरिएको थियो। दीघ निकायको अम्बथ सूक्तमा इच्छ्वाकु अथवा ओक्काकका सन्तान हिमालयको काखमा बस्न गएको उल्लेखले भारतको बस्तीभन्दा नेपालको तराई भाग नै उपयुक्त हुने अनुमान देखिनआयो। यस अनुसार फुररले लुम्बिनीर यस वरिपरिका क्षेत्रहरूमा आफ्नो ध्यान केन्द्रित गरे। तत्कालीन पाल्पाका गभर्नर खड्ग संसेरको सहयोग पाएर फुररले निग्लिहवा र लुम्बिनीको अशोक स्तम्भको पत्तो लगाए। यसको केही समयपछि सन् १८९७ मा पेपेले यसको नजिकै रहेको पिप्रहवा नामक स्थानमा उत्खनन गरी त्यहाँ रहेका स्तुप र बिहारहरूको पनि पत्तो लगाएका थिए।

यसप्रकार फूररले अशोकद्वारा स्थापित दुवै स्तम्भलेखको प्रकाशन गरिदिए। लुम्बीनीमा रहेको स्तम्भमा यस्तो लेखिएकोछ –

देवान पियन पियदसिन लाजीन वसा भिसितेन
अथन अगाच महियते हिदवुधे जाते शक्यमुनीति
सिला भिगत भिचा कालापित सिला थवे च उसपापिते
हिद भगवं जातेती लुमीनी गामे उवलिके कटे अठ भागियच।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात देवताहरूका प्रिय प्रियदर्शी अशोक आफ्नो राज्याभिषेकको वीस वर्ष पछि शाक्य मुनि बुद्ध जन्मेको ठाउँमा आफैं आएर पूजागरी त्यसै उपलक्ष्य-मा शिलास्तम्भ खडा गर्न लगाई लुम्बीनी ग्रामलाई करमुक्त गरिदिए भन्ने कुरा यसमा उल्लेख गरिएको छ । यसबाट भगवान बुद्धको जन्म यसै ठाउँमा भएको कुरा निर्विवाद भएको छ ।

यस्तै निग्लिहवामा प्राप्त अशोक स्तम्भमा पनि यस्तो उल्लेख छ –

देवानं पियदसिन लजिन चोदसावसातेन
बुधस कोनाकमनस थुवे दुतियम् भादेते
(भिसतिव) सा भिसितेन च अथन अगाच महिपीते
(सिलाथवे च उस) पापिते ।

अर्थात प्रियदर्शी अशोक आफ्नो राज्याभिषेकको १४ औं वर्षमा यहाँ आई कोनाकमन बुद्धको स्तुपलाई दोबर ठूलो बनाएर त्यहाँ एउटा शिलास्तम्भ राख्न लगाए । यसबाट निग्लिहवाको अशोक स्तम्भले पनि त्यहाँ कनकमुनि बुद्धको जन्मस्थल रहेको कुरामा स्पष्ट पारेको छ ।

यसको साथै फुररले सग्रहवा नामक स्थलको पनि उत्खनन गरी उनले त्यहाँ रहेका अरू भग्नावशेषको पत्तो लगाए । यसप्रकारको उपलब्धिबाट फुरर-ले अन्त्यमा यो निष्कर्ष पनि निकाले कि आजको वाणगंगाको किनारमा अवस्थित तिलौराकोट नै वास्तवमा प्राचीन कपिलवस्तु शहर थियो ।

पि. सि. मुखर्जीको कार्य :– फुररको यसप्रकारको कार्यलाई अझै अगाडि वढाउन सन् १८९८ मा पि. सि मुखार्जीलाई यहाँ उत्खनन गर्न पठाइयो । यिनले यहाँका विभिन्न स्थलहरूको उत्खनन गरी प्राप्त अवशेषका आधारमा तिलौरा-कोटलाई नै प्राचीन कपिलवस्तु भनी ठोकुवा गरिदिए । संक्षेपमा मुखर्जीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपलब्धि निम्न रहेको पाइन्छ –

(१) यिनले तिलौराकोटको पश्चिममा अवस्थित अलिक उँचो ढिस्कोमा उत्खनन गरेर त्यहाँ अष्टकोणाकार र चतुष्कोणाकार भवनको पत्तो लगाए। त्यसमा उनले अष्टकोणाकारको स्तूप र चतुस्कोणाकारमा बनेको भवन हुनुपर्ने अनुमान गरेका छन्। त्यहाँ समाइमाईको मन्दिर रहेको वरिपरि नै यो उत्खनन गरिएको थियो।

(२) यिनले तिलौराकोट देखि उत्तर -पूर्वमा रहेको स्मारकलाई असित स्तुप हुनुपर्ने उल्लेख गरेका छन्। यहाँ कालदेव (असित) ले बुद्धको भविष्यवाणी गरेका थिए। यो १६ कोण भएको स्तूपको उत्खनन पनि उनले नै गरे।

(३) यिनले दरबारको पूर्वीद्वारको पत्तो लगाउनुको साथै त्यस वरिपरि रहेका अनेकौं भवनका अवशेषको पनि उत्खनन गरेर प्रकाशमा ल्याए।

(४) तिलौराकोट देखि दुई माइल उत्तरमा पर्ने सग्रहवा स्थानमा पनि यिनले उत्खनन गरेर यहाँ रहेको १७ वटा स्तूप तथा पोखरी प्रकाशमा ल्याइदिए। यस स्थानलाई चिनियाँ यात्रीले वर्णन गरेको जस्तो शाक्यहरूलाई विरुद्धकले सामुहिक हत्या गरेको स्मरणमा निर्मित स्तूप भनिएको छ।

(५) सग्रहवा देखि ३ माइल उत्तर - पूर्वी कुनामा अवस्थित बिकुली गाउँको ढिस्कोको पनि यिनले उत्खनन गरेका थिए। फुररले यसलाई अभयादेवी (शाक्यहरूकी देवी) को मन्दिर हुनुपर्छ भनेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(६) यिनले सग्रह्वा देखि १½ माइल पूर्वमा रहेको निग्लिसागरमा पनि उत्खनन गरी धेरै कुराहरू प्रकाशमा ल्याए । यहाँ रहेको अशोक स्तम्भ २ टुक्रामा विभाजित छ ।

(७) कपिलवस्तु देखि ४ माइल दक्षिण - पश्चिममा रहेको गोटिह्वा-मा पनि यिनले नै उत्खनन गरेका थिए । गोटिह्वाको स्तूप नजिकै रहेको अशोक स्तम्भ पनि यिनले प्रकाशमा ल्याए । तर स्तम्भमा अंकित अभिलेख भने पाउन सकिएन । यसैवेला-को उत्खननमा गोटिह्वामा रहेको धेरै अवशेषहरूको प्राप्ति हुन गयो । यस स्तूपलाई क्रकुछन्दको निर्वाण स्तूप भनिएको छ ।

(८) यिनले गोटीह्वा देखि १ माइल पूर्व लौरिकुदानमा रहेको ४ वटा ढिस्कोको उत्खनन गरी माटाका मूर्तिहरू तथा इँटाहरू प्रकाशमा ल्याए ।

(९) लुम्बिनीमा रहेको अशोक स्तम्भको चारैतिर उत्खनन गर्ने काम पनि मुखर्जीले नै गरेका देखिन्छन् । साथै यिनले रूम्मिनीदेई-को मन्दिरमा पनि उत्खनन गरी हालको मन्दिर रहेको भाग नै मायादेवीको मन्दिर रहेको कुरा बताएका छन् । त्यहाँ उनले बौद्धग्रन्थ सिलपरत्नमा उल्लिखित 'सप्तरथ' योजना अनुसार बनेको इँटाहरू प्रकाशमा ल्याइदिए ।

(१०) मायादेवीको मन्दिरको दक्षिण-पूर्वमा रहेको स्तूप तथा पोखरी र पोखरीको उत्तरतिर रहेका ५ वटा स्तूपहरूको उत्खनन गरी यिनले प्रकाशमा ल्याएका थिए । यी ५ वटा स्तूपहरू पनि सिद्धार्थको कथासँग जोडिएको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार पुरातत्वविद् पि. सि. मुखर्जीले आफ्नो उत्खननमा प्राप्त विभिन्न वस्तुहरूलाई बौद्धग्रन्थ र चिनिया यात्रीको विवरणमा उल्लिखित प्रसंग-हरूसँग तादात्म्यता देखाएर लुम्बिनी र तिलौराकोटको महत्तालाई सबैको सामु राखिदिए ।

देवला मित्रको कार्य

यसपछि यहाँ उत्खनन गर्ने पुरातत्वविद्मा भारतीय पुरातात्विक सर्वे-को तर्फबाट श्रीमती देवला मित्र थिइन् । देवला मित्रले आफ्नो उत्खनन कार्य सन् १९६२ – ६५ तिर सम्पन्न गरी १९७२ मा आएर आफ्नो रिपोर्ट प्रका-शित गरिन् । यिनले तिलौराकोटलाई प्राचीन कपिलवस्तुको रूपमा अस्वीकार गर्दै यसको नजिकै रहेको पिप्रहवा जो भारतीय सीमाभित्र पर्दछ । यसलाई कपिलवस्तु हुन सक्ने उल्टो विवाद खडा गरिदिइन् । यिनले प्रकाशित गरेको रिपोर्टमा तिलौराकोटको सम्बन्धमा निम्न कुराको उल्लेख गरेको देखिन्छ –

(१) दरबारको क्षेत्रफल निकै कम देखिन्छ तथा दरबारको उत्तर र दक्षिणतिर रहेका द्वारहरू काल्पनिक छन् ।

(२) यसको वरिपरि लगाइएका पर्खालहरू पनि जमिनको सतहबाट कम उचाइमा देखिन्छन् ।

(३) यहाँ रहेका केही मुख्य ढिस्काहरू मध्यकालीन भवनहरू हुन्, जसले शहरको मूल इतिहाससँग सम्बन्ध राखेको देखापर्दैन ।

(४) यसमा देखिएको सबैभन्दा तल्लो सतह (८A र ८B) मा उनको अनुसार कथित N. B. P. Ware को साथसाथै खैरो र कालो सतह रहेको माटाका भाँडाका टुक्रा पाइन्छन् । यस्तो भएता पनि यहाँ Red Ware को बाहुल्यता नै छ । यिनले यहाँ प्राप्त भएका माटाका भाँडाका टुक्रालाई हस्तिनापुरको माथिल्लो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सतहमा प्राप्त माटाका टुक्रासँग तुलनागर्दै यहाँ प्राप्त माटाका टुक्रालाई दोस्रो तेस्रो शताब्दि ई. पू. भन्दा अगाडि जान नसक्ने अनुमान गरिन् ।

(५) यसको साथै थिनले लौरिकुदानको मन्दिरलाई सातौं शताब्दी ईश्वी तिरको मान्दै यसलाई ह्वेनसाँगको भ्रमण पछि निर्माण भएको मानेकी छन् ।

यसरी देवला मित्रले उनी भन्दा अगाडिका पुरातत्वविद् फुरर र पि. सि. मुखर्जीहरूले गरेको कार्यलाई खण्डन मात्र गर्न पुगेको देखिन्छ । उनका तर्कहरू तिलौराकोटलाई शुद्धोदनको दरबारको भग्नावशेषको रूपमा मान्यता नदिन सिर्जना गरेको देखा पर्दछ । यसको लागि उनले यहाँबाट नजिकै रहेको भारतीय सीमा भित्रको विप्रहवालाई प्राचीन कपिलवस्तुको रूपमा मान्यता दिएकी छिन् । नेपाली तथा विदेशी पुरातत्वविद्हरूले देवला मित्र भन्दा पछि पनि जे जति सामग्रीहरू प्राप्त गरेका छन् ती सबै आधारबाट देवला मित्रको कुरालाई निम्न कारणबाट खण्डन गर्न सकिन्छ ।

(१) तिलौराकोट दरबारको क्षेत्र निकै विशाल छ । पि. सि. मुखर्जीले नै तिलौराकोटको क्षेत्रफल १६ सय फिट उत्तर–दक्षिण र १००० फिट पूर्व–पश्चिम भएको स्वीकार गरेका छन् । यसको साथै चारैतिर भग्नावशेषहरूको प्राप्ति भएको हुनाले यसलाई दरबार भन्न स्पष्ट सुहाउँछ ।

(२) माटाका टुक्राहरू, जो तिलौराकोटको उत्खननमा प्राप्त भएका छन्, तिनीहरू हस्तिनापुरमा प्राप्त खैरो रंग अङ्कित (Painted Grey Ware) माटाका भाँडाका टुक्राहरूसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पष्ट समानता राखेका पाइन्छ । देवला मित्रले यसलाई कृत्रिम रूपमा तर्क दिने प्रयास गरेकी मात्र हुन् ।

(३) देवलामित्रले यस क्षेत्रको इतिहास निकै अगाडिको भएको स्वीकार गरेकी तर तिलौराकोटको बसोबास भने चौथो शताब्दी ई. पू. भन्दा अगाडि जान नसकिने भन्ने कुरा नै द्विविधापूर्ण देखिन्छ ।

(४) उनले तिलौराकोटको यो भव्य भग्नावशेष रहेको वैभवलाई त्यसोभए कोसँग सम्बन्धित गर्न सकिन्छ ? भन्ने कुराको उत्तर दिन सकेकी छैनन् ।

(५) उनले देखाएको पिप्रहवामा न दरवारको भग्नावशेष छ न त अन्य विशाल भग्नावशेषहरूको प्राप्ति नै देखिन्छ । वास्तवमा पिप्रहवामा एउटा विशाल स्तूप बाहेक अरू केही महत्त्वपूर्ण सामग्री प्राप्त छैन । कसैले पिप्रहवाको स्तूप नजिकैको गनवारियाको बिहारको अवशेषलाई दरवारको संज्ञा दिएता पनि यो कुरा चीनी यात्रीको विवरणबाट पनि सिद्ध हुन सक्तैन ।

यस आधारबाट पनि देवला मित्रको तर्क सान्दर्भिक नभई एकतर्फी भएको देखिन्छ । वास्तवमा देवला मित्रपछि विभिन्न पुरातत्वविद्हरूले गरेका उत्खनन कार्यहरूबाट जे जति थप सामग्रीहरू प्राप्त हुन आएका छन्, त्यसबाट तिलौराकोट नै वास्तविक कपिलवस्तु भएको कुरामा पुष्टि हुन्छ ।

सन् १९६५ मा नेपाल पुरातत्व विभाग र जापानको रिसो विश्वविद्यालयको संयुक्त प्रयासबाट यहाँ उत्खनन गर्ने कार्य गरियो । यसै समयमा तिलौराकोट स्थित दरवारको पश्चिमीद्वार र द्वय स्तूपको भागहरू उत्खनन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी प्रकाशमा ल्याउने काम भयो। जापानी पुरातत्वविद्ले यहाँ रहेको शुद्धोदनको दरबारको आन्तरिक भागको उत्खनन गरी धेरै उपलब्धिहरू हासिल गरेका थिए। उनीहरूको उपलब्धिबाट पनि यो दरबार कपिलवस्तु दरबार नै हुने कुरा विश्वास हुन्छ।

नेपाल पुरातत्व विभाग आफू समर्थ भइसकेपछि यहाँ उत्खनन कार्यहरू सम्पादन हुँदै त्यसको रिपोर्टहरू प्रकाशमा ल्याउने काम बेला बेलामा हुँदै गरेको छ। यस प्रकारको उत्खननमा सबैभन्दा तल्लो सतहमा P.G. Ware प्राप्त भएको छ। यो N. B. P. Ware भन्दा पनि तल्लो सतहमा प्राप्त भएकोले सामान्यतया N. B. P. Ware लाई ४०० ई. पू. मानेको खण्डमा यसभन्दा अगाडिको P. G. Ware को समय ७०० ई. पू. तिरको स्वीकार गर्न सकिन्छ। N. B. P. Ware भन्दा माथि क्रमशः मौर्य, सुङ तथा कुषाणकालीन अवशेषहरू प्राप्त भएका छन्।

यसका अतिरिक्त तिलौराकोटको उत्खननमा प्राप्त भएका शाक्यहरूको टोकन, सिल तथा मुद्राले पनि यसको गरिमालाई थप प्रमाण दिएका छन्। यसरी दरबारको पर्खाल तथा त्यसको घेरा प्राप्तिबाट यस दरबारलाई प्राचीन कपिलवस्तुसँग सम्बन्धित गर्न सकिन्छ।

निम्न कारणबाट हामी तिलौराकोटलाई कपिलवस्तु मान्न सक्छौं :-

(१) भौगोलिक अवस्था :- भौगोलिक बनावटको आधारबाट प्राचीन कपिलवस्तु नै आजको तिलौराकोट थियो भन्ने कुरा निश्चित हुन आउँछ। प्राचीन बौद्धग्रन्थ अनुसार कपिलवस्तु शहर भागीरथी नदीको किनारामा अवस्थित थियो। अहिलेको बाणगङ्गा नै त्यसबेलाको भागीरथी हुनुपर्ने कुरामा सबैको एकमत छ। बौद्धग्रन्थ ललित विस्तरमा पनि कपिलवस्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालय पहाडको फेदीमा छ भनेकोले यसै ठाउँलाई नै संकेत गरेको देखिन्छ, किनभने अरू कुनै यस्तो प्राचीन स्थल हिमालयको फेदीमा भएको पाइँदैन, जहाँ अनगिन्ती खण्डहरको धरोहर प्राप्त होस् । यस्तै दीघ निकायको अम्बय सूक्तमा इच्छ्वाकुका सन्तान 'यथा हिमवन्त पासे पोखणीय तिरे माहा साक संदो' मा बसेको वर्णनले पनि यसैलाई नै वर्णन गरेको स्पष्ट हुन्छ । यसको साथै सूक्त निपादमा बुद्धले आफ्नो परिचय यसरी दिएको देखिन्छ–

"उजु जनपदो राजा हिमवत्तस्सपस्सतो ।
धन विरियन संपन्नो कोसलेसु निकेतिनो ।
आदिच्चा नाम गोतेन सकिया नाम गोतिया ।
तह्माकुल पब्वजीतोह्मि न कोम अभिपत्थयं ।।"

यसरी यहाँ पनि हिमालयको काखमा रहेको तिलौराकोटलाई नै संकेत गरेको देखिन्छ । यसबाट प्राचीन भौगोलिक वर्णनले स्पष्ट रूपमा अहिलेको तिलौराकोटलाई नै देखाएको छ ।

(२) **चीनिया यात्रीको वर्णन :–** चिनिया यात्री फाइह्यान र ह्वेनसाँगको विवरणबाट पनि कपिलवस्तुको संभावित क्षेत्र तिलौराकोट रहेको देखिन्छ । फाइह्यानले ४०३ ई. मा र यसको दुई सय वर्ष पछि अर्थात ६३६ ई. मा ह्वेनसाँगले यहाँ यात्रा गरेका थिए । यी दुवै यात्रीले तत्कालीन कपिलवस्तुको विवरण दिएका छन् । तर दुवै यात्रीहरूको विवरण केही फरक भएको पाइन्छ । ह्वेनसाँगले लुम्बिनी र कपिलवस्तुको बीचको दूरी ३० ली थियो भन्ने उल्लेख गरेका छन् भने फाइह्यानको अनुसार त्यो दूरी ५० ली थियो । उनीहरूको विवरणको यस भिन्नतावाट भि. ए. स्मिथ जस्ता विद्वानले दुई वटा अलग अलग स्थानलाई वर्णन गरेको स्वीकार गरेका छन् । उनको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसार ह्वेनसांगको वर्णन स्पष्ट रूपमा तिलौराकोटसँग मिल्छ भने फाइ-ह्यानको वर्णनले पिप्रहवातिर संकेत गर्दछ । यस आधारबाट स्मिथले विरुद्ध-कको आक्रमण हुनुभन्दा अगाडि शुद्धोदनको दरबार रहेको ठाउँ तिलौराकोट नै भएको र विरुद्धकको आक्रमणपछि बचेर भागेका शाक्यहरू पिप्रहवामा गई बसोवास गरेको तर्क उल्लेख गरेका छन् ।

एउटा उल्लेखनीय कुरा के देखिन्छ भने फाइह्यानको वर्णन त्यति स्पष्ट छैन र वैज्ञानिक पनि छैन । ह्वेनसांग, जसले तत्कालीन भारतका विभिन्न बौद्ध तीर्थस्थलको वर्णन समेत गरेका छन्, उनको विवरण धैरे भरपर्दो छ । अथवा यो पनि हुन धेरै संभव छ कि फाइह्यनलाई वास्तविक कपिलवस्तु रहेको (हालको तिलौराकोठ) बारेमा थाहै भएन । उनले बुद्धको निर्वाण स्तूप-लाई भ्रमवस कपिलवस्तु अनुमान गरे ।

ह्वेनसांगको विवरणसंग उत्खननमा प्राप्त हुन आएका वस्तुहरू ठ्याम्मै मिल्छन् । ह्वेनसांगको वर्णन अनुसार कपिलवस्तु रज्य ४००० ली (६६४ माइल) घेरामा फैलिएको थियो । यति ठूलो खण्डहर हामी तिलौराकोटमा बाहेक अरू ठाउँमा पाउन सक्तैनौ । त्यस्तै बुद्धको जीवनसँग सम्बन्धित घटनालाई देखाउने स्तूप र बिहारहरू निर्माण भएको जो ह्वेनसांगको विव-रणले उल्लेख गर्दछ, त्यो तिलौराकोट स्थित दरवार वरिपरि प्राप्त भएका खण्डहरहरू नै हुन् । यसबाट तिलौराकोट प्राचीन कपिलवस्तु नै भएको कुरामा निश्चित छ ।

(३) **दरबारको स्वरूप :–** ह्वेनसांगले कपिलवस्तुको दरवार १४ देखि १५ ली (२$\frac{३}{५}$ माइल) सम्म फैलिएको वर्णन गरेका छन् । साथै बौद्धग्रन्थबाट पनि यस भव्य दरवारको वरिपरि पर्खाल लगाएको र चारै दिशामा प्रमुख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढोका बनेका थिए भन्ने वर्णन पाइन्छ । चारै ढोकाको वरिपरि बुद्ध र उनको माता–पितासँग सम्बन्धित र उनीहरूको जीवनीमा आधारित स्तूप र बिहार-हरू बनेका थिए । यस प्रकारको अवशेष तिलौराकोट दरबार बाहेक अरूमा भेटिँदैन । उत्खननको सिलसिलामा प्राप्त हुन आएका दरबारको विशाल पर्खाल र खाइहरू, पूर्वी र पश्चिमी द्वारका अवशेषहरूले ठूलो महत्त्व राखेका छन् । यस्तै दरबारभित्र प्राप्त भएको इनारको अवशेष, बैठक कोठा, पाले रहने कोठा आदिबाट पनि यो दरबारको भव्यताको अनुमान लगाउन सकि-एको छ । यी सम्पूर्ण तथ्यबाट प्राचीन कपिलवस्तु नै आजको तिलौराकोट रहेको कुरामा निश्चित देखिन्छ ।

(४) वरिपरि रहेका महत्त्वपूर्ण स्मारकहरू :– तिलौराकोट कपिल-वस्तु नै थियो भन्ने अर्को प्रमाणको रूपमा यसको वरिपरि रहेका अन्य महत्त्वपूर्ण स्मारकहरूलाई पनि लिन सकिन्छ । यस्ता स्मारकहरूमा बुद्ध र बुद्धको जीवनीसँग सम्बन्धित स्तूप, बिहार तथा अन्य स्मरणका वस्तुहरू नै पर्दछन् । तिलौराकोटदेखि उत्तर–पूर्व असित स्तूप बनेको छ । असित ऋषि-लाई सिद्धार्थ गौतमको भविष्यवाणी गर्ने रूपमा उल्लेख गरिएको पाइन्छ । यस्तै तिलौराकोटदेखि २ माइल उत्तर पर्ने सग्रहवामा शाक्यहरूको सामुहिक हत्या गरेको थियो भन्ने त्यहाँ प्राप्त १७ वटा जति स्तूपहरूका अवशेषहरूबाट अनुमान लगाउन सकिन्छ । यस्तै प्रकारसँग निग्लिहवाको कनकमुनि बुद्धको निर्वाण स्तूप तथा गोटीहवालाई क्रकुछन्द बुद्धको निर्वाण स्थल मानिने बलिया प्रमाणबाट तिलौराकोटको महत्त्वबारे यकिन गर्न सकिएको छ ।

(५) प्राचीन माटाका भाँडाका टुक्राहरू :– तिलौराकोटको उत्खन-नमा प्रशस्त माटाका भाँडाका टुक्रहरू प्राप्त भएका छन् । यिनीहरूमध्ये सर्वभन्दा तल्लो सतहमा Painted Grey Ware हरू प्राप्त भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन । त्यसदेखि माथिल्लो सतहमा N. B. P. Ware को स्थान रहेको छ । हस्तिनापुरमा प्राप्त P. G. Ware हरू पातला र यसमा स्वस्तिक गोलाकार चिह्नमाथि थोपाहरू भएको, सूर्य उदाएको, लहरादार डोरी तथा वक्राकार बाँध्ने डोरीहरूका चित्र अङ्कित भएको पाइन्छ । यस प्रकारको चित्रहरू तिलौराकोटमा प्राप्त P. G. Ware मा पनि अङ्कित भएको पाइन्छ । हस्तिनापुर र ऐहिच्छत्रमा प्राप्त यस्ता माटाका भाँडाका टुक्रालाई आठौं शताब्दी ई. पू. तिर मानिएको छ । यस आधारबाट पनि तिलौराकोटमा प्राप्त P. G. Ware लाई कमसे कम सातौं शताब्दी ई. पू. तिरको स्वीकार गर्न सकिन्छ । यसको साथै यहाँ प्राप्त अनेकौं मूर्तिहरूले पनि मौर्यकाल भन्दा अगाडिको अस्तित्वलाई स्वीकार गर्दछन् । यसबाट पनि हालको तिलौराकोट नै कपिलवस्तुको अवशेष रहेको स्थलको रूपमा स्वीकार गर्न सकिन्छ ।

२. वान्जरही र पैंसिया :– नेपालको तराई भागको महत्त्वलाई ध्यानमा राखेर सन् १९६४ मा एस. बि. देवले वान्जरही र पैंसियामा उत्खनन कार्य गरे । वान्जरही लुम्बिनीदेखि ५ माइल दक्षिण दानो नदीको किनारामा अवस्थित छ । यहाँ देवले खैरो रङ्ग (Grey Ware) अङ्कित माटाका भाँडाका टुक्राहरू प्राप्त गरे । यसलाई हस्तिनापुरमा प्राप्त माटाका भाँडाका टुक्राको समान राखिएको छ । देवले यस्ता माटाका भाँडाहरूको समयलाई ७औं देखि ६औं शताब्दी ई. पू. सम्म स्वीकार गरेका छन् । उनले यहाँ दोस्रो पिरियड तिरको ६ स्तरसम्म उत्खनन गरेका थिए । प्रथम पिरियडको 'A' मा Grey Ware हरूको पर्याप्तता र सोही पिरियडकै 'B' स्तरमा N. B. P. र Red Ware र दोस्रो पिरियडमा Red Ware हरू प्राप्त भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उल्लेख उनले गरेका छन् । यसैले Grey Ware हरूको प्राप्ति सतह सर्व भन्दा तल रहेको देखिन्छ ।

यसको साथै एस. बि. देवले आफ्नो उत्खननमा धेरै माटाका मूर्तिहरू प्राप्त गरे । यिनमा मानव तथा जनावरका मूर्तिहरू छन् । एउटा नारीमूर्तिलाई यसमा महत्त्वपूर्ण मान्न सकिन्छ । उक्त नारीले कानमा गह्रौं गोलाकार गहना लगाएकी छन् । नारीमूर्तिको मुखाकृतिमा तिखो नाक, बाक्ला ओठ र साँघुरा आँखा छन् । यस मूर्तिलाई विद्वानहरूले पहिलो वा दोस्रो शताब्दी ई. पू. तिर मानेका छन् । अन्य नारीमूर्तिहरू धेरैजसो हातखुट्टा नभएका अवस्थाका प्राप्त भएका छन् ।

यसका साथै पैसिया, जो बान्जरहीदेखि ३ माइल उत्तर-पूर्वमा अवस्थित छ । त्यहाँ पनि एस. बि. देवले उत्खनन गरेका थिए । यहाँ उत्खननमा जम्मा ४ वटा मन्दिरहरूको स्वरूपको पत्तो लाग्यो । मन्दिरलाई यिनले मध्यकालीन समयतिर हुनुपर्ने अनुमान गरेका छन् । मन्दिरभित्र शिव पार्वती सहितका मूर्तिहरू पनि प्राप्त भएका थिए । यसबाट देवले नेपालको तराईमा रहेका स्थलहरूलाई प्राचीन स्थलको रूपमा रहेको जानकारी दिएका छन् ।

३. हाँडीगाउँ र लाजिम्पाट :— इण्डियन को-अपरेशन मिसन र नेपाल पुरातत्व विभागको संयुक्त प्रयासबाट सन् १९६५ मा काठमाडौंको हाँडीगाउँ र लाजिम्पाटमा उत्खनन गरियो । यसमा इण्डियन को-अपरेशन मिसनको तर्फबाट एस. बि. देव र पुरातत्व विभागको तर्फबाट जनकलाल शर्मा र तारानन्द मिश्रले भाग लिएका थिए । यो उत्खनन खासगरेर काठमाडौं उपत्यकाको पूर्व लिच्छवीकालीन साँस्कृतिक गतिविधिको बारेमा अवगत गर्न गरिएको थियो । काठमाडौं उपत्यकाभित्र गरिएको यो उत्खनन नै प्रथम थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाँडीगाउँ स्थित मानेश्वर क्षेत्रभित्र यो उत्खनन गरिएको थियो। उत्खननमा ६ स्तरसम्म सतह देखा पर्‍यो, जसको जम्मा ७ फिट जति गहिराइमा खनिएको थियो। तिथिक्रमको आधारबाट तेस्रो पिरियड सम्ममा तिथि निर्धारण भएको छ। प्रथम पिरियडलाई यहाँ A, B, C गरी ३ श्रेणीमा विभाजन गरिएको छ। यसमा A को सम्बन्ध बलौटे खैरो माटोसँग, B को पशुपति छाप अङ्कित मुद्रा र रातो रङ्गका माटाका टुक्रासँग र C को सम्बन्ध अंशुबर्माको मुद्रा, राता चिल्ला माटाका टुक्रासँग गरेर प्रथम पिरियडलाई पूर्व लिच्छवी र लिच्छवीकालीन समयतिर तोकिएको छ। यस्तै दोस्रो पिरियड मल्ल र मुस्लिम मुद्राको साथै चिल्लो रातो माटाका टुक्रासँग सम्बन्ध देखाइएको छ। सबैभन्दा पछिल्लो तेस्रो पिरियडको त्रिभुवनको मुद्रा र खस्रो माटाका टुक्रासँग सम्बन्धित गरिएको छ।

हाँडीगाउँको उत्खननमा माटाका भाँडा र भाँडाका टुक्राहरू प्राप्त हुनु ठूलो विशेषता थियो। यस्ता माटाका भाँडाहरूमा थाल, सुराही, कचौरा, पींध भएको बाटा आदि प्रमुख छन्। माटाका भाँडाका टुक्राहरूमा चिल्लो रातो रंगका हातबाट निर्मित छन्। खासगरेर राता चिल्ला माटाका भाँडाका टुक्राहरू यहाँ प्रशस्त प्राप्त भएका छन्। यिनीहरू गुलाफी खैरो माटोबाट बनेको देखिन्छ। यसका साथै उत्खननमा १८ वटा मुद्राहरू संकलित छन्। एउटा चाँदीको बाहेक अरू मुद्राहरू सबै तामाका नै छन्। बाच्छाले गाईको दूध चुसेको छाप अङ्कित अंशुवर्माकालीन मुद्रामा 'प्रस्थदा' अक्षर अङ्कित गरिएको देखिन्छ। 'पशुपति' अङ्कित पशुपति मुद्रा तथा नेवारी अक्षरमा 'श्री लक्ष्मी' लेखिएको मल्लकालीन मुद्रा यहाँ प्राप्त महत्त्वपूर्ण उपलब्धि अन्तर्गत आउँछन्। एउटा चाँदीको दामलाई पनि मल्लकालतिरकै मानिएको छ। मूर्तिहरूमा यहाँ एउटा हातमा चक्र लिएको विष्णुको मूर्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महत्त्वपूर्ण छ। यसबाहेक यहाँ अरू खास उपलब्धि हासिल हुन सकेन। तथा लिच्छवी पूर्वको अवस्थाको कुनै पनि अवशेषहरू प्राप्त हुन नसकेको हुनाले त्यतातिरको जानकारी पनि प्राप्त भएन।

यस्तै लाजिम्पाट, गैह्रीधारा नजिकै लिच्छवीकालीन शिवलिङ्ग भएको ठाउँ वरिपरि महत्त्वपूर्ण अवशेष प्राप्त हुने संभावना देखेर यहाँ उत्खनन गरिएको थियो। यस आधारबाट ३ वटा ट्रेन्च यहाँ खनियो। प्रथम ट्रेन्च ४ फिट ७ ईन्चसंम खनियो, जहाँ इँटका टुक्राहरूको थुप्रो बाहेक कुनै महत्त्वपूर्ण कुरा प्राप्त भएन। यस प्रकारका इँटाहरू पछिल्ला मल्लकालीन बिहार र मन्दिर-हरूमा प्रयोग गरिएको पाइन्छ। प्रथम र दोश्रो ट्रेन्चमा एउटा उत्तर-पूर्व देखि दक्षिण–पश्चिमसम्म गएको १२ फिट लामो एउटा पर्खालको अवशेष यहाँ प्राप्त भएको छ। यहाँ गरिएको उत्खननमा ६ फिट भन्दा तल कुनै बसोबा-सको चिन्ह प्राप्त भएन। यसैले यहाँ पनि खास महत्त्व राख्ने कुनै ऐतिहासिक महत्त्वका अवशेषहरू प्राप्त हुन सकेनन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ६

हिन्दू समाजमा लेखन कलाको प्राचीनता
(Antiquity of Writing in Hindu Society)

मानव इतिहास पल्टाएर हेर्नें हो भने मानवले सुरू सुरूमा जङ्गली जीवन नै बिताएको पाइन्छ। यस्तो अवस्थामा लेखन कलाको त परै जावस् उनीहरूको भाषाको निश्चित स्वरूप बनी सकेको थिएन। उनीहरूले आफ्नो अन्तरमनको अभिव्यक्ति संकेतद्वारा गर्ने गर्थे। समयको परिवर्तनको साथै मानवले पनि क्रमशः विकास गर्दै आयो। उसले सर्वप्रथम त शहरी सभ्यताको निर्माण गऱ्यो त्यसपछि अरू वस्तुहरूको साथै लेखन कलाको पनि आविस्कार गर्न सकेको हो। लेखनकलाको सुभारम्भ भएपछि मानव सभ्यताको चिनारीमा पर्न थाल्यो।

प्रारम्भिक लेखन कलाको अवस्थामा मानवले गुफाका भित्ता माटो तथा प्रस्तरका पाता र त्यसपछि क्रमशः भोजपत्र, ताडपत्र आदिको प्रयोग गरेको थियो। तर लेखन कलाको सुभारम्भ कहिले देखि र कुन लिपिको माध्यमबाट सुरू भयो भन्ने कुरा नै विवादास्पद छ। विभिन्न विद्वान, पछितिर रचना गरिएका ग्रन्थहरू र अनुश्रुतिहरूमा यस सम्बन्धमा विभिन्न कुराहरूको उल्लेख भएको पाइन्छ। भारत वर्षमा लेखन कलाको सुरुवात कहिले भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो भन्ने कुरा विदेशी विद्वानहरूको तर्क भिन्दै छ । उनीहरूले भारतवर्षमा लेखन कलाको सुरुवात पछि आएर विदेशीहरूको प्रभावमा परेर भएको थियो भन्दछन् । लेखनकलाको प्राचीनताको बारेमा उल्लेख गर्दै मेक्समूलर भन्छन् कि पाणिनीको अष्टाध्यायी (ई. पू. चौथो सताब्दीतिर) भन्दा अगाडि लेखन कलाको कुनै स्वरूप बनी सकेको थिएन । यसरी पाणिनीको अष्टाध्यायी पछि मात्र यहाँ लेखन कलाको अस्तित्व थियो भन्ने उनको मत रहेको छ ।

यस्तै अर्का विद्वान बर्नेलले पनि प्राचीन भारतीय ब्राह्मीलिपिको आविस्कार फोनोसियनहरूको प्रभावमा परी भएको बताउँदै यसको आरम्भ चौथो पाँचौ सताब्दी ई. पू. भन्दा पछि आएर भएको राय व्यक्त गरेका छन् । यस्तै अर्का विद्वान बुलर (Bulher) ले पनि झण्डै झण्डै यस्तै मत व्यक्त गरेका छन् । उनको अनुसार भारतवर्षमा लेखनकलाको सुरुबात ५०० ई. पू. (अर्थात त्यो भन्दा हद,से हद अगाडि भए ८०० ई. पू.) तिर सेमेटिकहरूको प्रभावबाट भएको हो ।

माथिका विद्वानहरूको तर्कलाई भारतीय विद्वानहरूले विभिन्न प्रमाणहरूको आधारबाट खण्डन गरेका छन् । हुन पनि विभिन्न साहित्यिक ग्रन्थ, विदेशीहरूको वर्णन र पुरातात्विक प्रमाणबाट भारतवर्षमा लेखनकलाको सुरुवात धेरै अगाडि देखि नै भएको थियो भन्न सकिन्छ ।

(क) साहित्यिक स्रोत :– साहित्यिक स्रोत अन्तरगत विभिन्न हिन्दू बौद्ध तथा जैन ग्रन्थमा उल्लिखित प्रमाणहरू आउँछन् ।

(१) हिन्दू ग्रन्थहरू :- हिन्दू ग्रन्थहरूमा सर्वप्रथम वेदहरू नै आउँछन् । वेदलाई श्रुति भनिन्छ किनभने यो धेरै समयसम्म ऋषिमुनिद्वारा क्रमशः संग्रह गरी लेखिएको थियो । वेदहरूमा ऋग्वेद नै सर्वप्रथम ग्रन्थको रूपमा आउँछ । ऋग्वेदमा लेखनकलाको बारेमा प्रकाश पार्ने प्रशस्त सामग्रीहरू प्राप्त हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋग्वेदमा विभिन्न छन्दको उल्लेख पाइन्छ जस्तो गायत्री, अनुस्टुब, बृहती, विराज, त्रिस्टुभ आदि । यसबाट त्यसवेला छन्दशास्त्रको विकास भएको देखिन्छ । ऋग्वेदको एक विवरण अनुसार राजा सावर्णीले सहस्र गाई दान गरेका थिए । साथै ती प्रत्येक गाईको कानमा ८ को अङ्क अंकित गरिएको थियो । यसबाट अङ्क लेख्ने पद्धतिको त्यसवेला विकास भएको देखिन्छ ।

अथर्ववेदका अनुसार शरीर दुई योग–समानी र विकृतबाट बनेकोछ । जुनसुकै तिमिमाथि लेखिएको छ, त्यो एक विशिष्ट वस्तुले लेखिएको छ । यसबाट प्राप्त भएको ज्ञान सजिलैसङ्ग लुप्त हुँदैन । अथर्ववेदको यो प्रसङ्गबाट पनि लेखनकलाको अवस्थ बारे बुझ्न सकिन्छ । यस्तै यजुर्वेदमा 'गणक' शब्दको उल्लेख पाइन्छ । यसबाट त्यसवेला गणना गर्ने पद्धतिको उल्लेख भएकोले लेखन-कलाको बारेमा पनि स्पष्ट जानकारी मिल्दछ । वैदिक ग्रन्थहरूको अध्ययनबाट त्यहाँ विभिन्न संख्याहरूको नाम उल्लेख भएको पाइन्छ । यस्ता संख्यामा दश (१०) सत(१००) सहस्र (१०००) अयुत (१०,०००) नियुत (१०००-००) प्रयुत (१०,०००००) र त्यसपछि क्रमशः अबुर्द, न्यवुर्द, समुर्द, मध्य अन्त र प्रार्ध थिए । त्यसमा क्रमशः एउटा ० थाप्दै गणना गरिन्थ्यो । यसबाट त्यसवेलाको लेखन कलाको अस्तित्वको बारेमा हामीलाई जानकारी मिल्न गएको छ ।

उपनिषद् तथा आरण्यक ग्रन्थहरूमा पनि लेखनकलाको अस्तित्वको बारेमा प्रकाश पर्दछ । उपनिषद् र आरण्यकको अधिकांश भाग गद्यमा लेखिएको छ । यति विशाल साहित्यको लेखन एक पीढीबाट अर्को पीढी हुँदै आएकोछ । छान्दोग्य उपनिषद्मा अक्षर लेख्ने प्रक्र्याको उल्लेख छ । तैतरियोपनिषद्मा वर्ण र मात्राको उल्लेख पाइन्छ । ऐतरिय उपनिपद्मा अक्षर उच्चारणको परि-चय पाइन्छ । स्वयं उपनिषद् अनेक दार्शनिक तत्वहरू मिलेर बनेकोछ । यस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दार्शनिक तत्व लेखनकला विना संभव हुन सक्तैन । यसैले उपनिषद्‌बाट पनि लेखन कलाको बारेमा थाहा हुन आउँछ ।

यस्तै सूत्र साहित्यमा पनि लेखन कलाको बारेमा उल्लेख हुन आएको छ । श्रौत सूत्र, गृहसूत्र, धर्मसूत्र आदिमा पनि लेखन कलाको बारेमा प्रशस्त प्रकाश पारेको देखिन्छ । वशिष्ठ धर्मसूत्रमा घर व्यवहारको प्रमाणको लागि लिखित पत्रको आवश्यकताको उल्लेख गरिएकोछ । यसबाट त्यसवेला लेखन-कलाको विकास भएको देखिन्छ ।

पाणिनीको अष्टाध्यायी ग्रन्थमा पनि लेखन कलाको उल्लेख भएको छ । पाणिनीले आफ्नो ग्रन्थमा लिपि, लिपिकर, यवनानी, ग्रन्थ र स्वरितको उल्लेख गरेकाछन् । साथै अष्टाध्यायीमा पाणिनीले तत्कालीन वैयाकरणका विवरण प्रस्तुत गरेका छन् । यसबाट पाणिनी पूर्व नै व्याकरण साहित्यको निर्माण भैसकेको थियो भन्न सकिन्छ । पाणिनी पूर्वका व्याकरण शास्त्री 'यास्क' ले आफ्नो ग्रन्थ निरुक्तमा पनि १७ वैयाकरणका नामहरू उल्लेख गराएका छन् । वास्तवमा त्यसवेला देखि नै लेखन कलाको विकास भएकोले व्याकरणको पनि विकास हुन सकेको थियो ।

महाकाव्यहरूमा पनि लेखन कलाको बारेमा उल्लेख भएको पाइन्छ । रामायणको एक प्रसङ्गमा हनुमान सीतालाई भेट्न अशोक वाटिका गएको वेला हनुमानले 'राम' को नाम लेखिएको औंठी खसालीदिंदा सीता त्यो देखि आश्चर्य प्रकट गर्छिन् । यस्तै महाभारतमा पनि लेखनकलाको बारेमा प्रकाश पार्ने थुप्रै कुराहरू पाइन्छन् । महाभारतमा लिख, लेखक, लेखन आदि शब्दको पनि उल्लेख पाइन्छ । यसबाट पनि त्यसवेला लेखनकलाको अस्तित्व रहेको कुरा स्वीकार गर्न सकिन्छ ।

कौटिल्यको अर्थशास्त्रमा आउँदा पनि लेखनकलाको संबन्धमा प्रकाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेको देखिन्छ। अर्थशास्त्रमा 'चुडाकर्म पछि लेखन र गणना सिक्नु पर्छ' भनिएको छ। साथै यसमा 'संज्ञा र लिपिकोसाथ आफ्ना गुप्तचरलाई पठाउँनु' भन्ने स्पष्ट उल्लेखबाट लेखन कलाको स्वरूप स्पष्ट रहेको देखा पर्छ। यसप्रकार हिन्दू ग्रन्थले लेखन कलाको प्राचीनतालाई धेरै अगाडिको स्वीकार गरेको देखिन्छ। यदि यसो नभएको भए 'ऋग्वेद' जस्तो महत्त्वपूर्ण ग्रन्थ रचना हुने नै थिएन।

(२) बौद्ध ग्रन्थहरू :– विभिन्न बौद्ध ग्रन्थहरूको वर्णन र त्यसमा उल्लिखित कथा अनुसार पाँचौं तथा छैठौं शताब्दी ई. पू. मा लेखन कलाको अस्तित्व मात्र हैन, त्यो भन्दा अगाडि देखि नै यसको अस्तित्व रहेको देखा-पर्छ। बौद्धग्रन्थ सुत्तान्तमा भिक्षुहरूलाई एउटा विशिष्ट प्रकारको खेल खेल्न निषेध गरिएको छ। यो खेल अख्खरिका (अक्षरिका) थियो। यस खेलमा आकाशमा वा पिठ्यूमा अंगुठाले लेखिएको अक्षर पढ्नु पर्दथ्यो। यस्तै विनय पिटकमा लेखन कला भिक्षुहरूको लागि निर्दोष एवं सराहनीय बताउँदै यसको प्रसंसा गरिएको छ। साथै बौद्धकालमा कुनै गृहस्थीहरू लेख्ने व्यवसाय गरी जीविकोपार्जन पनि गर्दथे।

बौद्ध जातक कथाको अनुसार व्यक्तिगत र आधिकारिक पत्र, राज-कीय घोषणा, कुटुम्ब संबन्धी कार्य, धार्मिक एवं राजनैतिक, ब्याज तथा ऋण-पत्र आदि लिखित रूपमा गरिन्थ्यो। अर्को बौद्धग्रन्थ 'माहावग्ग' मा लेख, गणना आदिको उल्लेख पाइन्छ। यसको साथै जातक ग्रन्थमा लेख्ने उपकरण फलक (पाटी) र वर्णक (कलम) को उल्लेख पाइन्छ। ललित विस्तरमा बुद्धको लिपिशालामा आफ्ना गुरु विश्वामित्रद्वारा पत्र लेखन सिकाएको उल्लेख पाइन्छ। यसको अतिरिक्त बौद्ध साहित्यमा छिदन्ती, लिखति, लेख, लेखक आदि शब्दको साथसाथै लेख्ने उपकरण काठ, बाँस, पत्र, स्वर्णपत्रको उल्लेख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि पाइन्छ । यसबाट बौद्धग्रन्थमा लेखन कलाको व्यापक विस्तार भएको देखिन्छ ।

(३) **जैन ग्रन्थहरू :–** जैन धर्मसँग सम्बन्धित ग्रन्थहरूमा पनि लेखन कलाको बारेमा चर्चा गरेको पाइन्छ । जैन साहित्यको भगवती सूक्त 'नमो बंविय लीवीय' भन्ने ब्राह्मीको बन्दनाबाट सुरु हुन्छ । जैनग्रन्थ समवांगन सूत्र र पण्णवणा सुत्रमा लेखन कलाको बारेमा उल्लेख भएको छ । साथै जैनग्रन्थमै २ प्रकारको लिपिको प्रचलन रहेको वर्णन गरिएको छ । त्यसमध्ये एउटा १२ अक्षर भएको र अर्को १८ अक्षरको थियो । यसबाट पनि त्यसवेला लेखन कलाको अस्तित्व रहेको स्वीकार गर्न सकिन्छ ।

(४) **विदेशीहरूको वर्णन :–** भारतमा विभिन्न समयमा भ्रमण गर्ने विभिन्न विदेशी यात्रीहरूले पनि यहाँ लेखन कलाको अस्तित्व भएको कुरा आफ्नो विवरणमा प्रस्तुत गरेका छन् ।

सिकन्दरको भारत विजय अभियानको वेला आएका नियार्कसले केही समयसम्म भारतमा रहँदा त्यहाँको सामान्य जनजीवनको चर्चा गरेका छन् । यसै सन्दर्भमा उनले यो पनि लेखेका छन् कि यहाँका निवासीहरू कपास र कपडाको टुक्राबाट कागज बनाउन जान्दथे । यसबाट त्यसवेला लेखनकलाको अस्तित्व रहेको जानकारी मिल्छ ।

यस्तै मौर्यकालमा राजदूतका रूपमा आएका 'मेगस्थनिज' ले पनि आफ्नो 'इण्डिका' नामक ग्रन्थमा त्यसवेला यात्रुहरूलाई दूरीको जानकारी दिन प्रत्येक १०।१० स्टेडियाको फरकमा पत्थर गाडिएको थियो भनी वर्णन गरेका छन् । यसबाट लेखनकलाको प्रचलन त्यसवेला भै सकेको पाइन्छ ।

यस्तै प्रकारसंग भारतमा भ्रमणको लागि आएका चिनिया यात्रीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि भारतमा लेखनकलाको आविस्कार धेरै अगाडि भएको उल्लेख गरेका छन् । यसबाट पनि लेखनकलाको प्राचीनतालाई धेरै अगाडिको स्वीकार गर्न सकिएको छ ।

(ख) पुरातात्विक स्रोत :– साहित्यिक स्रोतको साथसाथै पुरातात्विक स्रोतको सहायताबाट पनि लेखनकलाको प्राचीनताको बारेमा धेरै कुराको पुष्टि मिल्छ । यस अन्तर्गत धातु, हस्थी दन्त, प्रस्तर तथा माटामा लेखिएका वस्तुहरू नै प्रमाणको रूपमा आउँछन् ।

(१) मौर्य अभिलेख :– ईसाको तेस्रो शताब्दी पूर्वतिर भारतका मौर्य सम्राट अशोकको अभिलेख प्राप्त हुन्छ । भारतमा प्राप्त प्रामाणिक शिलालेख नै यो हो । यसपछि मात्र सिलसिलाबद्ध अभिलेखहरू पाइन थाल्छन् । अशोकका अभिलेखहरू, चट्टान, गुफा र प्रस्तर स्तम्भमा पाइन्छन् । यिनीहरूमा ब्राह्मी तथा खरोष्टी लिपि कुँदिएको पाइन्छ । अशोकको अभिलेख तेस्रो शताब्दी ई. पू. मा आएर देखा परेता पनि अशोक भन्दा धेरै वर्ष अगाडि देखि नै लेखनकलाको विकास भइसकेको देखिन्छ । जस्तो अशोककालीन ब्राह्मीलिपिको वर्णको विविध रूप पाइन्छ । यसैले यसबेला आउँदा वर्णको विकास भएको देखिन्छ । संभवतः यस्तो वर्णको विकास हुन धेरै समयको आवश्यकता परेको थियो । यतिमात्र होइन, अशोकको पालामा अक्षरहरू ज्यामितीय आकृति, सरल रेखा, वृत्त, कोण, त्रिकोण आकारमा निर्मित छन् । साथै अशोकको अभिलेखमा संयुक्ताक्षर पनि प्रयोग भएको देखिन्छ । यसको लागि अवश्य पनि लामो अवधिको अभ्यासको आवश्यकता परेको थियो होला । अशोक भन्दा अगाडिका अभिलेखहरू संभवतः स्थायी वस्तुमा नलेखिएको हुनाले समयको क्रममा नष्ट भएर गए होलान् । अशोकले पछि यसलाई स्थायी रूप दिन ढुङ्गामा कुँद्न लगाए होलान् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) प्राक मौर्य अभिलेख :– विद्वानहरूले प्राप्त केही अभिलेखहरूलाई सम्राट अशोक भन्दा अगाडि लेखिएको दाबी गरेका छन् । खासगरेर यस अन्तर्गत एरण मुद्राहरूमा लेखिएका लिपि पर्दछन् । बुलरले यस लिपिलाई ई. पू. ४०० तिर लेखिएको बताउँछन् । साथै उनले यसलाई त्यस कालतिरको मान्दछन्, जुनवेला ब्राह्मी दायाँ र बायाँ दुवै तर्फबाट लेखिने गरिन्थ्यो। यस्तै भट्टिप्रोलुको द्रवीड अभिलेख, तक्षसिला महास्थानको प्रस्तर अभिलेख, सोहगौरा ताम्रापत्र तथा पिप्रहवाको स्तूपको कलशको अभिलेख प्राचीनताको दृष्टिले महत्त्वपूर्ण छन् । खासगरेर यी अभिलेखहरूमा अशोककालीन ब्राह्मी लिपिको प्रारम्भिक विशेषताहरू देखा परेको हुनाले यिनलाई प्राक मौर्यकालीन अभिलेख मानिएको छ । जेहोस्, यसबाट ब्राह्मीलिपि देखापर्नु अगाडि देखि नै लेखनकलाको विकास भइसकेको थाहा हुन आएको छ ।

(३) सिन्धु लिपि :– पुरातात्विक प्रमाणमा देखा परेको सबैभन्दा महत्त्वपूर्ण प्रमाण नै सिन्धु लिपि हो । सिन्धुघाटीको उत्खनन हुनुभन्दा अगाडिसम्म यसको प्राचीनतालाई पुरातात्विक प्रमाणमा प्राक मौर्यकालसम्म धकेल्न सकिन्थ्यो । तर सिन्धु सभ्यताको उत्खननमा पाइएका 'लिपि' का नमूनाहरूले भारतवर्षमा लिपिको सुरुवात कमसे कम ३ हजार ई. पू. सम्म अगाडि जान सकिन्छ । हुन त यस लिपिलाई स्पष्ट रूपमा पढ्न सकिएको छैन र यसको उत्पत्तिको सम्बन्धमा पनि विद्वानहरूमा अनेक मत छ । तर यो निश्चय पनि हो कि यो एक विशिष्ट प्रकारको लिपि नै थियो जसले त्यसवेला निकै लोकप्रियता हासिल गरेको थियो । विद्वानहरूमा कसैले यसलाई चित्रात्मक लिपिको संज्ञा पनि दिएका छन् । जेहोस्, सिन्धु लिपिले लेखनकलाको प्राचीनताको बारेमा निकै महत्त्वपूर्ण तथ्य हामीलाई दिएको छ । सिन्धु लिपिलाई मध्यनजर राखेर विद्वानहरूले यो पनि निष्कर्ष निकालेका छन् कि भारतवर्षमा लेखनकला एक स्वतन्त्र रूपमा विकसित भई फैलिएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय १०

हिन्दू समाजमा मूर्तिपूजाको प्राचीनता (Antiquity of Image Worship in Hindu Society)

प्रारम्भिक मानवहरूले प्रकृतिमा घट्ने विभिन्न घटनाहरूलाई आश्चर्यको रूपमा हेर्न थालेका थिए। यस्ता घटनाहरूमा हुरी, आँधी, आकाशको गड्याङगुडुङ तथा सूर्यको उदय आदि थिए। हुरी आँधीले मानवलाई त्रस्त बनाउँथ्यो भने सूर्यको न्यानो प्रकाशमा उनीहरूले संतोषको सास लिन पाउँथे। तत्कालीन मानवले यस्ता घटनाहरूको जिम्मेवारको रूपमा कुनै अदृश्य शक्ति रहेको कल्पना गरे। यसैले उनीहरूले भयानक घटनाहरूबाट सुरक्षित हुन र लाभदायी घटनाहरूको आगमनको लागि त्यो अदृश्य शक्तिलाई पूजा र प्रार्थना गरी खुसी पार्न कोसिस गरे। मानवको यही काल्पनिक शक्ति पछि आएर दैवी शक्तिको रूपमा परिणत भयो। यही दैवी शक्तिलाई मानव समाजले कुनै न कुनै रूपमा भएपनि अद्यापि पनि धार्मिक संस्कारको रूपमा स्वीकार गर्दै आएको छ। यसै सन्दर्भमा मानव विकासको क्रममा मूर्ति पूजाले पनि महत्त्वपूर्ण स्थान लिएको देखिन्छ।

हिन्दूहरूको प्राचीन सभ्यता सिन्धुघाटीको सभ्यताको उत्खननमा विभिन्न मूर्तिहरूको अवशेष प्राप्त भएका छन्। तर ती सबै मूर्तिहरू उपासना-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को दृष्टिबाट निर्मित भएका हुन् त ? भन्ने सम्बन्धमा ठोस निर्णय दिन सकिएको छैन । यहाँ प्राप्त भएका विभिन्न मोहरहरूमा अंकित छापबाट यी मोहरहरू भने उपासनाको दृष्टिबाट महत्त्वपूर्ण रहेको देखिन्छ । सिन्धुमा प्राप्त मोहरमा अङ्कित छापबाट विद्वानहरू यो निष्कर्षमा पुगेका छन् कि त्यसवेला देवमूर्तिहरू बनाई पूजा गर्ने परम्परा थियो । एउटा मोहरमा योगीको आसनमा बसेको मूर्तिलाई सरजोन मार्शलले शिवको स्वरूप भनी स्पष्ट उल्लेख गरेका छन् । यस्तै त्यसवेला वृक्ष, नाग आदिको पनि पूजा गर्ने परंपरा भएको थाहा हुन्छ । आर. पिं. चन्दले मोहनजोदडो र हरप्पाको उत्खननबाट त्यसवेला मूर्ति पूजाको बारेमा प्रशस्त प्रकाश पार्ने कुरा उल्लेख गरेका छन् । विभिन्न नारी मूर्तिहरूबाट त्यसवेला मातृ पूजाको अस्तित्वलाई पनि स्पष्ट स्वीकार गरेको पाइन्छ ।

प्राचीन ग्रन्थ ऋग्वेदमा पनि मूर्तिपूजाको सन्दर्भमा धेरै कुरा उल्लेख भएको देखिन्छ । तर केही विद्वानहरूले ऋग्वेदको वर्णनमा मूर्तिपूजाको अस्तित्व रहेको स्वीकार गर्दैनन् । यसमा म्याक्समुलर र म्याकडोनेल प्रमुख छन् । म्याक्समुलरका अनुसार वेदको धर्ममा कुनै मूर्तिहरू परिचित थिएनन् । यस्तै अर्का विद्वान एच. विलसनका अनुसार वेदको पूजा घरायसी पूजा थियो, जो घरमा गरिन्थ्यो र अदृश्यरूपमा हुन्थ्यो । यसैले वेदको धर्ममा कुनै मूर्ति थिएन । म्याकडोनेलले पनि ऋग्वेदमा कुनै पनि मन्दिर र मूर्तिको बारेमा स्पष्ट उल्लेख नपाइएको आधारबाट त्यसवेला मूर्तिपुजाको अस्तित्व स्वीकार गर्दैनन् ।

तर वेदको विभिन्न प्रसंगहरूमा त्यसवेला मूर्तिपूजाको स्थान रहेको स्वीकार गर्न सकिन्छ । ऋग्वेदमा रुद्रको बारेमा उल्लेख गर्दै भनिएको छ –'उनका बलिया हात खुट्टा, डरलाग्दो स्वरूप र सुनौलो रंगमा उनी चित्रित छन् ।' यस्तै वरुण देवताको प्रसंगमा उनले 'सुनौलो रंगको कोट लगाएको' भन्ने उल्लेख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मरूतको बारेमा 'यिनलाई प्राप्त गर्न हामी अहिले प्रार्थना गर्छौं' भन्ने प्रसंगहरूबाट त्यसवेला मूर्तिपूजाको अस्तित्व रहेको स्वीकार गर्न सकिन्छ। यस्तै ऋग्वेदमै 'ईन्द्राग्नि सुम्भतानर' बाट पनि त्यहाँ इन्द्रको मूर्ति बनेको उल्लेख पाउन सकिन्छ। ईन्द्रलाई वेदमा 'सुशीप्र' (राम्रो मुहार भएको), रुद्रलाई 'कपर्दिन' (जटाधारी) र वायुलाई 'दर्शत' (आँखालाई मोहित पार्ने) भनिएको छ। यस्तै ऋग्वेदको 'कस्ले मेरो ईन्द्र १० गाईमा किन्न सक्छ ?' भन्ने प्रसंगको सम्बन्धमा वेंकटेश्वर भन्दछन्- त्यसवेला ईन्द्रका मूर्ति बन्दथे, जो कुनै जात्राको लागि किरायामा बनेका थिए। ऋग्वेदकै अर्को प्रसंगमा 'ईन्द्रश्य कर्ता स्वपस्तमोभूत' भनिएकोबाट पनि मूर्तिपूजाको अस्तित्वलाई स्वीकार गरिएको पाइन्छ। मरुत देवतालाई वेदमा भनिएको छ - 'ए! मरुत मन्दिरमा दिइएको यो तिम्रो भाग स्वीकार गर।' यस प्रसंगबाट पनि वैदिक कालमा मूर्तिपूजाको स्पष्ट झलक पाइन्छ। यस आधारबाट वैदिक आर्यहरूको धार्मिक अभ्यासमा मूर्तिपूजा रहेको स्वीकार गर्न सकिन्छ। वैदिक देवताको प्रसंगमा वेंकटेश्वर र बोल्लेन सिनले देवताको स्वरूप मानवाकारमा रहेको उल्लेख गरेका छन्। तर यस कुरालाई किथले स्वीकार गरेको देखिदैन। यिनका अनुसार देवताको अस्तित्व मानवाकारमा रहेको भन्न सुहाउँदैन। तर प्रसंग हेर्दा ऋग्वेदको दोस्रो मण्डलको ९ वाँ सूक्तमा रुद्रको चित्रित मूर्तिको बारेमा उल्लेख गरिएको छ। तेस्रो सूक्तमा बज्रबाहु, पाँचौं सूक्तमा खैरो रंग र सुन्दर नाक भएको र दशौं सूक्तमा उनले धनु र काण पक्डेको, सुन्दर निस्कको माला लगाएको भनी उल्लेख गरिएको छ। मानवाकार स्वरूपमा देवताको मूर्ति बनाई पूजा गर्ने परम्परा त्यसवेला भएको हुनाले नै यस्ता प्रसंगहरूको उल्लेख गरिएको पाइन्छ।

साथै विद्वानहरूले ऋग्वेदमा उल्लिखित 'शिस्नदेवा' (अर्थात लिंग पूजक)लाई सिन्धुघाटीमा प्राप्त केही लिंग स्वरूपका मूर्तिहरूसंग तादात्म्यता देखाउँदै ऋग्वेदमा पनि यस प्रकारको लिंग पूजाको प्रचलन खास गरेर अना-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थहरूमा रहेको उल्लेख गरेका छन् । पछि आर्यहरूले पनि यसलाई आत्मसात गरेको सम्भव देखिन्छ ।

माथिका धेरै प्रसंगहरूले वैदिक ग्रन्थहरूमा मूर्तिपूजाको अस्तित्व रहेको उल्लेख गरेका छन् । खास गरेर त्यसवेला ईन्द्र, अग्नि, मित्र, वरुण, उषा, अदिती आदि देवी देवताको सम्बन्धमा प्रशस्त उल्लेख पाइएको हुनाले यिनी-हरूको मूर्ति बनाई पूजा गरिने परम्परा रहेको कुरा स्वीकार गर्न सकिन्छ ।

उपनिषद्मा भक्तियुगको सुभारम्भ हुन गयो । त्यसवेला ब्रह्म, आत्मा र जगतको सम्बन्धमा अनेक दार्शनिक विचारहरूले प्रवेश पाएका थिए । तर यस पछिको सूत्र साहित्यले मूर्तिपूजाको बारेमा धेरै कुराको उल्लेख गरेको छ । आपस्तम गृहसूत्रमा ईशान, मिदुषी र जयन्तको मूर्तिलाई घर मालिकले एक ठाउँबाट अर्को ठाउँ लैजान्थे भन्ने उल्लेख पाइन्छ । यस्तै पारस्कर गृहसू-त्रमा विद्यार्थीलाई उपदेश गरिएको छ कि रथबाट देवताको मूर्ति तर्फ जाँदा त्यहाँ पुग्नु अगावै रथबाट ओर्लनु पर्दछ । यसबाट त्यसवेला स्पष्ट रूपमा देव ताका मूर्तिहरू बन्ने गरेको उल्लेख पाइन्छ ।

महाकाव्य कालमा पनि मूर्तिपूजाको बारेमा धेरै सन्दर्भहरूले उल्लेख गरेका पाइन्छन् । महाभारतको नारायणीय खण्डमा उल्लेख गरिएको छ कि नारद एक पटक नर र नारायणलाई दर्शन गर्न बदरीकाश्रम जान्छन् । नारा-यण त्यसवेला धार्मिक अनुष्ठानमा लागेका थिए । नारदले नारायणसंग प्रश्न गर्छन् – 'तपाइँ कस्को पूजा गर्नु हुन्छ ? जबकि तपाइँ स्वयम् नै परमेश्वर हुनु हुन्छ' । नारायण भन्छन् – 'म आदि प्रकृतिको पूजा गर्छु, जो सत एवं असत सवैको योनी हो' यसबाट महाभारतमा आदि प्रकृतिको साथै मानवाकार रूपमा ईश्वरको सत्तालाई स्वीकार गरेको पाइन्छ । यसको साथै महाभारतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभिन्न तीर्थहरूको बारेमा उल्लेख गरेको देखिन्छ । यी तीर्थहरू मध्ये पुण्डरिक तीर्थमा सालिग्राम र जेस्थिल तीर्थमा विश्वम्भर भएको कुरा पनि उल्लेख भएको छ ।

यस्तै मूर्तिपूजाको सन्दर्भमा पाणिनी, पतंजली तथा मनुले पनि आफ्नो ग्रन्थहरूमा प्रकाश पारेका छन् । पाणिनीको सूत्रले त्यसबेला यक्ष र नागको मूर्तिपूजा गर्ने वर्णन गरेको छ । पतंजलीले पनि शिव, स्कन्ध, विशाखा देवताका मूर्तिहरू पूजा गर्नको लागि बनाइन्थे भन्ने उल्लेख गरेका छन् । मनुस्मृतिमा भगवानको मूर्तिलाई धेरै महत्त्वपूर्ण मानिएको छ । साथै मनुस्मृतिको धेरै ठाउँमा 'दैववतम्' भन्ने वाक्य पनि उल्लेख भएको पाइन्छ । जो देवताका मूर्ति हुने कुरामा विश्वास लिन सकिन्छ । मनुस्मृतिकै अर्को प्रसंगमा मन्दिर र मूर्ति बिग्रेकोले त्यसको जिर्णोद्धार गरेको कुरा पनि उल्लेख गरिएको छ ।

मौर्यकालमा आउदा यसको स्वरूप स्पष्ट भएको पाइन्छ । सम्राट अशोकको अभिलेखमा उल्लिखित 'देव्यानी रूपानी' शब्दलाई विद्वानहरूले दैव मूर्तिसँग सम्बन्धित मानेका छन् । प्राप्त भएको हर र पार्वतीको मूर्तिलाई विद्वानहरूले मौर्यकालीन कलाको उदाहरण भनी स्वीकार गरेका छन् । यसबाट भारतको मौर्यकालमा पनि देवताका मूर्तिहरू बनाई पूज्ने परम्परा विस्तार भएको मान्न सकिन्छ । यस पछिको सुंग कालमा पनि यसको अस्तित्व विद्यमान थियो । पटनामा पत्तालागेको एउटा उभिएको प्रस्तर मूर्तिलाई जैसवालले श्री सुंग राजाका प्रतिमा बताएका छन् । कुशाण कालमा पनि प्रशस्त मूर्तिहरू बन्ने परम्पराले विस्तार पायो । त्यस बेलाका कुशाण राजा विभकदफिस र कनिस्कका प्रस्तर मूर्तिहरू प्राप्त भएका छन् । साथै कुशाण राजाहरूको मुद्रामा 'ईश्वर' शब्दको प्रयोग पनि गरिएको छ । यसबाट दैव प्रतिमाको स्थान त्यसबेला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यापक रहेको मान्न सकिन्छ । कुशाण कालमा बनेका-बासुदेव, यक्ष, गजलक्ष्मी-का मूर्तिहरू महत्त्वपूर्ण छन् ।

नेपालको प्रसंगमा आउँदा पनि मूर्तिपूजाले ईसाको सुरुका शताब्दी देखि नै लोकप्रियता पाइसकेको देखा पर्छ । प्रामाणिक रूपमा पाँचौं शताब्दी तिर मान-देव प्रथमको पालामा आएर देखापरेता पनि लिच्छवी कालको विशेषता भन्दा भिन्दै शैलीमा बनेका केही मूर्तिहरूलाई किरात कालीन उदाहरण भित्र राख्न पनि सकिन्छ । संभवतः भारतको कुशाण कालीन मूर्तिहरूको शैली अनुरूप यहाँ पनि धेरै मात्रामा मूर्तिहरू बनेका थिए । त्यसताका यस्ता मूर्तिहरूमा यक्ष, गजलक्ष्मी, शिवलिङ्ग आदि छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय ११

मुद्राको प्राचीनता (Antiquity of Coinage)

प्रारम्भिक अवस्थाका मानव जङ्गली नै थिए। यस्तो अवस्थामा मानवको आवश्यकता पेट भर्नु बाहेक अर्को थिएन। यस्तो सीमित आवश्यकता भएको मानवप्राणीलाई प्रकृतिले नै सबै कुरा पुऱ्याएको थियो। समयको गतिसंगै मानव मस्तिष्कले पनि क्रमशः विकास गर्दै गयो। मानवहरू सुस्त सुस्त समूहमा रहन थाले तथा उनीहरूले मूल पेशाको रूपमा कृषि व्यवसाय-लाई अनुशरण गरे। अब मानवका इच्छा र चाहना पनि सीमित भै रहन सकेनन्। उनीहरूको विविध आवश्यकता ऊ आफूले मात्र पुरा गर्न सकेन। यसको लागि अर्को व्यक्तिसंग उसले सम्बन्ध कायम गर्न कर लाग्यो। यस प्रकारसंग एउटालाई आवश्यकता परेको वस्तु लिन उसलाई कुनै वस्तु सट्टा-मा दिएर व्यवहार चलाउने परम्पराले महत्त्वपूर्ण स्थान ओगट्यो। यसैलाई नै वस्तु विनिमय प्रणाली भनिन्छ। यस प्रकारको वस्तु विनिमय गर्ने परम्परा मुद्राको उद्भव हुनु अगाडिको हो। त्यसैले मानव सभ्यताको प्रारम्भिक चरणमा वस्तु विनिमय परम्पराले महत्त्वपूर्ण स्थान लिएको देखिन्छ।

सिन्धु सभ्यताको उत्खननमा स्पष्ट मुद्राको स्वरूप प्राप्त नभएकोले त्यसवेला वस्तु विनिमय प्रणाली भएको कुरा विद्वानहरूले स्वीकार गरेकाछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिन्धु निवासीहरूका प्रमुख व्यवसाय नै कृषि थियो। तसर्थ त्यहाँ वस्तु विनिमय गर्ने परम्पराको प्राधान्यता रहेको थियो। यसै कुरालाई अल्टेकरले पनि स्वीकार गरेकाछन्।

यसप्रकारको वस्तु विनिमय गर्ने परम्परामा पनि पछि आएर धेरै समस्या देखापर्न आयो। यसमा मुख्य कुरा त के देखियो भने कुनै व्यक्तिलाई आवश्यक परेको वस्तु अर्कोलाई पनि त्यही वस्तु आवश्यक पर्न गयो। यसको साथै कुनै वस्तु प्राप्त गर्न त्यसको सट्टामा कुन वस्तु कति दिने भन्ने समस्या पनि रह्यो। यस कुरालाई ध्यानमा राखेर संभवत सोही समस्याको हल गर्नको लागि कुनै निश्चित वस्तुलाई विनिमयको साधनको रूपमा मान्न थालियो। यसप्रकारको विकास नै मुद्राको प्राचीनताको दोस्रो चरण थियो। ऋग्वेदमा उल्लेख भएको गाई महत्त्वपूर्ण विनिमयको साधनको रूपमा स्वीकार गरिएको छ। ऋग्वैदिक आर्यले गाईद्वारा नै आफ्नो संपूर्ण आवश्यक वस्तुहरूको पूर्ति गर्दथे। यो कुरा ऋग्वेदमा उल्लिखित मन्त्रहरूले पनि देखाउँछन्।

ऋग्वैदिक समयमा गाईलाई विनिमयको साधनको रूपमा मानेजस्तै संसारका विभिन्न भागमा विभिन्न वस्तुलाई विनिमयको साधनको रूपमा मानिने परम्परा पछिसम्म पनि कायम भएको देखिन्छ। युरोप, अमेरिका, मेक्सिको र चीनमा वस्तुको विनिमय अन्नको माध्यमबाट, गरिन्थ्यो। यस्तै अमेरिकाका रेड इन्डियनहरूमा रूवाका माध्यमबाट, मेलानेसियामा सीपी र दाँतबाट तथा क्यारोलिन टापुहरूमा ढुङ्गाका विशिष्ट प्रकारबाट विनिमय हुने गरेको परम्परा पाइन्छ।

तर एउटा महत्त्वपूर्ण कुरा के देखिन्छ भने ऋग्वेदमा गाईको अतिरिक्त 'निष्क' को उल्लेख पनि पाइन्छ। संभवतः गाईबाट मात्र विनिमय गर्दा धेरै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्या देखिन थाल्यो। यसमा मुख्य समस्या त विभाजन गर्नु नै देखियो। कुनै व्यक्तिलाई गाईको मूल्य भन्दा कम वस्तुको आवश्यकता परेमा पनि सिंगै गाई चुकाउनु पर्ने स्थिति देखा पर्‍यो। यस्तै अर्को संग्रहको समस्या पनि थियो। यसै कुरालाई ध्यानमा राखेर ऋग्वैदिक आर्यहरूले संभवत 'निष्क' लाई विनिमयको रूपमा स्वीकार गरे। 'निष्क' गहना विशेष थियो, जो कुनै पनि धातुबाट बनाइन्थ्यो। त्यसवेला सुनको नै अधिकांश मात्रामा प्रयोग भएको हुनाले 'निष्क' पनि सुनबाटै बनाइन्थ्यो भन्न सकिन्छ। ऋग्वेदमा व्यक्तिले राजाबाट 'निष्क' प्राप्त गरेको उल्लेख पाइन्छ। कसैले त निष्कलाई स्वर्ण मुद्राको रूपमा स्वीकार गरेकाछन्। यसप्रकारका निष्कको निश्चित तौल थियो। कुनै विद्वानहरूले भने निष्कलाई सामान्य गहनाको रूपमा स्वीकार गरेकाछन्। उनीहरूको अनुसार ऋग्वेदमा पनि वस्तु विनिमयद्वारा आफ्नो आवश्यकताका वस्तुहरू पूर्ति गरिन्थ्यो। तर ऋग्वैदिक विवरणहरूले 'निस्क' लाई विनिमयको माध्यमको रूपमा स्वीकार गरेको कुरा त्यहाँ उल्लिखित प्रसंगहरूबाट पनि थाहा पाउन सकिन्छ।

निष्कलाई मुद्राको रूपमा स्पष्ट उल्लेख गरेको ब्राह्मण साहित्यमा आउँदा पाइन्छ। पञ्चविंश ब्राह्मणमा यस सम्बन्धी कुराको चर्चा गरिएकोछ। साथै ब्राह्मण ग्रन्थहरूमा निस्क वास्तवमा एक 'कण्ठहार' थियो भन्ने उल्लेख पनि छ। यसको साथै ब्राह्मण ग्रन्थमा 'स्वर्ण खण्ड' को उल्लेख पाइन्छ। यसलाई 'सतमान' को नामले पनि उल्लेख गरिएकोछ। यो सतमान १० रक्ति अथवा १८० ग्रेन बराबरको हुन्थ्यो। A. B. Keith ले ब्राह्मण ग्रन्थमा उल्लिखित 'सतमान' लाई सुनको टुक्रा मानेका छन्, जो कृष्णलको समान थियो।

पतंजलीले आफ्नो महाकाव्यमा 'पनिष्क' शब्दको उल्लेख गरेकाछन्। संभवतः यो निष्क तथा सतमानको एक चौथाई भाग थियो। कसैले पनिष्क-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई एक स्वर्ण सिक्का पनि मानेकाछन् ।

पछि आउँदा सतमानको उल्लेखसंगसंगै कार्षापणको पनि उल्लेख पाइन्छ । पाणिनीको अष्टाध्यायी र बौद्ध ग्रन्थहरूमा यस सम्बन्धी विस्त्रित चर्चा भएको पाइन्छ । विद्वानहरूले कार्षापणलाई पञ्चमार्क सिक्काको साहित्यिक नाम भएको उल्लेख गरेकाछन् । कौटिल्यले आफ्नो ग्रन्थ अर्थशास्त्रमा पनि कार्षापणको उल्लेख गरेको पाइन्छ । जे होस्, चाँदी तथा तामाका मुद्राहरू भने आठौं शताब्दी ई. पू. देखि देखापर्न थाले । अर्थात ६०० ई, पू, देखि स्पष्ट रूपमा मुद्राको स्वरूप पाइन थाल्छन् । यस्ता मुद्राहरूमा पञ्चमार्क सिक्का नै थिए । यसपछि भारतमा विभिन्न गणराज्यहरूको मुद्रा प्राप्त हुन आउँछन् । यस्ता मुद्राहरूमा यौधेय गणराज्यको मुद्रा, पञ्चालको सिक्का, कौसाम्बी जनपदको सिक्का तथा मथुराको सिक्का महत्त्वपूर्ण छन् । यस्तै कुशाण शासकहरूको मुद्राले पनि मुद्राको ऐतिहासिकतामा महत्त्वपूर्ण स्थान राखेको छ । कुशाण शासक विम कदाफिसस, कनिस्क, हुविस्कको मुद्राहरू मौद्रिक विकासको परिप्रेक्षमा त्यतिकै महत्त्वपूर्ण छन् ।

नेपालमा मुद्राको प्रारम्भिक अवस्थाको बारेमा विचार गर्दा पूर्व किरात प्रदेशमा प्राप्त 'खामो' मुद्राहरू पनि महत्त्वपूर्ण नै छन् । यस्तै पञ्चमार्क सिक्काको प्राप्तिले पनि नेपालको मौद्रिक विकासतिर थप जानकारी दिएकाछन् । स्पष्ट रूपमा मुद्रा प्राप्ति भने मानदेव प्रथमको 'मानाङ्क' अङ्कित मुद्राबाट हुन्छ । यसको अतिरिक्त लिच्छवी कालका अभिलेखमा कार्षापण 'पण' पणपुराण र पुराणको उल्लेखले पनि मुद्राको स्वरूपतिर उल्लेख गरेको देखिन्छ । तर यी मुद्राका इकाइसंग लिच्छवी राजाद्वारा प्रचलित मुद्राहरूको कस्तो सम्बन्ध थियो त्यो भन्न भने सकिएको छैन । जे भएता पनि नेपालको मौद्रिक विकासमा यस्ता मुद्राहरूको महत्त्वपूर्ण स्थान देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय १२

हिन्दू वास्तुकलाको उत्पत्ति र विकास
Origin and Development of Hindu Architecture

वास्तुकलाको उत्पत्ति मानव सभ्यता जत्तिकै पुरानो छ । सभ्यताको सँघारमा आइपुग्दा मानवले निश्चित बसोवासको सुभारम्भ गऱ्यो । यसका लागि कुनै निश्चित ठाउँहरूमा स-साना झोपडी बनाएर मानव आफ्नो परिवारको साथ रहन थाल्यो । मानव विकासकै क्रममा मानवले शहरी जीवनको सूत्रपात गऱ्यो । यस क्रममा ठाउँठाउँमा विभिन्न शहरी सभ्यताहरूको विकास हुन गयो । यस्ता विभिन्न शहरहरूमा योजनाबद्ध रूपमा घरको निर्माण भएको देखिन्छ ।

हिन्दू वास्तुकलाको उत्पत्ति कसरी भयो ? भन्ने कुराको सम्बन्धमा निश्चित थाहा पाउन सकिदैंन । तथापि विभिन्न साहित्यिक ग्रन्थहरूले यसको अस्तित्वको बारेमा केही जानकारी दिने गरेकाछन् । हिन्दू धार्मिक ग्रन्थ जस्तो ऋग्वेद, ब्राह्मण ग्रन्थ, स्मृति तथा बौद्ध ग्रन्थ पाली र जातकहरूमा वास्तुकलाको बारेमा धेरै कुरामा प्रकाश पारेकोछ । यिनीहरूले वास्तुकलाको उत्पत्ति र विकासको बारेमा जानकारी दिन नसके पनि तत्कालीन समयको वास्तुकलाको अवस्थाको बारेमा यिनीहरू सहायकसिद्ध बनेकाछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दूहरूको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा वास्तु सम्बन्धी प्रशस्त उल्लेख भएको पाइन्छ । यसमा भवनसंग सम्बन्धित श्लोकहरू पनि पाइन्छन् । ऋग्वेदमा ओस्ती, रिभूको उल्लेख छ जसलाई वास्तुशास्त्री विश्वकर्माका छोरा मानिएकोछ । यिनीहरूलाई ऋग्वेदको धेरै ठाउँमा प्रार्थना पनि गरिएकोछ । ऋग्वेदकै अर्को ठाउँमा 'वातोस्पति' र 'वास्तोयाग' शब्दको उल्लेख गरिएको छ । वातोस्पति भवन निर्माणका देवता थिए र वास्तोयाग नयाँ भवन बनाए पछि प्रवेश गर्ने उत्सव थियो । यसबाट ऋग्वेद कालमा वास्तु अर्थात भवनहरूको अस्तित्व स्पष्ट रहेको देखापर्छ । ऋग्वेदमा स-साना घरका साथै ठुल्ठूला घरहरू पनि बन्ने गर्दथे । त्यसवेला ठूला घरलाई पृथु, संपदन, मही, दीर्घ भनिएकोछ । वरूण देवताको घरलाई यहाँ 'सहस्रद्वार' भनिएको छ । यसबाट भन्न सकिन्छ ऋग्वैदिककालमा विशाल भवनहरू पनि बन्ने गरेका थिए । यस आधारबाट यो पनि स्पष्ट हुन आएको छ कि वास्तुकलाको उदय ऋग्वेदभन्दा धेरै अगाडि भइसकेको थियो । यदि यसो नभएको भए ऋग्वैदिक कालमा यति विशाल भवनहरू बन्न सक्ने थिएनन् । यसको लागि अवश्य पनि एक लामो समयको अभ्यास परेको थियो होला ।

उत्तर वैदिक कालमा आउँदा पनि वास्तुकलाको विकास अर्कै व्यापक भएको देखिन्छ । अथर्ववेदमा भवन निर्माण सम्बन्धी थुप्रै कुराहरू परेकाछन् । यसमा घरको सम्बन्धमा उल्लेख हुन आउँदा वंश (beam), स्थुन (pillor) को उल्लेख परेको छ । यसको साथै उत्तरवैदिक कालमा आउँदा धेरै प्रकारका घरहरूको बनावटको बारेमा उल्लेख भएको पाइन्छ । यिनीहरूमा दुईसुरे, चारसुरे, आठसुरे र दश सुरे थिए । यसका अतिरिक्त ऋग्वैदिक कालमा देखापरेका वास्तुदेवता 'वातोस्पति' लाई उत्तर वैदिककालमा आउँद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरको रक्षकको रूपमा मानी पूजा गरेको पाइन्छ ।

यस्तै ब्राह्मण ग्रन्थहरूमा पनि वास्तुकलाको विकसित स्वरूप देखिन्छ । तत्कालीन ग्रन्थहरूमा 'युप, वेदी, श्मशान' को उल्लेख पाइन्छ । ऐतरेयब्राह्मण र सतपथ ब्राह्मणमा 'युप' बनाउने विवरण पाइन्छ । यसको साथै श्मसानलाई विद्वानहरूले बौद्ध वास्तुकला अन्तरगत चैत्यको पूर्वरूप मानेकाछन् ।

सूत्रकालमा आउँदा पनि वास्तुकलाको विकास अझै विस्त्रित रूपले भयो । सांख्यायान र अस्वालायान गृहसूत्रमा वास्तुसम्वन्धी थुप्रै उदाहरणहरू परेका छन् । सांख्यायनको सूत्रले घर बनाउँदा गरिने विभिन्न विधिको उल्लेख गरेको छ । यस अनुसार सर्वप्रथम जहाँ घर बनाइन्छ, त्यहाँ उदुम्बर वृक्षको हाँगाले ३ लाइन कोर्नु पर्छ र त्यहाँ खाल्डो खन्नु पर्छ । उक्त खाल्डोमा मुख्य खम्वा गाडेर पूजा गर्नु पर्छ भनिएको छ । साथै उक्त ग्रन्थमै सो पूजा गर्ने विधिको वारेमा पनि उल्लेख गरिएको छ । यसका अतिरिक्त सूत्र साहित्यमा घरको विभिन्न भागलाई विभिन्न प्रतीक स्वरूप मानिएको छ । जस्तो गजुरलाई भाग्यको प्रतीक, संघारलाई दिन र रातको, छानोलाई वाक्य (वोली) को प्रतीक मानिएको छ । साँख्यायनको सूत्रमा कसरी घरहरू बनाउने, स्थान कसरी चुन्ने आदि सम्बन्धमा धेरै कुराहरू परेका छन् । यस अनुसार सर्वप्रथम वृक्ष र झाडी भएको ठाउँ हेर्नुपर्छ । साथै माटोको छनौट गर्दा पनि सर्वप्रथम घर बनाउँने ठाउँमा खाल्डो खन्ने र त्यही माटोले त्यो खाल्डो पुर्दा यदि टम्म भरिएन भने त्यहाँ घर बनाउन छोडिदिनु, माटो ठिक्क भयो भने मध्यम मान्नु र माटो बढी हुन गएमा उत्तम खालको भन्ने ठानी घर बनाउनु भनी भनिएको छ । यस्तै अर्को विधिअनुसार घर बनाउने ठाउँमा पानी छोडिदिने र अर्को दिन हेर्दा यदि त्यहाँ पानी देखियो भने त्यो उत्तम, चिसो मात्र रहेमा मध्यम र सुख्खा देखिएमा घर बनाउन वर्जित गरिएको छ । यसवाट सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालमा वास्तुकलाको निकै विकास भएको देखा पर्छ ।

महाकाव्यकालमा पनि वास्तुकलाको अझै विकास भएको देखिन्छ। महाकाव्य अन्तरगत रामायण र महाभारत ग्रन्थहरू आउँछन् । यी ग्रन्थ-हरूमा किल्ला, शहर, दरवार आदिको स्पष्ट उल्लेख पाइन्छ । रामायणमै धेरै तले भवनहरूको उल्लेख पाइन्छ । यस्ता भवनहरू गजुरले सुशोभित हुन्थे । रामायणमा 'विताङ्क' र 'वलभी' नाम बास्तुकला मर्मज्ञको रूपमा लिइएको छ। साथै त्यसैमा किल्लाहरूको उल्लेख पनि पाइन्छ । त्यस्ता किल्लाहरूमा नदीय, वन्य, पर्वत्य र कृतृम गरी ४ भागमा बाँडिएको छ । त्यसवेला अनेकौं भवनहरू सृंगार गर्ने क्रममा त्यहाँ विभिन्न चित्र र मूर्तिहरू राख्ने परम्परा थियो । रामायणमा दशरथ वेदीको उल्लेख पाइन्छ । यो वेदी गरुड-को पखेटाको आकारको थियो । यसको साथै रामायणमा 'शिलागृह' को उल्लेख पाइएको हुनाले ढुङ्गाबाट घरहरू बनाउने गरिन्थ्यो भन्न सकिन्छ ।

महाभारतमा आउँदा वास्तुकला संवन्धी थुप्रै विवरणहरू पाउन सकिन्छ । महाभारतमा 'शान्ति' या 'मंगलम्' वाक्यको उच्चारण नयाँ घर प्रबेश गर्ने वेलामा प्रयोग गरिन्थ्यो । यसैवेला विश्वकर्मालाई बास्तुकलाको गुरुको रूपमा मानिएको पाइन्छ । यिनले भगवानकोलागि धेरै घरहरू र रथहरूको निर्माण गरेका थिए । यसको साथै महाभारतमा आउँदा ६ प्रकारका किल्ला-हरूको उल्लेख पाइन्छ । यिनमा धन्वदुर्ग (मरूभूमी), महीदुर्ग (पृथ्वी), गिरी-दुर्ग (पहाड), मनुष्यदुर्ग, मृददुर्ग (बनावटी) र वनदुर्ग थिए । महाभारतमा किल्लाहरू खास गरेर खाइहरूले घेरिएका हुन्थे जो चाक्लो र गहिरा थिए । किल्लाहरूको रेखदेखको लागि पालेपहरा राखिन्थे । यसका साथै महाभारतमा साधारण घरहरूको उल्लेख पनि पाइन्छ । महाभारतमा पुष्पक र सर्वतोभद्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को साथै हर्म्य, सौदा, विमान र प्रासादको उल्लेख छ। यसमा हर्म्य साधारण किसिमका घर र यो पछि सौदा, विमान र प्रासाद क्रमश ठूला प्रासादहरू थिए। महाभारतमै नगर र पुर को पनि उल्लेख गरी त्यसमा प्रयोग भएका ठूला ठूला बाटो घाटोहरूको वर्णन गरिएको छ। यी प्रमाणहरूबाट महाभारत कालमा वास्तु कलाको उन्नति भएको थियो र त्यसवेला अनेकौ किसिमका घरहरूबन्दथे भन्न सकिन्छ।

विभिन्न बौद्ध जातक ग्रन्थहरूमा पनि वास्तुकलाको बारेमा प्रशस्त उल्लेख भएको पाईन्छ। एउटा जातक ग्रन्थहरूमा वाथूविजाचार्य को उल्लेख छ जो वास्तु आचार्य नै हुनसक्छन्। विश्वकर्मालाई जातक ग्रन्थमा ईन्द्रको आज्ञा अनुसार कार्य गर्छन् भनिएको छ। महाकाव्यमा उल्लेख भएजस्तै एक जातक कथामा पनि राजकुमारले प्रासाद मंगलम उत्सव मनाएका थिए। त्यसवेला विभिन्न प्रकारका दरबारहरूको उल्लेख पाइन्छ जसमा कोकोनाद पासाद र पुप्फकनाम पासाद प्रमुख थिए। यसको साथै जातककालमा अनेकौं देवी देवताका मन्दिरहरू पनि बनेका थिए, जसलाई देवकूल, भनिन्थ्यो। एउटा जातक ग्रन्थमा घर रंगाउने र लेपन लगाउने उल्लेख भएको पनि पाइन्छ।

यस्तै बौद्ध पाली ग्रन्थहरूमा पनि वास्तुकलको धेरै उदाहरणहरू पाइन्छन्। परम्परा अनुसार बुद्धले आफ्ना अनुयायीलाई यस्ता वास्तुहरूमा बस्ने उल्लेख गरेका छन्, यिनमा बिहार, अड्ययोग, प्रासाद, हर्म्य, गुहा (गुफा) आदि पर्दथे। बुद्धघोषको अनुसार हर्म्य यस्तो भवन हो, जो गरूडको पखेटाको आकारको थियो। प्रासादहरू बरन्डा युक्त हुन्थे। यस्ता प्रकारका प्रासादहरू बुद्धको समयतिर ईंटा, ढुंगा, माटो, काठ आदिबाट निर्माण गरिन्थे। यसबाट पाली ग्रन्थहरूले पनि तत्कालीन वास्तुकलाको उन्नतिको उदाहरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिएका छन् ।

विभिन्न पुराणका ग्रन्थहरूको रचनाकालमा पनि वास्तुकलाको उन्नति भएको देखा पर्छ । मत्स्यपुराणको दोस्रो अध्यायमा 'मण्डप लक्षण, "प्रासाद लक्षण र धर्वाहिण 'को उल्लेख पाइन्छ । मण्डप लक्षणमा मन्दिरको साथै अरु धार्मिक भवनहरू आउँथे । यस्तै प्रासाद लक्षणमा दरवार र धर्वाहिणमा भवनको लागि चाहिने सामग्री को उल्लेख भएको छ । स्कन्ध पुराणमा स्वर्ण समागृह, रथ र कल्याण मण्डपको विवरण पाइन्छ । गरूड पुराणमा दरवारको किल्ला धार्मिक मन्दिरको साथै सैनिक र साधारण घरहरूको उल्लेख पनि पाइन्छ यस्तै अग्नि पुराणमा पनि वास्तु शास्त्रको बारेमा उल्लेख गरिएको छ । यस पुराणको नगरादी वास्तु, प्रासाद लक्षण कथन, र प्रासाद लक्षण' यी तीन अध्यायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ । यस्तै ब्रह्म वैवर्त पुराण; ब्रह्माण्ड पुराण, नारद पुराण; वायु पुराण आदिमा पनि वास्तुसँग सम्बन्धित धेरै कुराहरू प्रकाशमा आएका छन् ।

पुराणहरूको आधारबाट पछि विभिन्न आगम ग्रन्थहरूको रचना हुन गयो । यस्ता आगम ग्रन्थहरुमा वैखानसागम, कामिकागम, करनागम आदि प्रमुख छन् । यी ग्रन्थहरूमा वास्तुकलाको उल्लेख मात्र होइन, त्यसमा प्रयोग हुने विभिन्न शैलीहरू जस्तो नागर, द्रवीड र वेसरको विस्तृत उल्लेख पाइन्छ । बास्तवमा त्यसवेला यी आगम ग्रन्थहरूको आधारबाट मात्र भवन निर्माण गरिन्थ्यो । यसबाट पछितिरका कालहरूमा वास्तुकलाको विकास अझै व्यापक रूपमा रहेको देखा पर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भ ग्रन्थहरू

(1) Briton and others — A history of Civilization, Vol. I USA, Prentice hall, 1967.

(2) Brown, Coggin — Pre-historic Antiquities of India, New Delhi, Cosmopublication, 1981.

(3) Burkitt, M. C. — Our Early Ancistor, London, Cambridge University Presss, 1929.

(4) Childe, V. Gordon — What happened in History; Great Britain, Penguin Book, 1964.

(5) ,, ,, — Man Makes Himself; New York, New American Library, 1951.

(6) Clark, Grahm — Archaeology and Society, London University of Paper back, 1960.

(7) ,, ,, — World Pre-history; England, Cambridge University Press, 1961.

(8) Dauids, Rays — Buddhist India, Calcutta, Shusil Gupta Pvt. Ltd., 1959.

(9) Deo. S. B. — Archaeological Investigation in

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

the Nepalese Terai, 1964; Kathmandu: Dept. of Archaeology, H. M. G., 1968.

(10) „ „ Archaeological Excavation in Kathmaneu, 1065 : Kathmandu Dept. of Archaeology HMG, 1968.

(11) Encyclopaedia Britinnica Vol. 26, fifteenth edition, 1986.

(12) Encyclopaedia Americana Vol. 18 American Carporation, 1965.

(13) Fuhrer, A. Antiquities of the Buddha's birth place in the Nepalese Terai, Delhi, Indological Book House, 1992.

(14) Janusch, J. Buetter Origin of man, New Delhi : Wiley Eastern Pvt. Ltd., 1969.

(15) Khanna, Amar Nath Archaeology of India, New Delhi, Clarion Books, 1981.

(16) Keith, A. Antiquity of man Vol. I, London 1925.

(17) Lewis, John Anthropology Made Simple; New York, Doubleday & Company, 1961.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(18) Mishra, Tara Nanda — The Location of Kapilvastu and Archaeological Excavation: Kathmandu, Lumbini Development Committee, 1978.

(19) Mitra, Devala — Excavation at Tilaurakot and Kodan and Exploration in the Nepalese Terai: Kathmandu, Dept. of Archaeology, HMG 1972.

(20) Mukherji, P. C. — Antiquities of Kapilvastu Terai of Nepal; Delhi, Indological Book House, 1969.

(21) Piggot, Sturat — Pre-historic India, Great Britain, Penguin Book Ltd. 1961.

(22) Pradhan, Bhuvan Lal — Lumbini Kapilvastu Devadaha, Kathmandu, Research Centre for Nepal and Asian Studies T. U.

(23) Rizal, B. K. — The Archaeological Remains of Lumbini, Kapilvastu and Devadaha, Kathmandu, Educational Enterprises.

(24) Shankalia, H. D. — Stone Age Tools : Poona, Deccan Cellege, 1964.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(25) „ „ Pre-history and Protohistory in India and Pakistan : Poona 1974.

(26) Sharma, J. L. "17 Millian Years old primates fossils could be link between Man and Ape" Ancient Nepal No. 75 (1983).

(27) Sharma, J. L. "Neolithic Tools from Nepal" Ancient Nepal No. 75 (1983).

(28) Sharma, D. R. "Archaeological Remains of the Dang Valley" Ancient Nepal No. 106 (Jun – July 1988).

(29) Wheeler, M. Archaeology from Earth: England, Penguin Book, 1954.

(३०) शर्मा, जनकलाल हाम्रो समाज एक अध्ययन : काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३९ ।

(३१) शर्मा, डिल्लीराज "नेपालमा नवपाषाण युगको खोजीको सन्दर्भमा पाप्त नवपाषाणकालीन औजार" Nepalese Culture Vol. 6 (1987).

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal